# अर्गानिक कृषि सम्बन्धी ऐन तथा कार्यक्रम कार्यान्वयन कार्यविधिहरूको संगालो

## २०७६




कर्णाली प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत नेपाल

# अर्गानिक कृषि सम्बन्धी ऐन तथा कार्यक्रम कार्यान्वयन कार्यविधिहरूको संगालो

## २०७६

कर्णाली प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

*वीरेन्द्रनगर, सुर्खेत, नेपाल*

# अर्गानिक कृषिसम्बन्धी ऐन तथा कार्यक्रम कार्यान्वयन कार्यविधिहरूको संगालो, २०७६

प्रकाशकः

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत

*नोटः यो पुस्तक सन्दर्भ सामग्री एवम् जानकारीको लागि प्रकाशित गरिएको छ, यसमा कुनै त्रुटी भेटिएमा भूलवश भएको मानिनेछ, अन्तिम आधिकारिकता मन्त्रालयको सक्कल प्रति बमोजिम नै हुनेछ ।*

मुद्रणः

नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि.

वीरेन्द्रनगर, सुर्खेत

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पृष्ठ |
|---|---|---|
| १. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः संक्षिप्त परिचय | १ |
| २. | कर्णाली प्रदेश प्राङ्गारिक ऐन, २०७६ | ७ |
| ३. | अर्गानिक मोडेल कृषि कार्यक्म कार्यान्वयन कार्यविधि, २०७६ | १३ |
| ४. | प्राविधिक विद्यालयमा अर्गानिक कृषि/पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७६ | ३० |
| ५. | लक्षित वर्ग अर्गानिक कृषि प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | ४० |
| ६. | अर्गानिक (प्राङ्गारिक) कृषि मिसन कार्यक्रम संचालन निर्देशिका, २०७६ | ५१ |
| ७. | अर्गानिक कृषिसम्बन्धी शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६ | ६४ |
| ८. | एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफाम अनुसन्धान प्लट स्थापना तथा संचालन कार्यविधि, २०७६ | ७६ |
| ९. | स्थानीय तहका लागि अर्गानिक उत्पादन प्रोत्साहन कार्यविधि, २०७५ | १०१ |

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः संक्षिप्त परिचय

## १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ बमोजिम संघ, प्रदेश र स्थानीय तहको शासकीय तह विभाजन अनुसार गठन भएका सात प्रदेशहरूमध्ये कर्णाली प्रदेश कान्छो र छैठौं प्रदेशका रूपमा परिचित छ । नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णयबाट ६ वटा कार्यक्षेत्र समेट्ने गरी स्थापना भएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको विभागीय मन्त्रीको रूपमा माननीय मन्त्री बिमला के.सी.ले मिति २०७४/११/०६ मा पद बहाल गरी कार्य आरम्भ गर्नुभएको हो । कर्णाली प्रदेश सरकारको मिति २०७४/११/६ को निर्णयानुसार स्वीकृत कर्णाली प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयको ३२ वटा कार्य/जिम्मेवारीहरू रहेको छ ।

## २. मन्त्रालयको दूरदृष्टी, लक्ष्य तथा उदेश्यहरू

### *दूरदृष्टी (Vision):*

अर्गानिक कृषिको माध्यमबाट स्वच्छ, स्वस्थ्य पोषणयुक्त खाद्य र बहुउपयोगी कृषि उपजको उत्पादन वृद्धि गरी आय-आर्जन र रोजगारी सिर्जना गर्दै 'समृद्ध कर्णाली, सुखी कर्णालीबासी'को प्रत्याभूति दिने ।

### *लक्ष्य (Goal):*

अर्गानिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यावसायिक, मर्यादित, वातावरणमैत्री र प्रतिस्पर्धी बनाई कृषकहरूको आय वृद्धि गर्ने |

### *उद्देश्यहरू (Objectives):*

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान/ टेवा पुऱ्याउने ।
२. तुलनात्मक लाभका कृषि उपज प्रबर्द्धन गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउने ।
३. रैथाने बाली र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरी वातावरणमैत्री कृषि प्रबर्द्धन गर्ने ।

## ३. मन्त्रालयको कार्यक्षेत्रः-

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसारः

- भूमि व्यवस्थापन
- गुठी व्यवस्थापन
- कृषि विकास एवम् प्रबर्द्धन
- पशुपंक्षी विकास एवम् प्रबर्द्धन
- सहकारी विकास
- गरिबी निवारण

## ४. प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयका कामहरू

१. कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजनातर्जुमा, कार्यान्वयन र नियमन
२. कृषि तथा पशुपन्छीजन्य रोगकिरा एवम् महामारी नियन्त्रण
३. कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन
४. कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार
५. कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन
६. कृषिउपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बीउबिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन
७. प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभूता र खाद्य गुणस्तर
८. कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रबर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण
९. कृषि मल, बीउ र विषादी आपूर्ति व्यवस्था र नियमन
१०. कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण
११. कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन
१२. कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन
१३. कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार र सञ्चालन
१४. राष्ट्रिय नीति र मापदण्डबमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन
१५. सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रबर्द्धन
१६. चरन तथा खर्कसम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन

१७. कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन
१८. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन
१९. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन
२०. जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पूर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन
२१. संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन
२२. नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना
२३. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन
२४. भूमिहिन सुकुम्बासी, दलित, मुक्तकमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
२५. सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
२६. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन
२७. गुठी तथा गुठीजग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठीजग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय
२८. गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्भेक्षण, सूचना संकलन, गरिब परिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण
२९. सहकारी संस्था, सहकारी संघ सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
३०. सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन
३१. सहकारी सम्बन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका संघसंस्थासँग समन्वय र सहकार्य
३२. सहकारी क्षेत्रको विकास तथा प्रबर्द्धन, क्षमता अभिवृद्धि र परिचालन

## मिति २०७६/०५/०६ गते कर्णाली प्रदेश मन्त्रीपरिषद् वाट पारित भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र मातहतको संगठन संरचना तथा दरबन्दी संख्या

| क्र. सं. | कायम रहेको निकाय | दरबन्दी सङ्ख्या | क्षेणीविहिन पदहरू | इकाई सङ्ख्या |
|---|---|---|---|---|
| १ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ५० | १० | १ |
| २ | कृषि विकास निर्देशनालय (कृषि विकास कार्यालय सुर्खेतको समेत काम गर्ने) | १७ | ४ | १ |
| ३ | पशुपंक्षी विकास निर्देशनालय (पशु अस्पताल तथा पशुसेवा कार्यालय सुर्खेतको समेत काम गर्ने) | १७ | ४ | १ |
| ४ | कृषि विकास कार्यालय दैलेख, सल्यान र जाजरकोट ३*१६ | ४८ | १२ | ३ |
| ५ | कृषि विकास कार्यालय जुम्ला, कालिकोट र रुकुम पश्चिम ३*१५ | ४५ | ९ | ३ |
| ६ | कृषि विकास कार्यालय हुम्ला, मुगु र डोल्पा ३*१३ | ३९ | ६ | ३ |
| ७ | पशु अस्पताल तथा पशुसेवा कार्यालय दैलेख र सल्यान २*१२ | २४ | १२ | २ |
| ८ | पशु अस्पताल तथा पशुसेवा कार्यालय जाजरकोट, जुम्ला र रुकुम पश्चिम ३*११ | ३३ | १२ | ३ |
| ९ | पशु अस्पताल तथा पशुसेवा कार्यालय कालिकोट, हुम्ला, मुगु र डोल्पा ४*९ | ३६ | १२ | ४ |
| १० | कृषि तथा पशुपंक्षी व्यवसाय प्रबर्द्धन प्रशिक्षण केन्द्र | १५ | ३ | १ |
| ११ | एकीकृत कृषि प्रयोगशाला, सुर्खेत (कपुरकोट र हर्रेमा प्रयोगशालाबाटै खटाउने गरी) | १८ | ५ | १ |
| १२ | वागबानी विकास केन्द्र, जुफाल, डोल्पा | ६ | १ | १ |
| १३ | वागबानी विकास केन्द्र, दार्मा, हुम्ला | ६ | १ | १ |
| १४ | सहकारी तथा भूमि रजिष्ट्रारको कार्यालय, सुर्खेत | | | |
| | **कूल जम्मा** | **३०४** | **८१** | **२६** |


# हालै कर्णाली प्रदेश मन्त्रीपरिषद्बाट पारित भूमि व्यवस्था, कृषि तथा सहकारी म

प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

कर्णाली प्रदेश

## संगठन संरचना



# नयाँ संगठन संरचनाअनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका महाशाखा र शाखाहरूको विवरण

<u>महाशाखाहरू</u>

१. योजना महाशाखा
२. कृषि विकास महाशाखा
३. पशुपन्छी विकास महाशाखा
४. प्रशासन तथा सहकारी महाशाखा
५. भूमि व्यवस्था तथा भूमि स्रोत नक्साङ्कन महाशाखा

<u>शाखाहरू</u>

१. योजना, अनुगमन तथा तथ्याङ्कन शाखा
२. नीति, अनुसन्धान, मापदण्ड तथा समन्वय शाखा
३. खाद्य सुरक्षा प्रबर्द्धन शाखा
४. अर्गानिक खेती प्रबर्द्धन तथा जैविक विविधता शाखा
५. कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन तथा बजार विकास शाखा
६. पशुपन्छी विकास तथा उत्पादन शाखा
७. पशु स्वास्थ्य तथा नियमन शाखा
८. प्रशासन तथा जनशक्ति विकास शाखा
९. कानुन तथा फैसला कार्यान्वयन शाखा
१०. सहकारी तथा गरिबी निवारण शाखा
११. आर्थिक प्रशासन शाखा
१२. भूमि सुधार, जग्गा प्रशासन तथा बसोबास व्यवस्थापन शाखा
१३. भू-सूचना प्रविधि तथा भू-उपयोग योजना शाखा

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट उठान भई स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड र नियम

<u>स्वीकृत भएका विधेयक/ऐनहरू</u>

- सहकारी संस्थाहरूलाई व्यवस्थापन गर्न बनेको बिधेयक/ऐन २०७५
- कर्णाली प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक/ऐन २०७५

<u>प्रदेश सभामा पेश भएका</u>

- खाद्य सुरक्षा तथा खाद्य अधिकारको संरक्षण तथा प्रबर्द्धन गर्न बनेको विधेयक, २०७५

<u>मन्त्रिपरिषद्बाट सहमति प्रदान भएका</u>

- कर्णाली प्रदेश जग्गा प्रशासन सम्बन्धी विधेयक,२०७५,
- पशु सेवा तथा पशु स्वास्थ्य विधेयक २०७५,
- माटो तथा मल व्यवस्थापन सम्बन्धी विधेयक,२०७५,
- जीवनाशक विषादी सम्बन्धी विधेयक,२०७५
- कृषि व्यवसाय प्रबर्द्धन सम्बन्धी विधेयक,२०७५
- जलचर संरक्षण विधेयक,२०७५,

# कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६

*कर्णाली प्रदेश सरकारको राजपत्रमा प्रकाशित मिति २०७६ मार्ग १ गते*

**प्रस्तावना** : गुणस्तरीय कृषिजन्य वस्तुको उपभोगमार्फत् नागरिकको संविधानप्रदत्त मौलिक हकलाई व्यवस्थित ढङ्गले उपयोग गर्न, मानव स्वास्थ्य तथा पर्यावरणीय सन्तुलन कायम राख्दै प्राङ्गारिक खाद्यवस्तुको संरक्षण, उत्पादन, बिक्री वितरण र प्रवर्धनमा टेवा पुऱ्याउन कृषि भूमिको उर्बरा शक्ति तथा उत्पादन क्षमतालाई दिगो राख्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन कर्णाली प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) यो ऐन कर्णाली प्रदेशभर लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्राङ्गारिक (अर्गानिक) कृषि" भन्नाले रसायन, रसायनमा आधारित विषादी, हर्मोन, नगल्ने प्लाष्टिक तथा रसायनमा आधारित औषधिहरूको प्रयोग नगरी स्थानीय विशेषतामा आधारित दिगो कृषिका मापदण्ड अपनाई गरिएको कृषि वा कृषिजन्य उत्पादनलाई सम्झनुपर्छ र सो शब्दले पशुपंक्षी पालन तथा वनजन्य खानेकुरा र औषधिजन्य जडीबुटी उत्पादनको एकीकृत प्रणालीलाई समेत जनाउँदछ ।

(ख) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।

(ग) "निर्देशक समिति" भन्नाले ऐनको दफा ११ बमोजिम गठन भएको प्राङ्गारिक कृषि निर्देशक समिति सम्झनुपर्छ ।

(घ) "प्रमाणीकरण" भन्नाले तोकिएको वैज्ञानिक प्रक्रिया अपनाई कुनै कृषि, वन तथा पशुपंक्षीजन्य उपजको निर्धारित गुणस्तर कायम गर्नको लागि पूरा गर्नुपर्ने शर्तहरू पूरा भएको सुनिश्चितताको लागि दिइने आधिकारिक प्रमाणपत्र वा मान्यतालाई सम्झनुपर्छ ।

(ङ) "प्रमाणीकरण निकाय" भन्नाले तोकिएको वैज्ञानिक मापदण्ड अनुसार उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, भण्डारण, ढुवानी र लेबलिङ्ग सुनिश्चित गर्ने निकायलाई सम्झनुपर्छ ।

(च) "मापदण्ड" भन्नाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताबमोजिम तयार गरिएको प्राङ्गारिक कृषिका आधार सम्झनुपर्छ ।

(छ) "खाद्य योगशील (फुड एडिटिभ)" भन्नाले खाद्य वस्तुको गुणस्तर (पोषण तत्त्व, बास्ना, स्वाद, एकरूपता, भण्डारण क्षमता र आकर्षण) बढाउन प्रयोग गरिने खाद्यवस्तुको पूरक सम्झनुपर्छ ।

(ज) "प्रतिबन्धित वस्तु" भन्नाले प्राङ्गारिक (अर्गानिक) उत्पादन, भण्डारण, प्रशोधन तथा वितरण प्रक्रियामा प्रयोग गर्न आधिकारिक निकायले प्रतिबन्ध लगाएको वस्तु सम्झनुपर्छ ।

(झ) "सूचक-पत्र (लेबलिङ्ग)" भन्नाले सार्वजनिक जानकारी तथा बिक्री प्रवर्धन गर्ने उद्देश्यले लेखिएको वा प्रिन्ट गरी उत्पादित वा प्रशोधित वस्तुमा लगाइएको छाप वा पूर्जा वा विवरणलाई सम्झनुपर्छ ।

(ञ) "प्रमाणीकरण चिन्ह" भन्नाले प्रमाणीकरण निकायले तय गरेको शर्तहरू पूरा गरेको भनी प्रमाणीकरणको लागि दिइने सङ्केत, चिन्ह वा प्रतीकलाई सम्झनुपर्छ ।

(ट) “साझेदार निकाय” भन्नाले प्राङ्गारिक (अर्गानिक) कृषि विकासको लागि आर्थिक तथा प्राविधिक रुपमा सहयोग गर्ने सरकारी, गैरसरकारी, सहकारी, सामुदायिक र निजी कम्पनीसमेतलाई सम्झनुपर्छ ।

(ठ) “आनुवांशिक संशोधित गुण” भन्नाले आनुवांशिक प्रविधि प्रयोग गरी सविन्यास गरिएको गुणलाई सम्झनुपर्छ ।

(ड) “प्राङ्गारिक (अर्गानिक) कृषि अनुसन्धान तथा विकास केन्द्र” भन्नाले दफा १४ बमोजिमको केन्द्र सम्झनुपर्छ ।

(ढ) “प्रयोगशाला” भन्नाले दफा २० बमोजिम स्थापना भएको प्रयोगशाला सम्झनुपर्छ ।

(ण) “रैथाने बाली” भन्नाले परम्परादेखि स्थानीयरूपमा उत्पादन भएको र सम्बन्धित स्थानमा मात्र उत्पादन हुने बाली सम्झनुपर्छ ।

(त) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

परिच्छेद - २

## भू-उपयोग तथा प्राङ्गारिक कृषि वस्तुको मापदण्ड

३. **भू-उपयोगसम्बन्धी व्यवस्था:** (१) प्रदेश सरकारको स्वीकृतिमा मन्त्रालयले कृषियोग्य जमिनको वर्गीकरण गरी जैविक क्षेत्रको पहिचान र भू-उपयोग योजना तयार गर्नेछ ।

(२) प्राङ्गारिक उत्पादनलाई संरक्षण र सम्बर्धन गर्नको लागि देहायका कामहरू गर्न प्रतिबन्ध लगाउन सक्नेछ:

(क) जुन प्रयोजनको लागि भूमिको वर्गीकरण गरिएको हो, सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्ने,

(ख) भूमिको उत्पादकत्वमा असर पर्ने गरी प्राकृतिक स्वरूप परिवर्तन गर्न नपाइने,

(ग) जग्गाको खण्डीकरण गर्न नपाइने ।

४. **प्राङ्गारिक कृषि उपजमा विषादीको प्रयोग गर्न नहुने:** प्राङ्गारिक कृषि उपजमा कुनै किसिमको रसायनिक वा हानिकारक जैविक विषादी प्रयोग गर्नु हुँदैन ।

५. **प्राङ्गारिक कृषिका मापदण्ड तोक्न सक्ने:** प्राङ्गारिक कृषि उत्पादनका लागि भू-उपयोग, कृषि, बिउबिजन, चरन, घाँस, जैविकी, दानालगायत अन्य उत्पादन सामग्री, कृषि उपजको बजारीकरण, प्याकेजिङ्ग, भण्डारण, प्रशोधन, लेबलिङ्ग तथा गुणस्तर नियन्त्रणसम्बन्धी मापदण्ड तोकिएबमोजिम हुनेछ ।

परिच्छेद - ३

## प्राङ्गारिक कृषिको प्रबर्द्धन

६. **प्राङ्गारिक कृषिको व्यावसायिकीकरण, विविधीकरण र बजारीकरण:** (१) प्राङ्गारिक कृषिलाई व्यवस्थित तवरले सञ्चालन गर्ने प्रयोजनको लागि देहायबमोजिमको व्यवस्था गरिनेछ:-

(क) प्राङ्गारिक कृषिको लागि आवश्यक पर्ने प्रदेश नीति तथा योजना तयार गर्ने,

(ख) सहकारी, सामुदायिक, निजी क्षेत्रसमेतको सहभागितामा उत्पादित प्राङ्गारिक कृषि वस्तुको ब्राण्ड प्रवर्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बजारीकरण गर्ने,

(ग) कृषि भूमिको उर्बरा शक्ति र बाली उत्पादन क्षमताको आधारमा विशिष्टीकृत प्राङ्गारिक कृषि उत्पादन क्षेत्रलाई वर्गीकरण गर्ने,

(घ) उन्नत र गुणस्तरीय प्राङ्गारिक बिउबिजन उत्पादन प्रबर्धन र प्रसार गर्ने,

(ङ) कृषि जैविक विविधताको दिगो उपयोगका लागि एकीकृत खेती प्रणालीमा आधारित प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्ने,

(च) प्राङ्गारिक कृषिको लागि बीमा तथा सर्वसुलभ कर्जा प्रवाह गर्ने,
(छ) प्राङ्गारिक मल,बिउ र विषादीसम्बन्धी उद्यम सञ्चालन गर्न पूँजीगत अनुदान उपलब्ध गराउने,
(ज) प्राङ्गारिक कृषि वस्तुहरूको उत्पादन र भण्डारणका लागि सङ्कलन केन्द्रहरूको पूर्वाधार निर्माण एवम् विस्तार गर्ने,
(झ) प्राङ्गारिक कृषि खेतीको नीति तथा योजनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने,
(ञ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डका आधारमा प्राङ्गारिक कृषिको मापदण्ड निर्धारण गरिनेछ ।

(३) प्रदेशभित्र आयातित खाद्यान्न, पशुजन्य उत्पादन, कृषिजन्य उत्पादन सामग्री, रसायन तथा रसायनमा आधारित विषादी नियन्त्रणसम्बन्धी आवश्यक कामकारबाही गर्दा सङ्घीय तथा स्थानीय तहसँग समन्वयमा गरिनेछ ।

७. **सङ्घीय तथा स्थानीय तह र अन्य निकायसँगको समन्वय तथा सहकार्यः** (१) प्राङ्गारिक कृषि प्रवर्धनको लागि सङ्घीय सरकार, स्थानीय तह र साझेदार निकायसँग आवश्यकताअनुसार समन्वय, सहकार्य र साझेदारी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको समन्वय, सहकार्य र साझेदारीको प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

८. **प्राङ्गारिक कृषि क्षेत्र पहिचान र नक्साङ्कन गर्न सकिनेः** (१) स्थानीय विशेषताका आधारमा प्राङ्गारिक कृषि क्षेत्रको पहिचान तथा नक्साङ्कन गरी सो ठाउँलाई वस्तु विशेष प्राङ्गारिक पकेट क्षेत्रको रूपमा घोषणा गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा गरिनेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा भएको क्षेत्रबाट तोकिए बमोजिमको दुरीसम्म रसायनमा आधारित कृषि उत्पादन गर्न र अन्य उद्योग, कलकारखाना सञ्चालन गर्न प्रतिबन्ध लगाउन सकिनेछ ।

९. **प्राङ्गारिक कृषि उपजको प्रवर्धन गरिनेः** (१) प्राङ्गारिक कृषिजन्य उपजको प्रवर्धन तोकिएबमोजिम गरिनेछ ।

(२) प्रमाणीकरण नभएका तथा रूपान्तरणको अवधिमा रहेका प्राङ्गारिक कृषि वस्तुको हकमा आवश्यकताअनुसार कार्यविधि बनाई प्रवर्धन गरिनेछ ।

१०. **बौद्धिक सम्पत्तिको संरक्षणः** यस ऐन बमोजिम प्राङ्गारिक कृषिको प्रवर्धन गर्दा रैथाने बाली संरक्षण र जर्मप्लाज्म संरक्षण, स्थानीय प्राविधिक ज्ञान, बौद्धिक सम्पत्ति र कृषकको अधिकारसमेतको संरक्षण हुने गरी गरिनेछ ।

परिच्छेद - ४

## समितिसम्बन्धी व्यवस्था

११. **प्राङ्गारिक (अर्गानिक) कृषि निर्देशक समितिको** गठनः (१) प्राङ्गारिक कृषिलाई विकास र विस्तार गर्ने विषयमा नीति तथा कार्यक्रम निर्माण, प्रभावकारी कार्यान्वयन तथा मार्गनिर्देशन गर्न एक प्राङ्गारिक कृषि निर्देशक समितिको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरू रहने छन्:

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष
(ख) सदस्य, कर्णाली प्रदेश योजना आयोग (कृषि हेर्ने) - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य
(घ) एक जना महिलासहित दुई जना कृषक प्रतिनिधि - सदस्य
(ङ) कृषि विज्ञ एक जना - सदस्य
(च) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य-सचिव

(३) खण्ड (घ) र (ङ) बमोजिमका सदस्यहरूको नियुक्ति मन्त्रालयले तोकेबमोजिम हुनेछ । यसरी नियुक्त सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) समितिले आवश्यक ठानेमा बैठकमा उपयुक्त व्यक्ति वा विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**१२. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्राङ्गारिक कृषिको लागि आवश्यक पर्ने नीति तथा योजना तयार गर्ने तथा प्राङ्गारिक कृषिजन्य वस्तुको उत्पादन, प्रशोधन र बजारीकरण प्रवर्धन गर्न प्राङ्गारिक कृषि कार्यकारी समितिलाई मार्गदर्शन तथा निर्देशन दिने,
(ख) प्राङ्गारिक कृषि उत्पादन, प्रवर्धन र बजारीकरणको लागि नीतिगत व्यवस्था गर्ने,
(ग) प्राङ्गारिक कृषि कार्यक्रम कार्यान्वयनमा आइपरेका नीतिगत समस्या समाधान गर्ने,
(घ) अन्तर निकाय समन्वयको लागि आवश्यक व्यवस्था तथा सहजीकरण गर्ने,
(ङ) प्राङ्गारिक कृषिसम्बन्धी अध्ययन, अनुसन्धान तथा विकास क्षेत्रको प्राथमिकता तथा कार्यक्षेत्र हेरफेर गर्ने,
(च) कृषि प्रवर्धनको लागि सञ्चालित आयोजना तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन र समिक्षाको व्यवस्था गर्ने, प्राङ्गारिक कर्णाली प्रदेश निर्माणको लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना निर्माणको लागि सुझाव दिने,
(छ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

**१३. निर्देशक समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) बैठकसम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

परिच्छेद-५

## प्राङ्गारिक कृषि कार्यक्रम कार्यान्वयन

**१४. प्राङ्गारिक कृषि अनुसन्धान तथा विकास केन्द्रको स्थापनाः** (१) प्राङ्गारिक कृषिसम्बन्धी अध्ययन, अनुसन्धान तथा विकासको लागि मन्त्रालय मातहत कर्णाली प्रदेश प्राङ्गारिक कृषि अनुसन्धान तथा विकास केन्द्र स्थापना गरिनेछ ।

(२) प्राङ्गारिक कृषि अनुसन्धान केन्द्रको सङ्गठन संरचना, दरबन्दी र कार्यादेश तोकिएबमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम स्थापना हुने केन्द्रले सङ्घीय सरकार र स्थानीय तहसँग समन्वय गरी काम गर्नेछ ।

**१५. प्राङ्गारिक कृषि प्रमाणीकरण निकायसम्बन्धी व्यवस्थाः** प्राङ्गारिक कृषि तथा पशुपन्छीजन्य उपजको प्रमाणीकरण, प्राङ्गारिक कृषिका मापदण्ड र प्रक्रियाको नियमन गर्न प्राङ्गारिक वस्तुको प्रमाणीकरण गर्न, प्राङ्गारिक कृषि वस्तुको प्रमाणीकरण गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था, कम्पनी वा निजी क्षेत्रलाई मान्यता र इजाजत प्रदान गर्नको लागि प्राङ्गारिक प्रमाणीकरण इकाइको व्यवस्था गरिनेछ ।

**१६. <u>प्राङ्गारिक वस्तुको प्रमाणीकरण गराई सङ्केत, छाप/चिन्ह वा लोगो लिनुपर्ने</u>:** (१) प्राङ्गारिक कृषि उत्पादन गर्ने सरकारी, सहकारी, सामुदायिक, कृषक समूह तथा निजी फर्महरूले प्रमाणीकरण भएको मान्यता प्राप्त प्रमाणपत्र, छाप, चिन्ह वा प्रतीक चिन्ह (लोगो) लिएर मात्र आफ्नो व्यवसाय सञ्चालन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको प्रमाणीकरण गर्ने निकायको प्रमाणीकरण प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको फर्म, कृषक, समूह तथा सहकारीले प्रत्येक वर्ष तोकिएबमोजिम नवीकरण गर्नुपर्नेछ ।

**१७. <u>प्राङ्गारिक कृषि प्रमाणीकरण निकायको काम, कर्तव्य र अधिकार</u>:** प्राङ्गारिक कृषि प्रमाणीकरण निकायको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) प्राङ्गारिक कृषिको मापदण्ड तथा स्तर निर्धारण गर्ने,
(ख) प्राङ्गारिक कृषि उपजको मापदण्ड जाँच गरी स्तर पुगेका उपजहरूलाई प्रदेश सरकारले प्रमाणपत्र, छाप, चिन्ह वा प्रतीक चिन्ह (लोगो) प्रदान गर्ने,
(ग) कुनै कृषि उपजको बजारीकरणको सुनिश्चिततासहित प्रमाणीकरण गर्न चाहने कुनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था वा निजी कम्पनीहरूलाई प्रमाणीकरण मान्यता दिन सक्नेछ,
(घ) प्राङ्गारिक कृषिको मापदण्ड प्रमाणीकरण प्रक्रिया पूरा गरेका कृषक, कृषक समूह, सहकारी, आपूर्तिकर्ता, निजी फर्म तथा प्राङ्गारिक क्षेत्रको प्रमाणीकरण गरी प्रमाणपत्र प्रदान गर्ने,
(ङ) प्राङ्गारिक कृषि उपज उत्पादक, व्यवसायी तथा सञ्चालकहरू सूचीकृत गर्ने,
(च) अन्तर्राष्ट्रिय प्राङ्गारिक प्रमाणीकरण गर्ने निकायहरूसँग सहकार्य र समन्वय गरी समय सापेक्ष प्राङ्गारिक कृषिको मापदण्ड अद्यावधिक गर्ने,
(छ) तोकिएबमोजिमका अन्य काम गर्ने ।

**१८. <u>प्राङ्गारिक कृषि निरीक्षकसम्बन्धी व्यवस्था</u>:** यस ऐनको प्रयोजनको लागि आवश्यकताअनुसार तोकिएबमोजिमको योग्यता पुगेका कृषि प्राविधिक वा निरीक्षकहरूमध्येबाट प्राङ्गारिक कृषि निरीक्षकहरू तोक्न सकिनेछ ।

**१९. <u>प्राङ्गारिक कृषि निरीक्षकको काम, कर्तव्य र अधिकार</u>:** प्राङ्गारिक कृषि निरीक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) तोकिएको मापदण्डबमोजिम उत्पादकले काम गरे वा नगरेको निरीक्षण गर्ने,
(ख) उत्पादनस्थल निरीक्षण गरी कृषि तथा पशुपंक्षीजन्य उत्पादनका लागि अवलम्बन गरिएका विधि, प्रक्रिया तथा प्रयोग गरिएका सामग्रीहरूको अवलोकन तथा मूल्याङ्कन गर्ने,
(ग) प्राप्त हुन आएका उजुरीहरूउपर अनुसन्धान तथा कारबाहीको लागि सिफारिस गर्ने,
(घ) उत्पादकहरूलाई समयसमयमा क्षमता विकाससम्बन्धी ज्ञान र सीपको जानकारी गराउने,
(ङ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

**२०. <u>प्राङ्गारिक कृषि उपज गुणस्तर परीक्षण तथा प्रमाणीकरण प्रयोगशाला स्थापना</u>:** (१) प्राङ्गारिक कृषि उपजको गुणस्तर परीक्षण गर्नको लागि अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको बहुउपयोगी प्रयोगशाला स्थापना गरिनेछ ।

(२) हाल कायम रहेका मल तथा माटो परीक्षण प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, बिउबिजन प्रयोगशालाहरूलाई जैविक मल, बिउ, विषादी उत्पादन तथा गुणस्तर नियन्त्रणका लागि स्तरोन्नति र रूपान्तरण गरिनेछ ।

परिच्छेद - ६

## कसूर, सजाय तथा पुनरावेदनसम्बन्धी व्यवस्था

२१. **प्राङ्गारिक कृषिसम्बन्धी कसूरजन्य कार्य:** कसैले देहायबमोजिमको काम गरेमा यस ऐनअन्तर्गत कसूर गरेको मानिने छः

(क) प्राङ्गारिक कृषि उपजमा विषादी प्रयोग गरेमा,

(ख) प्राङ्गारिक कृषि वस्तुमा रसायन वा रासायनिक पदार्थको मिसावट गरेमा,

(ग) प्राङ्गारिक कृषि वस्तुमा अन्य पदार्थ वा वस्तु मिसावट गरेमा,

(घ) अनुमति नलिई प्रयोगशाला सञ्चालन गरेमा र नवीकरण नगरी सञ्चालन गरेमा,

(ङ) गैरप्राङ्गारिक वस्तुलाई प्राङ्गारिक भनी उत्पादन वा बिक्री वितरण गरेमा ।

२२. **मुद्दाको अनुसन्धान तथा दायरी:** (१) यस ऐनअन्तर्गतको मुद्दाको अनुसन्धान दफा १८ बमोजिमको प्रदेश सरकार वा तोकिएको निकायले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मुद्दाको अनुसन्धान गर्दा उजुरी प्राप्त भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्नुपर्नेछ ।

२३. **सजाय:** यस ऐनको दफा २१ बमोजिम काम कारबाही गर्ने गराउनेलाई कसूरको मात्रा हेरी प्रचलित कानूनबमोजिम सजाय हुनेछ ।

२४. **पुनरावेदन**: मुद्दा हेर्ने अधिकारीले गरेको जरिवानासम्बन्धी निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैँतीस दिनभित्र माथिल्लो निकायमा पुनरावेदन गर्न सक्नेछ ।

२५. **क्षतिपूर्ति:** (१) यस ऐन अन्तर्गतको कुनै कसूर गरेको कारणबाट कसैलाई कुनै प्रकारको हानिनोक्सानी हुन गएमा त्यस्तो हानिनोक्सानीको क्षतिपूर्ति भराई पाउन मुद्दा हेर्ने अधिकारीसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्तिसम्बन्धी मापदण्ड तोकिएबमोजिम हुनेछ ।

**परिच्छेद - ७**

## विविध

२६. **अधिकार प्रत्यायोजन**: यस ऐनबमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **सहयोग लिन सक्ने:** (१) समितिले आफ्नो कार्य सम्पादन गर्ने सम्बन्धमा कुनै निकाय वा संस्थासँग सहयोग लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले सहयोग माग गरेमा सम्बन्धित निकाय वा संस्थाले त्यस्तो सहयोग दिनुपर्नेछ ।

२८. **नियम बनाउने अधिकार**: प्रदेश सरकारले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ ।

२९. **बचाउ:** यस ऐनको विषयसँग सम्बन्धित प्रचलित नेपाल कानूनबमोजिम यस प्रदेशभित्र भए गरेका कार्यहरू यसै ऐनबमोजिम भएको मानिनेछ ।

# अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

*मा. मन्त्रीज्यूबाट*
*मिति २०७६/०९/२४ गते स्वीकृत*

**<u>प्रस्तावना:</u>** कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को प्रथम बैठकबाट पारित कर्णाली प्रदेशलाई अर्गानिक क्षेत्र घोषणा गर्नका लागी रैथाने बालीहरूको संरक्षण गर्दै अर्गानिक कृषिका आधारहरू खडा गर्ने निर्णयको व्यवहारिक कार्यान्वयन गर्न, अर्गानिक कृषि प्रविधिको अनुशरण तथा विस्तारको लागि कृषकहरूलाई स्थान विशेष प्रविधिको अबलम्बन एवम् सहजीकरण गर्न, विषादी रहित कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न बाञ्छनीय भएकोले मन्त्रालयले **अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६** तयार गरेको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम “अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६” रहेको छ ।

(२) यो कार्य विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “मन्त्रालय” भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ख) “कार्यालय” भन्नाले मन्त्रालय अन्तर्गतका अनुदान प्रवाह गर्ने निकाय सम्झनुपर्छ।

(ग) "पालिका" भन्नाले कार्यक्रम संचालन हुने सम्बन्धित गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ ।

(घ) “अर्गानिक कृषि विज्ञ” भन्नाले कम्तिमा कृषि विषयमा स्नातकोतर अध्ययन गरि कम्तिमा दश वर्ष अर्गानिक कृषि क्षेत्रमा अनुभव भएको र अन्यको हकमा कम्तिमा पन्ध्र वर्ष अर्गानिक कृषि क्षेत्रमा अनुभव भएको तथा फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय व्यक्तित्व लाई सम्झनुपर्छ।

(ङ) “कार्यक्रम” भन्नाले भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्विकृत वार्षिक अर्गानिक मोडेल कृषि कार्यक्रम अन्तर्गत संचालन गरिने कार्यक्रमलाई सम्झनुपर्छ ।

(च) “अनुदान रकम” भन्नाले अर्गानिक खेतीका लागि आबश्यक सेवा प्रदान गर्नका लागि उपलब्ध गराइने रकमलाई सम्झनुपर्दछ ।

(छ) “संस्था” भन्नाले कानूनी प्रकृया पूरा गरेर नेपाल सरकारका विभिन्न निकायहरू वा प्रदेश सरकारका निकायहरू वा स्थानीय तह अन्तर्गतका अधिकार प्राप्त निकायहरूद्वारा विधिवत् रुपमा दर्ता भई प्रमाण पत्र प्राप्त कृषि बहुउद्देश्यीय सहकारी, कृषक समूह कृषि फार्म, कृषि उद्यमी तथा कृषि कम्पनी समेत सम्झनु पर्दछ ।

(ज) "प्रस्ताव" भन्नाले अनुसूची-२ बमोजिमको समितिले तर्जुमा गरेको कार्यक्रमको आधारमा कृषि तथा बहुउद्देश्यीय सहकारी र कृषक समूहले कार्यक्रम संचालन र अनुदान रकम प्राप्त गर्नको लागि कार्यालयसंग सम्झौताको लागी पेश गरेको कार्ययोजना सहितको आवेदन सम्झनुपर्छ।

(झ) “अनुदानग्राही” भन्नाले अनुदान प्राप्त गर्ने कृषि व्यवसायमा आवद्ध सहकारी, कृषक समूह, कृषि फार्म, कृषि उद्यमी तथा कृषि कम्पनीलाई समेत सम्झनु पर्दछ ।

(ञ) “सामुहिक खेती” भन्नाले सहकारी, कृषक समूह तथा कृषि फार्महरूले सामूहिक रुपमा छिमेकी जमिनको भौगोलिक सिमाना मिल्ने वा जमिन एकिकृत गरी वा करारमा जमिन प्राप्त गरी आफ्ना सदस्यहरूलाई प्रत्यक्ष संलग्न गराएर सामूहिक वा व्यक्तिगत जोखिम बहन गर्ने गरी संचालन गरिएको खेतीपाती सम्झनु पर्छ, सो शब्दले सामूहिक जोखिममा गरीने रैथाने बाली, अन्न बाली, पशुपन्छीपालन, माछापालन, रेशम खेती, मौरीपालन, कुखुरापालन, बीउ उत्पादन, फलफूल खेती, तरकारी खेती, मसलाबाली, च्याउ खेति जस्ता व्यवसाय समेतलाई जनाउँछ ।

(ट) “एकिकृत कृषि फार्म” भन्नाले कृषि र पशुपन्छीपालन एकै ठाउमा गरी मुख्य उत्पादन बाहेक खेर जाने सहायक उत्पादनको सदुपयोग गर्ने गरी व्यवस्थापन गरिएको फार्मलाई जनाउँछ ।

परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

३. **अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यान्वयन विधिः** अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यान्वयन विधि देहाय अनुसार हुनेछः-

(१) कार्यालयबाट संचालन हुने अर्गानिक कृषि सम्बन्धि कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्नको लागि कार्यालयले एक जना कृषि प्राविधिक कर्मचारीलाई अर्गानिक कृषि कार्यक्रम फोकल पर्सन तोक्नु पर्नेछ ।

(२) कृषक समूह, कृषि तथा बहुउद्देश्यीय सहकारी संलग्न कृषकहरूलाई अर्गानिक कृषि सम्बन्धी कार्यक्रम योजना तर्जुमा गर्न, कार्यन्वयनमा सहजीकरण गर्न तथा अर्गानिक कृषि सम्बन्धी प्रत्यक्ष प्राविधिक सेवा प्रदान गर्न यसै कार्यक्रमबाट पारिश्रमिक रकम भुक्तानी हुने गरी एक जना प्राबिधिक सहायक स्तरको कृषि प्राबिधिक नियुक्त गरी सम्बन्धित कार्यक्षेत्रमा खटाउनु पर्नेछ ।

(३) कार्यालयले कार्यक्रम संचालन गर्ने सम्बन्धित स्थानीय तहसंग समन्वय गर्न पालिकास्तरीय अनुसूची -१ बमोजिम अर्गानिक कृषि विकास समन्वय समिति गठन गर्नुपर्नेछ ।

(४) अर्गानिक कृषि विकास समन्वय समितिले अनुसूची-२ बमोजिम वडास्तरिय अर्गानिक कृषि विकास समन्वय समिति गठन गर्नेछ ।

(५) अर्गानिक कृषि प्रवर्दनको लागि पशुपंक्षी सम्बन्धी क्रियाकलाप संचालन गर्नुपरेमा सम्बन्धित जिल्लाको पशु अस्पताल तथा पशु सेवा कार्यालय वा सम्बन्धीत पालिकाको पशुपंक्षी विकास शाखासंगको समन्वय र सहकार्यमा गर्न सकिनेछ ।

(६) आवश्यकता अनुसार पालिकाले अर्गानिक जोन, क्षेत्र वा समग्र पालिकालाई अर्गानिक कृषि क्षेत्र घोषणा गर्न सक्नेछ ।

४. **संचालन गरिने कार्यक्रमहरुः अर्गानिक** मोडेल कृषि कार्यक्रम अन्तर्गत देहायअनुसारका कार्यक्रमहरू सञ्चानल गरिनेछः-

***४.१. अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रमः*** (१) अर्गानिक **मोडेल कृषि** फार्म विकास कार्यक्रम संचालन गर्दा अनुसूची-१ बमोजिमको समितिले तोकेको स्थान वा वडाका सम्पूर्ण कृषक, निजि फार्म, कृषि सामग्री सप्लायर्स तथा कृषि ब्यापारीलाई समेटेर काम गर्न सक्ने कृषक समूह, कृषि सहकारी तथा बहुउदेशीय सहकारी मार्फत संचालन गर्नुपर्नेछ ।

(२) एक पटकमा सम्बन्धित पालिकाको बढीमा ३ (तीन) ओटा वडामा अर्गानिक कृषि मोडेल कार्यक्रम संचालन गर्नुपर्नेछ । आवश्यकता र सम्भाव्यताको आधारमा आगामी वर्षमा थप अन्य वडामा विस्तार गर्न सकिनेछ ।

(३) अर्गानिक मोडेल कृषि फार्म विकासको लागि आवश्यकतानुसार कम्तिमा तिन वर्षसम्म मन्त्रालयले बजेट व्यवस्था गर्न सक्नेछ ।

***४.२. अर्गानिक कृषि प्रविधि तथा उत्पादन सामग्री सहयोग कार्यक्रमः*** भकारो सुधार, भर्मिकम्पोष्ट, कम्पोष्ट मल, हरियो मल, जैविक मल तथा विषादि, वानस्पतिक विषादि तथा झोलमल, आई.पि.एम प्रविधि, सुक्ष्म जैविक मल, कोसेबाली, भिरालो जग्गामा खेति प्रविधि, माटो निर्मलीकरण प्रविधि जस्ता कार्यक्रमको लागि मन्त्रालयबाट ७० प्रतिशत अनुदान प्रदान गरिनेछ ।

***४.३. क्षमता अभिवृद्धि तालिम कार्यक्रमः*** (१) अर्गानिक कृषि प्रविधि हस्तान्तरण एवं विस्तार गर्न, अर्गानिक कृषि विकास कार्यक्रममा संलग्न प्राविधिकहरूको दक्षता बढाउनुका साथै कृषकहरूमा अन्तरनिहित ज्ञान, सीप अभिवृद्धि गर्न अर्गानिक कृषि सम्बन्धि ३ दिने तालिम संचालन गरिनेछ।

(२) तालिम कार्यक्रम संचालन गर्दा कर्णाली प्रदेशको खर्च मापदण्ड निर्देशिका, २०७५ अनुसार खर्च गनुपर्नेछ।

४.४. ***संस्थागत विकास, जनचेतना तथा प्रचारप्रचार कार्यक्रमः***

(१) **विश्व खाद्य दिवस, प्रांगारिक कृषि दिवस लगायत अन्य अर्गानिक कृषि सम्बन्धि दिवसहरूः**

(क) अर्गानिक कृषि सम्बन्धि जनचेतना अभिवृद्धि गर्न र अर्गानिक कृषि प्रवर्द्धन गर्न हौसला प्रदान गर्न विभिन्न दिवसहरूको अवसर पारेर उत्कृष्ट कृषक, व्यापारी, कृषि उद्यमी तथा कृषक समूह/सहकारीलाई सम्मानित गर्दै स्थानीय तह, जिल्ला तथा प्रदेशस्तरमा जनचेतनामूलक कार्यक्रम आयोजना गरि पुरस्कार प्रदान गर्ने ।

(ख) कृषक, कृषक समूह, सहकारी तथा कृषिसंग सरोकारवाला-हरूको सहभागितामा जनचेतनामूलक व्यानर, नारा, प्लेकार्डसहित प्रभातफेरी कार्यक्रमको आयोजना गर्ने ।

(ग) विद्यार्थीहरूविच निबन्ध, गीत, कविता, वतृत्वकला, चित्रकला प्रतियोगिता संचालन गरी उत्कृष्ट विद्यार्थीलाई सम्मानित गर्दै पुरस्कार प्रदान गर्ने ।

(घ) विद्यार्थीहरूबीच निबन्ध, गीत, कविता, वतृत्वकला, चित्रकला प्रतियोगिताको लागि पुरस्कार रकम देहाय बमोजिम हुनेछः

अ. **जिल्लास्तरः** प्रथम रु.५,०००।-, द्धितिय रु.३५,०००।-, तृतीयरु.२५,०००।- सान्त्वना (२ जनालाई) रु.१,५०० का दरले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्ने । प्रतियोगिता मूल्याङ्कन समितिका चार सदस्यलाई प्रतिव्यक्ति प्रतिदिन रु.१५०० दरले प्रदान गरिनेछ। अन्य खर्चको हकमा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ अनुसार हुनेछ ।

आ. **<u>प्रदेशस्तरः</u>** प्रथम रु.२०,०००।-, द्वितीय रु.१५,०००।- तृतीय रु.१०,०००।- सान्त्वना (२ जनालाई) रु.७,५००।- का दरले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्ने प्रतियोगिता मूल्याङ्कन समितिका चार सदस्यलाई प्रतिव्यक्ति प्रतिदिन रु.२०००।- दरले प्रदान गरिनेछ । अन्य खर्चको हकमा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ अनुसार हुनेछ ।

(२) **<u>अर्गानिक कृषि मेला प्रदर्शनीः</u>** "देखेपछि विश्वास बढ्छ" भन्ने वास्तविकताको आधारमा कृषकहरूद्धारा उत्पादित कृषि उपजहरू प्रदर्शनमा राखेर उनिहरूबिच प्रतिस्पर्धा गराई दर्शकहरूले प्रविधि सिकेर बढि उत्पादन गर्न सकुन भन्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिनेछ । अर्गानिक कृषि मेला प्रदर्शनी देहाय अनुसार गर्नुपर्नेछः-

क. स्थानीय चाड पर्व, मेला, महोत्सव आदिको अवसर पारेर कृषि मेला प्रदर्शनी आयोजना गर्न सकिन्छ ।

ख. प्रदर्शनी गर्ने मिति र स्थान निश्चित गरेपछि व्यापक प्रचारप्रसार गर्नुपर्छ, जसबाट बहुसंख्यक कृषकहरूको सहभागीता होस ।

ग. यस्तै गरि सहभागी हुने कृषक, समूह सहकारी तथा निकायहरूलाई अग्रिम जानकारी गराई सहमति लिनुपर्छ ।

घ. सम्बन्धित कार्यालयले प्रदर्शनी आयोजक समिति गठन गरि विभिन्न कामको जिम्मा लगाउन सक्नेछ।

ङ. कृषकका उत्पादन र प्रविधिहरूलाई देखाउने प्रदर्शन कक्षको व्यवस्था गनुपर्छ ।

च. प्रदर्शित उत्पादनहरूबीच प्रतिष्पर्धा गराई मूल्याङ्कन टोलीले उत्कृष्टलाई पुरस्कृत गर्नेछ।

छ. अर्गानिक कृषि मेला प्रदर्शनी कार्यक्रम संचालन गर्न सम्बन्धित सरोकारवाला निकायहरूसंग समन्वय र सहकार्य गर्न सकिनेछ ।

(३) जनचेतनामूलक सन्देश, लिफलेट, पोष्टर, पम्पलेट, लेखन प्रकाशन ।

(४) अर्गानिक कृषि डकुमेन्ट्री, जिंगल, विज्ञापन, प्लेकार्ड, होडिङ्बोर्ड, डिस्प्ले बोर्ड ।

***<u>४.५. जैविक विविधता र रैथाने बाली संरक्षणः</u>*** (१) चिनो, कागुनो लगायत स्थानीय रैथाने जातका बालीहरूको उत्पादन तथा प्रवर्द्धन गर्ने कार्यक्रममा मन्त्रालयले ७० प्रतिशत अनुदान प्रदान गर्नेछ।

५. **<u>अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रम संचालन प्रक्रियाः</u>** (१) अनुसूची-१ बमोजिमको समितिले अनुसूची-६ बमोजिमका छनौटका आधार र मापदण्डअनुसार कायर्क्रम लागु गर्ने वडा वा स्थान छनौट गर्नेछ ।

(२) कार्यालयले कार्यक्रम तर्जुमाको लागि ७ (सात) दिनको अग्रिम सूचना प्रकाशन तथा स्थानीय एफ.एम बाट प्रसारण गरी छनौट भएका वडा वा स्थानका समूह, सहकारीलाई सम्बन्धित वडा कार्यालयमा सूचीकृत हुन आव्हान गर्नेछ ।

(३) अनुसूची-२ बमोजिमको समितिले सूचीकृत समूह, सहकारीको उपस्थितिमा सबै कृषकलाई समेटेर योग्यता पुगेका र राम्रो काम गर्न सक्ने समूह, सहकारीको छनौट गर्नुको साथै स्विकृत वार्षिक बजेटको परिधि भित्र रहि नीजी फार्म, कृषि सप्लायर्स र कृषि ब्यापारीहरूको योजना समेत समेटेर कृषक समूह र सहकारीको कार्यक्रम योजना तर्जुमा गरी कार्यान्वयनको लागि कार्यालयलाई सिफारिस गर्नेछ ।

(४) कार्यक्रम संचालनको लागि छनौट भएका कृषक समूह तथा सहकारीले समावेश गरेका निजि फार्म/कृषि उद्यमीले संचालन गर्ने कार्यक्रम स्पस्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

(५) समितिले समूह, सहकारीको छनौट तथा अर्गानिक कृषि कार्यक्रमको तर्जुमा गर्दा अनुसूची-७ बमोजिमको मापदण्डहरू तिन देखि पांच वर्षसम्म पुरा गर्न सक्ने सम्भावना भएका समूह, सहकारी र कार्यक्रम छनौटमा प्राथमिकता दिनुपर्नेछ ।

(६) योजना तथा कार्यक्रम तर्जुमा गरिसकेपछि कार्यक्रम संचालन गर्न सम्बन्धित सहकारी/ कृषक समूहले सम्झौताको लागि निवेदन सहित अनुसूची-५ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ।

(७) अर्गानिक कृषि मोडेल कार्यक्रमको लागि राखिएको कृषि प्राबिधिकले प्रत्यक्ष रुपमा प्राविधिक सहयोग कार्यक्रम प्रस्ताव तयार गर्नुपर्नेछ ।

(८) अर्गानिक कृषि मोडेल कार्यक्रमको कृषि प्राविधिक र कार्यालयको अर्गानिक कृषि कार्यक्रमको फोकल पर्सनले प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त छ भनि सिफारिस गरेपछि कार्यालयले सम्बन्धित कृषक समूह तथा सहकारीसंग सम्झौता गरी कार्यक्रम सचालन गरिनेछ ।

(९) माथि उल्लेखित दफा-५ को उपदफा १-५ बमोजिम कार्यक्रम संचालन गर्न बाधा भएमा कार्यालयले अर्गानिक कृषि मोडेल पालिकाको अनुसूची-६ बमोजिमका छनौटका आधार र मापदण्डअनुसार स्थान/वडा छनौट गरी सम्बन्धित स्थानका समूह सहकारीको **अनुसूची-७ बमोजिमको मापदण्डहरू**को आधारमा अर्गानिक कृषि सम्बन्धित कार्यक्रम तर्जुमा गरी कार्यक्रम संचालन गर्न सक्नेछ ।

६. **आवेदनका लागि चाहिने आवश्यक कागजातः-** अर्गानिक कृषि कार्यक्रम संचालनको लागि छनौट भएका आवेदकले आवेदन साथ निम्न वमोजिम कागजातहरू संलग्न गर्नुपर्नेछः-

- क. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
- ख. कृषि व्यवसायमा आवद्ध सम्बन्धित सहकारी वा उपभोक्ता समूह वा कृषक समूहले अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रम संचालन गर्न सहकारीको हकमा सञ्चालक समितिको अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि ।
- ग. अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रम सञ्चालन गर्ने अनुसूची-५ अनुसारको प्रस्ताव।
- घ. सम्वन्धित स्थानीय तह/वडाको सिफारिस पत्र (सम्भव भएसम्म)।
- ङ. सहकारीको हकमा गत आ.व.को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि ।
- च. सहकारी को हकमा गत आ.व.सम्म कर वुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण ।
- छ. संस्थाको तर्फबाट कारोबारमा सहभागिताका लागि आधिकारिक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि ।
- ज. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
- झ. कार्यक्रम तर्जुमा गरेको उपस्थिति र निर्णयको प्रतिलिपि ।

७. **अनुदान रकम प्रदान नहुने वा रद्ध हुने अवस्थाः** देहाय बमोजिमका अवस्थामा अनुदान रकम प्रदान रकम प्रदान नहुने वा प्रस्ताव रद्ध हुन सक्नेछः-

१. कार्यविधि र मापदण्डभन्दा फरक किसिमको कार्यक्रम संचालन गरेमा स्वत रद्ध हुनेछ।

२. आवेदन साथ संलग्न भएका विवरणहरूको स्थलगत अनुमगन तथा प्रमाणीकरणको बाट झुट्टा विवरण पेश भएको पाइएमा ।

३. रासायनिक मल तथा विषादि प्रयोग गर्ने संस्थाको सम्झौता जुनसुकै बेला पनि रद्ध गर्न सकिनेछ ।

८. **<u>सम्झौता र भुक्तानी</u>** : अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रम संचालन गर्दा देहाय अनुसार सम्झौता र भुक्तानी हुनेछः

**<u>(१) सम्झौताः</u>** अनुदान प्रवाह गर्ने निकायले छनौट भएको अनुदानग्राहीसँग भुक्तानी प्रकृया तथा अनुदानग्राहीको दायित्व स्पष्ट रुपमा उल्लेख भएको सम्झौता अनुसूची-८ अनुसार गर्नु पर्नेछ ।

**<u>(२) भुक्तानी विधिः</u>** अनुदान रकमको भुक्तानी अनुदानग्राहीको बैंक खाता मार्फत बढीमा ३ किस्तामा गरिनेछ।

(क) सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,

(ख) पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३०% पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,

(ग) सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी।

(घ) भुक्तानी हुँदाका बखत अनुदानग्राहीले गर्ने लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनु पर्ने तथा सो कुरा बीलहरूमा स्पष्ट देखिएको हुनुपर्नेछ ।

(ङ) भुक्तानीका अन्य प्रकृयाहरू प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।

(च) अनुदानग्राहीले रनिङ्ग बील तथा तोकिएको कार्यसम्पादन गरी कार्य सम्पन्न बीलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लागि लिखित निवेदन दिएको सातदिन भित्र कार्यालयले कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन (नाँपजाँच) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

९. **<u>अनुदान रकमः</u>** स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही प्रस्तावको उपयुक्तताको आधारमा कुल लागतको आधारमा बढीमा ७०% अनुदान रकम प्रदान गरिनेछ । स्वीकृत पूँजीगत अनुदान अन्तर्गत पूर्वाधार निर्माण प्रकृति कार्यहरूका लागि दिइने अनुदान रकम पाँच प्रतिशतसम्म रनिङ्ग बिलको आधारमा कन्टिन्जेन्सी वापत कट्टा गर्न सकिनेछ ।

१०. उक्त कट्टा गरिएको कन्टिन्जेन्सी रकम मन्त्रालय, निर्देशनालय र जिल्ला स्थित कार्यालयबाट नियमित रुपमा गरिने अनुगमन निरीक्षण, सूचना प्रकाशन, बैठक, प्रचारप्रसार र प्राविधिक खर्च आदि शीर्षकहरूमा खर्च गर्नुपर्नेछ ।

११. कार्यक्रम सञ्चालनार्थ सम्बन्धित प्राविधिक सेवाका लागि कृषि सेवाको प्राविधिक सहायक स्तरको एक जना कृषि प्राविधिकको पारिश्रमिक यसै कार्यक्रम मार्फत भुक्तानी गर्नु पर्नेछ । बाँकी रहेको कूल

अनुदान रकम लाई देहाय वमोजिमका कार्यक्रमहरूमा प्रतिशतका आधारमा प्रस्तावदाताले प्रस्ताव पेश गर्नु पर्नेछ र सोही वमोजिम भुक्तानी गरिनेछः

(क) अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रमः (६०%)

(ख) अर्गानिक कृषि प्रविधि तथा उत्पादन सामग्री सहयोग कार्यक्रम (१५%)

(ग) क्षमता अभिवृद्धि तालिम कार्यक्रमः (१०%)

(घ) अर्गानिक कृषि उपज बजारीकरण सम्बन्धी कार्यक्रम (१०%)

(ङ) संस्थागत विकास, जनचेतना तथा प्रचार प्रचार कार्यक्रमः (५%)

१२. क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम कार्यालयको स्रोत, साधन र जनशक्तिबाट सम्भव नहुने भएमा सार्वजनिक खरिद ऐन र नियमावलीको परिधिभित्र रही परामर्श सेवा खरिद गरी सञ्चालन गर्न सकिनेछ ।

परिच्छेद-३

## अनुगमन मूल्याङ्कन

१३. **अनुगमन मूल्याङ्कनः** कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/ निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसूकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

परिच्छेद-४

## विविध

१४. **पुरस्कार तथा कार्वाहीको व्यवस्थाः-** पुरस्कार तथा कार्वाहीको व्यवस्था देहाय अनुसार हुनेछः-

१. तोकिएको समयभन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर-पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ ।

२. सम्झौता तथा कार्यतालिकाबमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराइनेछैन।

३. अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

४. यस्ता अनुदानग्राहीहरूलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ ।

**द्रष्टव्यः** यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

१५. **बाधा अड्काउ फुकाउनेः-**

१. यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ ।

२. यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

<u>अनुसूची-१</u>

*(दफा ३ को उपदफा ३ सँग सम्बन्धित)*

## पालिकास्तर अर्गानिक कृषि विकास समन्वय समिति
## गठन तथा काम कर्तव्य र अधिकार

**१. पालिकास्तर अर्गानिक कृषि विकास समन्वय समिति :**

| | |
|---|---|
| सम्बन्धित गाउँ/नगर पालिका अध्यक्ष/प्रमुख | – संयोजक |
| सम्बन्धित गाउँ/नगर पालिकाको कृषि हेर्ने कार्यपालिका सदस्य | – सदस्य |
| सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| सम्बन्धित कृषि विकास कार्यालय प्रमूख | – सदस्य |
| सम्बन्धित पशु अस्पताल तथा पशु सेवा कार्यालय प्रमूख | – सदस्य |
| सम्बन्धित पालिकाको कृषि विकास शाखा प्रमुख | – सदस्य |
| सम्बन्धित पालिकाको पशुपक्षिं विकास शाखा प्रमुख | – सदस्य |
| कृषिमा कार्यरत संघसस्थाको प्रतिनिधि १ जना | – सदस्य |
| कृषक सहकारी प्रतिनिधि १ जना | – सदस्य |
| कृषक समूह प्रतिनिधि १ जना | – सदस्य |
| शिक्षक प्रतिनिधि १ जना | – सदस्य |
| एग्रोभेट प्रतिनिधि १ जना | - सदस्य |
| कार्यालयको अर्गानिक फोकल पर्सन कमर्चारी | - सदस्य सचिव |

नोट – समितिको बैठक वर्षमा कम्तिमा ३ पटक बस्नेछ र समितिले आवश्यकता अनुसार बैठकमा अर्गानिक कृषि विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**२. काम कर्तव्य र अधिकारः**

(क) अर्गानिक कृषि कार्यक्रम संचालन गर्ने स्थान तथा वडा छनौट गर्ने ।

(ख) अर्गानिक कृषि प्रवर्द्धनको लागि समन्वय तथा सहकार्य गर्ने ।

(ग) समग्र गाउँ/नगर पालिकाको अर्गानिक कृषिको अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन योजना तर्जुमा गरी कार्यन्वयनको लागि सिफारिस गर्ने ।

(घ) कृषि क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरू र सेवाप्रदायकहरू समन्वय सहकार्य गर्ने ।

(ङ) समग्र गाउँ/नगरपालिकाका अर्गानिक कृषि कार्यक्रमको अनुगमन, सुपरिवेक्षण गर्ने ।

(च) रासायनिक मल र रसायनिक विषादिको नियन्त्रण र नियमन गर्ने ।

(छ) कार्यालय तथा मन्त्रालयसंग समन्वय र सहकार्य गर्ने ।

<u>अनुसूची-२</u>

*(दफा ३ को उपदफा ४ सँग सम्बन्धित)*

## वडास्तरिय अर्गानिक कृषि विकास समन्वय समिति
## गठन तथा काम, कर्तव्य र अधिकार

१. **<u>वडास्तरीय अर्गानिक कृषि विकास समन्वय समितिः</u>**

| | |
|---|---|
| सम्बन्धित वडा अध्यक्ष | – संयोजक |
| कार्यालयको अर्गानिक कृषि कार्यक्रम फोकल पर्सन | – सदस्य |
| शिक्षक प्रतिनिधि १ जना | – सदस्य |
| कृषि प्राविधिक/कृषि विज्ञ | – सदस्य |
| सम्बन्धित वडा सचिव | – सदस्य |
| कृषक समूह प्रतिनिधि १ जना | – सदस्य |
| कृषि सहकारी प्रतिनिधि १ जना | – सदस्य |
| वडामा कृषिमा कार्यरत संघसस्थाको प्रतिनिधि १ जना | – सदस्य |
| कार्यालयको अर्गानिक कृषि मोडेल प्राबिधिक कर्मचारी | - सदस्य सचिव |

नोट – समितिको बैठक वर्षमा कम्तिमा ३ पटक बस्नेछ र समितिले आवश्यकता अनुसार बैठकमा अर्गानिक कृषि विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

२. **<u>काम कर्तव्य र अधिकारः</u>**

(क) वडा स्तरीय अर्गानिक कृषि कार्यक्रम तथा क्रियाकलाप तर्जुमा गर्ने ।

(ख) अर्गानिक कृषि कार्यक्रम कार्यन्वयन गर्ने समूह तथा सहकारीको छनौट तथा अनुगमन मुल्यांकन गर्ने ।

(ग) अर्गानिक कृषि प्रवर्द्धनको लागि समन्वय तथा सहकार्य गर्ने ।

(घ) कृषि क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरू, सेवाप्रदायकहरू समन्वय सहकार्य गर्ने।

(ङ) वडास्तरको अर्गानिक कृषि कार्यक्रमको अनुगमन, सुपरिवेक्षण गर्ने ।

(च) रासायनिक मल र रसायनिक विषादिको नियन्त्रण र नियमन गर्ने ।

(छ) पालिका तथा कार्यालयसंग समन्वय र सहकार्य गर्ने ।

<u>अनुसूची-३</u>

*(दफा ५ को उपदफा २ सँग सम्बन्धित)*

## अर्गानिक मोडेल कृषि कार्यक्रम सञ्चालनका लागि सूचीकृत हुने सूचना

**सूचना !　　　　सूचना !!　　　　सूचना !!!**

यस कार्यालयको चालु आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अर्गानिक मोडेल कृषि कार्यक्रम... पालिकाको वडा नम्बर../../.. संचालन गर्ने कार्यक्रम रहेको हुँदा ........................... पालिकाका इच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फार्म, उद्यमी कृषकबाट सम्बन्धित पालिकाको वडा नं ../../... को वडा कार्यालयमा सूचीकृत हुनको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १० (दश) दिन भित्र वडा कार्यालयमा तपसिल अनुसारका कागजातहरू संगलग्न राखि सूचीकृत हुन अनुरोध गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि .................................मा सम्पर्क गर्न सकिनेछ ।

<u>तपसिलः</u>

क. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

ख. कृषि व्यवसायमा आवद्ध सम्बन्धित सहकारी वा उपभोक्ता समूह वा कृषक समूहले अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रम संचालन गर्न सहकारीको हकमा सञ्चालक समितिको अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि ।

ग. अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रम सञ्चालन गर्ने अनुसूची -४ अनुसारको निबेदन ।

घ. सहकारीको हकमा गत आ.व.को संस्थाको लेखा परीक्षण भएको प्रतिवेदन प्रतिलिपि ।

ङ. सहकारीको हकमा गत आ.व.सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण ।

च. संस्थाको तर्फवाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि ।

छ. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

## अनुसूची -४

*(दफा ५ को उपदफा २ सँग सम्बन्धित)*

## अर्गानिक मोडेल कृषि कार्यक्रम सञ्चालनका लागि निवेदन ढाँचा

मितिः...........

**विषयः अर्गानिक मोडेल कृषि कार्यक्रम सञ्चालनका लागि सूचीकृत गरि पाऊँ।**

श्रीमान् ........................... ज्यू
........................................... ।

महोदय,

हामी/म........................................... जिल्ला ................गापा/नपा वडा नं ............. मा पर्ने ............................ नामक कृषि कम्पनी/कृषि फार्म/कृषि सहकारी/ कृषक समूह/कृषि उद्यमीले अर्गानिक मोडेल कृषि कार्यक्रम सञ्चालनका लागि अनुदान रकमको आवश्यकता परेकोले उक्त कार्यक्रम संचालनको लागि सूचीकृत गरिदिन तपसिलको कागजात संलग्न राखी यो निबेदन पेश गरेका छौं/छु ।

**निवदेक**

कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषक अध्यक्ष/प्रतिनिधिको दस्तखत

नामः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

<u>अनुसूची–५</u>

*(दफा ५ को उपदफा ५ सँग सम्बन्धित)*

## कार्ययोजना योजना प्रस्तावको ढाँचा

**खण्ड १ः आवेदक संस्था/उद्यमीको सम्वन्धी विवरण**

| आवेदक संस्थाको | नामः........................................................ |
|---|---|
| आबेदकको पुरा ठेगाना | जिल्लाः............................. गा.पा/न.पाः..........................वडा नंः............... <br> गाँउ/टोलः................................ ईमेल............................................................ <br> टेलिफोन नंः....................................................... |
| कार्यक्रम ठेगाना | १. सम्पर्क ब्यक्तिको नामः........................................................ <br> २. टेलिफोन....................... मोवाईलः.................................... <br> ३. फ्याक्सः.............................................. <br> ४. इमेल.................................................... |
| आवेदक संस्थाको किसिम/नाम (कुनै एक मात्र चिन्ह लगाउने) | १. कृषक समूह २.कृषि सहकारी ३. उद्यमी <br> ४. समूह सहकारीमा आबद्ध कृषक <br> ५.अन्य खुलाउने) ....................... ........................................ |
| संस्था स्थापना भएकोमिति | गते/महिना/बर्ष........................................................... |
| सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भएको | दर्ता नम्बर ........................... संस्था दर्ता गर्ने निकाय........................................ <br> मितिः(दिन/महिना/बर्ष)................................................. |
| भ्याट/प्यानदर्ता नं. | ................................................................. |
| बैक खाता विवरण | बैंकको नामः ठेगानाः <br> खाता नं.: <br> खाता संचालकहरूको नामः |

**खण्ड-ख**

*१. प्रस्तावित कार्यक्रमको विवरण*

| | |
|---|---|
| प्रस्तावित व्यवसायको नाम | |
| कृषि मूल्य श्रृङ्खला | |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| कार्यक्रम संचालन स्थल | जिल्लाः .................. न.पा./गा.पा. ... ... ... ... ... वार्ड नंः ... ... <br> स्थानः |
| वर्तमान क्रियाकलापहरू (बढीमा १०० शब्द) | |
| प्रस्तावित कार्यक्रमको प्रमुख उद्देश्य (३ ओटा) | • <br> • |

| | |
|---|---|
| प्रस्तावित कार्यक्रमका मुख्य क्रियाकलापहरू | •<br>• |

| **२. नतिजा र प्रतिफल (सूचकहरू)** | **लक्ष्य** |
|---|---|
| १. क्षेत्रफल | .........रोपनी |
| २. उत्पादन | .........संख्या, .......टन |
| ३. उन्नत प्रविधि, उन्नत जात, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग | मुख्य–मुख्य मेशिन औजार तथा जातको नाम, प्रकार तथा क्षमता उल्लेख गर्ने |
| ४. विक्री परिमाण बृद्धि | ......क्विन्टल/टन/वार्षिक |
| ५. आम्दानी बृद्धि | रु. ......./वार्षिक |
| ६. रोजगारी बृद्धि | ......जना स्वरोजगार, .........जना वर्षैभरी रोजगार, ...... जना वा कार्यदिन आंशिक रोजगार |

**३. उत्पादन तथा बजारीकरण योजनाः**

| क्र.सं. | उत्पादनको नाम | उत्पादन गर्ने महिना/समय | उत्पादन परिमाण | | बजारीकरण | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | इकाई | परिमाण | इकाई | परिमाण | दर रु | जम्मा |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| कुल जम्मा उत्पादन | | | | | | | | |

**४.वितिय योजना**

व्यवसायिक कृषि कार्यक्रमको कृयाकलाप,बजेट तथा लागत साझेदारीको बिस्तृत बिवरण

| **सि. न.** | **प्रस्तावित कार्य बिवरण** | **एकाई** | **परिमाण** | **दर** | **जम्मा रकम रु.** | **लागत साझेदारी** | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | **अनुदानग्राहीले व्यहोर्ने** | **माग गरेको अनुदान रु** | **कैफियत** |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोटः भौतिक पूर्वाधारहरू निर्माणको लागि डिजाइन, लेआउट तथा लागत ईस्टिमेट मन्त्रालय वा अन्तर्गतका निकाय वा अन्य आधिकारिक निकायको आधिकारिक व्यक्तिले तयार गरेको हुनुपर्ने छ ।

**५. कार्यतालिका**

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसूची–६

*(दफा ५ को उपदफा १ सँग सम्बन्धित)*

## वडा/स्थान छनौट मापदण्ड तथा आधारहरू

| क्र. सं. | प्रस्ताव मूल्याङ्कनका आधारहरू | अंक भार |
|---|---|---|
| १ | **प्रस्तावित स्थानको हावापानी, भौगोलिक तथा कृषि पूर्वाधारको उपयुक्तता** | ३० |
| | अंकभार वर्गीकरण | |
| क | सडक, सिचाइ,विजुली,आवश्यक जमिनको क्षेत्रफल, कृषिबजार लगायत हावापानी र भौगोलिक हिसाबले उपयुक्त | ३० |
| ख | सिचाइ, आवश्यक जमिनको क्षेत्रफल लगायत हावापानी र भौगोलिक हिसाबले उपयुक्त तर कृषि बजार , सडक र विजुलीको सुविधा नभएको | २० |
| ग | आबश्यक जमिनको क्षेत्रफल लगायत हावापानी र भौगोलिक हिसाबले उपयुक्त नभएको कृषि बजार, सडक, सिंचाइ र विजुलीको सुविधा नभएको | १० |
| २ | **प्रस्तावित स्थानको व्यवसायिक बाली विशेष योजना** | १० |
| | अंकभार वर्गीकरण | |
| क | व्यवसायिक दृष्टिले बढी उपयूक्त बालीहरू, वातावरण मैत्री, दिगोपना, मुनाफाजनक र रोजगारमूलक | १० |
| ख | व्यवसायिक दृष्टिले कम उपयूक्त बालीहरू, कम मुनाफाजनक र कम दिगोपना | ५ |
| ३ | **सम्बन्धित वडाको आर्थिक साझेदारी क्षमताको अवस्था** | २० |
| | अंकभार वर्गीकरण | |
| क | साझेदारी लागत अंश ४०% वा सो भन्दा बढी व्यहोर्न सक्षम भएको | २० |
| ख | साझेदारी लागत अंश २०- ४०% सम्म व्यहोर्न सक्षम भएको | १० |
| ग | साझेदारी लागत अंश २०% भन्दा कम व्यहोर्न सक्षम भएको | ५ |
| ३ | **अर्गानिक तथा एकीकृत कृषि फार्म प्रणाली प्रवर्दन अवस्था** | २५ |
| | अंक भार वर्गीकरण | |
| क | अर्गानिक प्रमाणीकरण गरिरहेको, अर्गानिक/एकीकृत कृषि (कृषि र पशुपंक्षीपालन) गरेको, स्थानीय स्रोत साधनको सदुपयोग गरेको, रैथाने तथा उच्च मूल्यका बालीको खेती गरेको, रसायनिक विषादी र मल प्रयोग नगरेको । | २५ |
| ख | अर्गानिक/एकीकृत कृषि (मिश्रीत कृषि/ पशुपंक्षीपालन गरेको) गरेको, रैथाने तथा उच्च मूल्यका बाली वस्तुको खेती गरेको, रसायनिक विषादी र मल प्रयोग नगरेको। | १५ |
| ग | एकीकृत कृषि गरेको, रैथाने तथा उच्च मूल्यका बालीको खेति गरेको, रसायनिक विषादी र मल प्रयोग गरेको | १० |
| घ | एकीकृत कृषि नगरेको, रसायनिक विषादी र मल प्रयोग गरेको । | ५ |
| ४. | **सम्बन्धित वडा कार्यालयको अर्गानिक कृषि सम्बन्धी योजना र अर्गानिक कृषि क्षेत्र घोषणा गर्ने प्रतिबदता** | १५ |
| | **कुल जम्मा अंक** | १०० |

# अनुसूची-७

*(दफा-५ को उपदफा ४ संग सम्बन्धित)*

## अर्गानिक मोडेल कृषि फार्म विकासका मापदण्डहरू

(क) रासायनिक मल, विषादि, हर्मोन तथा मानव निर्मित तत्वहरू रहित खेति प्रणाली अपनाइएको ।

(ख) एकिकृत कृषि फार्म गरेको ।

(ग) उच्च मूल्यका कृषि वस्तुको बढी सम्भावना भएको ।

(घ) बाली तथा पशुपंक्षी बिमा गर्ने ।

(ङ) कम्पोष्ट मल, भर्मि कम्पोष्ट Shed निर्माण, गोठेमल र भकारो सुधार गर्ने ।

(च) वानस्पतिक विषादि बनाउन प्रयोग गरिने कम्तिमा पाँच प्रजातिका विरुवाहरू (१०/१० वटाको दरले) रोप्ने ।

(छ) आलीकान्ला तथा खेत वारीमा उत्पादित झारपात तथा बनवुट्यान आगो नलगाई कम्पोष्ट बनाई प्रयोग गरेको हुनुपर्ने ।

(ज) सिंचाईको राम्रो व्यवस्थापन भएको ।

(झ) स्थानीय स्रोत तथा परम्परागत ज्ञान, शीप र प्रविधिको अधिकतम प्रयोग भएको ।

(ञ) सहायक उत्पादनको अधिकतम पुन प्रयोग र सदुपयोग गरेको ।

(ट) अर्गानिक कृषि प्रमाणीकरण गरी बजारीकरण गर्ने राम्रो सम्भावना रहेको ।

(ठ) जग्गाको क्षेत्रफल न्युनतम १० रोपनी र कम्तिमा १० वटा गाई/भैसी वा १०० वटा भेडा/बाखा वा १००० वटा लोकल कुखुरापालन गर्न सक्ने प्राविधिक सम्भावना रहेको।

(ड) रसायनिक मल र बिषादी प्रयोग नगरी अर्गानिक खेति गर्ने सम्बन्धित समूह/सहकारीको सामुहिक प्रतिबद्दता ।

(ढ) सिमाना जोडिएका जग्गा धनि कृषकलाई सम्बन्धित कृषक समूह र सहकारीमा समाबेश गर्नुपर्ने ।

<u>अनुसूची–८</u>

*(दफा ८ को उपदफा १ सँग सम्बन्धित)*

## सम्झौता पत्रको नमूना

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश सुर्खेत

र

श्री ........................................................ बीच

अर्गानिक मोडेल कृषि फार्म कार्यक्रम संचालनको लागि सम्झौता पत्र

यो सम्झौतापत्र...........कार्यालय/केन्द्र (यसपछि पहिलो पक्ष भनिएको) र ................ समूह/सहकारी संस्था......गा.पा./नपा वडा नं. टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरूलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

१. यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृतप्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति २०७....साल... महिना ....... गते सम्म संम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. यस सम्झौता बमोजिमको ..... कार्यक्रम सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइनेछैन।

३. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसारको कार्यसञ्चालन गर्न वढीमा तीन किस्ता वा एकमुष्ट रकम रु...... (अक्षरुपि..........) देहाय बमोजिम भुक्तानी गरिने छ,

   १. सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,
   २. पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,
   ३. सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी।

४. सम्झौता वमोजिमको कार्यसंचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु................ (अक्षरेपी .....................................) र दोस्रो पक्षको लागत सहभागिता रु. ............... (अक्षरेपी......................................) व्यहोरिने छ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको ....... कार्यक्रमका लागि सम्झौतामा समावेश गरिएको श्रोतवाहेक अन्य कुनै सरकारी, गैहसरकारी संघसंस्थावाट सहयोग, अनुदान आदिप्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनुपर्नेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरूले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

७. प्रथम पक्षले तोकेको ढांचा अनुसार कार्यक्रमको विवरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि जस्तो सम्पूर्ण विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा दोस्रो पक्षले सूचना पाटी/होर्डिंग बोर्ड राख्नुपर्नेछ।

८. दोस्रो पक्षले कार्यक्रम शुरुवातदेखि सञ्चालन सम्बन्धी सम्पूर्ण कार्यको अभिलेख राखेको हुनु पर्नेछ।

९. प्रथम पक्षको कर्मचारी प्रतिनिधिको उपस्थितिमा दोस्रो पक्षले कार्यक्रमको सुरुमा एकपटक र कार्यसम्पन्न भए पछी अन्तिममा एक पटक सार्वजनिक सुनुवाई (Public Audit)अनिवार्य गराउनुपर्नेछ।

१०. प्रथम पक्ष समक्ष रकम भुक्तानीको निबेदन पेश गर्दा उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको कागजपत्र र एक प्रति रंगिन फोटो समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

११. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश गरेपछि सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ।

१२. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानिनोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१३. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम ......... मितिसम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेटअनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

१४. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा दुवै पक्षको उपस्थितिमा समझदारी गर्न सकिनेछ र प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१५. कृषि उत्पादन सामाग्री, वीउ तथा औजार उपकरण खरिद गर्दा आधिकारिक श्रोत केन्द्रबाट मात्र खरिद गर्नु पर्नेछ ।

१६. दोस्रो पक्षले अनुदानमा प्राप्त औजार उपकरणमा अनुदान दिने निकाय तथा अनुदान रकम नमेटिने गरी लेख्नु पर्नेछ ।

१७. दुवै पक्ष बीच सम्झौता भएको मितिदेखि लागु हुने गरी प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम संचालन गर्नको लागि **कार्य आदेश दिएको** मानिनेछ ।

१८. कार्यक्रम संचालन भैसके पछी दोस्रो पक्षले रासायनिक मल तथा विषादि प्रयोग गरेको प्रमाणित भएमा प्रथम पक्षले जुनसुकै बेला पनि सम्झौता रद्ध गर्न सकिनेछ ।

१९. यो सम्झौतामा उल्लेख भएका कुराहरूमा यस वमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियमअनुसार हुनेछ।

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखतः | दस्तखतः- |
| नामः | नामः- |
| पदः- | पदः- |
| | सम्पर्क नम्बरः |
| मितिः- | मितिः- |
| कार्यालयको छापः- | संस्थाको छापः |

# प्राबिधिक विद्यालयमा अर्गानिक कृषि/पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७६

*मा.मन्त्रीज्यूबाट*
*मिति २०७६/०७/२५ गते स्वीकृत*

**<u>प्रस्तावनाः</u>** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७६/७७ को वार्षिक स्विकृत कार्यक्रम अनुसार प्राविधिक शिक्षालयमा अर्गानिक खेति र पशुपालन सम्बन्धि प्रविधि प्रशिक्षण तथा प्रदर्शन मार्फत अर्गानिक कर्णाली प्रदेशको ध्येयलाइ थप टेवा पुराउने उदेश्यले मन्त्रालयले कर्णाली प्रदेशका १० वटै जिल्लाहरूमा भएका प्राबिधिक विद्यालय र कृषि/पशुपालन बिषयमा अध्यापन गरिरहेका सामुदायिक विद्यालयमा कार्यक्रम सञ्चालनका लागि **प्राबिधिक बिद्यालयमा अर्गानिक कृषि/पशु कार्यक्रम संचालन कार्यविधि, २०७६** तयार गरेको छ ।

<u>परिच्छेद -१</u>

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "प्राबिधिक विद्यालयमा अर्गानिक कृषि/पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्य विधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका अनुदान प्रवाह गर्ने निकाय सम्झनुपर्छ।

(ग) "प्रागारिक कृषि" भन्नाले रासायनिक मल,रासायनिक विषादि,प्रयोग नगरि गरिने खेति लाई सम्झनुपर्छ।

(घ) "पशु" भन्नाले गाई,भैसी,भेडा,बाख्रा आदि सम्झनु पर्ने छ।

(ङ) "कार्यक्रम" भन्नाले भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्विकृत वार्षिक **प्राबिधिक बिद्यालयमा अर्गानिक कृषि/पशु कार्यक्रम** अन्तर्गत संचालन गरिने कार्यक्रमलाई सम्झनुपर्छ ।

(च) "अनुदान रकम" भन्नाले **प्राबिधिक बिद्यालयमा अर्गानिक कृषि/पशु कार्यक्रमबाट अर्गानिक प्रबिधि प्रसारणका लागि** उपलब्ध गराइने नगद तथा बस्तुगत सहयोग लाई सम्झनुपर्दछ ।

(छ) "प्राविधिक विद्यालय" भन्नाले कानूनी प्रकृया पुरा गरेर प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिम परिषद् (सि.टि.ई.भि.टि.) वा सि.टि.ई.भि.टि बाट सम्बोधन प्राप्त गरि कृषि/पशु सम्बन्धी १८ महिने र ३ बर्ष सम्म पढाई सचालन गर्ने सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

(ज) "प्रस्ताव" भन्नाले अर्गानिक कृषि/पशु सम्बन्धि पठनपाठन हुने विद्यालयले अनुदान प्राप्त गर्नको लागी पेश गरेको कार्ययोजना सहितको आवेदन सम्झनुपर्छ।

(झ) "साझेदार संस्था" भन्नाले मन्त्रालय वा मन्त्रलाय अन्तर्गतका निकायबाट सहयोग प्राप्त गर्ने कृषि/पशु सम्बन्धि पठनपाठन हुने विद्यालय सम्झनु पर्दछ ।

(ञ) "कृषि" भन्नाले अन्न बाली, पशुपन्छीपालन, माछापालन, रेशम खेती, मौरीपालन, बीउ उत्पादन, फलफूल खेती, तरकारी खेती, मसलाबाली, च्याउ खेति जस्ता व्यवसाय समेतलाई जनाउँछ ।

परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

२. **कार्यक्रम कार्यान्वयन विधिः** प्राविधिक विद्यालयमा प्रांगारिक कृषि/पशु कार्यक्रम कार्यान्वयन विधि देहाय अनुसार हुनेछ :-

१. यस कार्यक्रमलाई कृषि विकास कार्यालय र पशु अस्पताल तथा पशु सेवा कार्यालयले प्राबिधिक बिद्यालयद्वारा सचालन गर्नुपर्नेछ ।

२. संचालन गरिने कार्यक्रमहरुः प्राविधिक विद्यालयमा अर्गानिक कृषि/पशु कार्यक्रम अन्तर्गत देहायअनुसारका कार्यक्रमहरू सञ्चानल गरिनेछ :-

- प्रांगारिक खेती सम्बन्धि जनचेतना कार्यक्रम ।
- प्रांगारिक खेती तथा पशुपालन सम्बन्धि नमुना प्रदर्शनी कार्यक्रम ।
- प्रांगारिक खेती सम्बन्धि तालिम संचालन ।
- करार तथा कबुलियती वा बिद्यालयको आफनो जग्गामा बिभिन्न बालीहरूको प्रागारिक खेती वा पशुपालन ।
- प्रागारिक खेती तथा पशुपालन सम्बन्धि अन्य नबिनतम प्रबिधि आदि ।

*(नोट प्राबिधिक बिद्यालयले प्रस्ताव पेश गर्दा तालिम सहित नमुना प्रदर्शनि, खेतीपाती, पशुपालन जस्ता एकिकुत क्रियाकलापहरू समाबेश गर्नुपर्नेछ)*

३. **सूचना प्रवाह तथा प्रस्ताव आव्हान :** सूचना प्रवाह तथा प्रस्ताव आव्हान देहायनुसार हुनेछ :-

१. सूचना प्रवाहः- कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ । यस्तो प्रस्ताव सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत प्रचार प्रसार गर्न सकिनेछ ।

२. प्रस्ताव आव्हानः- प्रस्ताव पेश गर्न इच्छुक प्राविधिक विद्यालयहरूले अनुसूची-२ अनुसारको निवेदन साथ अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ ।

४. **प्रस्तावको मूल्याङ्कन तथा छनौट :** प्रस्तावहरूको मूल्याङ्कन तथा छनौट गर्न परिच्छेद २ को दफा ८ अनुसारको प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति गठन गरिनेछ । समितिले तपशिल बमोजिमका आधार र मापदण्ड बमोजिम प्राप्त प्रस्तावहरूको मूल्यांकन तथा छनौट गर्नेछ ।

(क) भौतिक पुर्वाधारको सुविधा हुनु पर्ने।

(ख) प्राविधिक शिक्षाको लागी मेसीनरी सामाग्री (कम्प्यूटर, प्रोजेक्टर, ल्यापटप, बिषयगत उपकरणहरू आदि) हुनु पर्ने।

(ग) विद्यालय व्यवस्थापन समिति गठन भएको हुनु पर्ने।

(घ) संस्था दर्ता नविकरण तथा सामाजीक लेखा परिक्षण गराएको हुनु पर्ने।

(ङ) प्रशिक्षक प्रशिक्षणको लागी आवश्यक जनशक्ति हुनुपर्ने।

(च) प्रयोगात्मक शिक्षाको लागि जग्गा तथा पशुपालन गर्न सकिने स्थान र पूर्बाधार हुनुपर्ने । जग्गा नभएमा लिजमा पनि लिएर गर्नसकिनेछ ।

(छ) अनुसूची ३ बमोजिमको प्रस्ताव तयार गरेको हुनुपर्नेछ । तर प्रस्तावमा प्राबिधिक बिद्यालय व्यबस्थापन र शिक्षक/ कर्मचारी खर्चका लागि रकम माग गर्न सकिनेछैन ।

(ज) विद्यालयले अर्गानिक कृषि र पशुपालन कार्यक्रम सञ्चालन गर्ने निर्णय ।

५. **<u>आवेदनका लागि चाहिने आवश्यक कागजातः-</u>** आवेदकले आवेदन साथ निम्न वमोजिम कागजातहरू संलग्न गर्नुपर्नेछ :-

क. विद्यालयले कार्यक्रम संचालन गर्ने संस्थागत निणयको प्रतिलिपि ।

ख. विद्यालय दर्ता नविकरण तथा सामाजीक लेखा परिक्षणको प्रतिलिपी

ग. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

घ. अनुसूची ३ बमोजिमको प्रस्ताव तयार गरेको हुनुपर्नेछ । तर प्रस्तावमा प्राबिधिक विद्यालय व्यबस्थापन र शिक्षक/कर्मचारी खर्चका लागि रकम माग गर्न सकिनेछैन ।

ङ. कृषि र पशुपालन बिषय अध्यापन गराउनका लागि प्राप्त अनुमति पत्र ।

६. **<u>अनुदान रकम प्रदान नहुने वा प्रस्ताव रद्ध हुने अवस्थाः</u>** देहाय बमोजिमका अवस्थामा अनुदान रकम प्रदान नहुने वा प्रस्ताव रद्ध हुन सक्नेछः-

१. कार्यविधि र मापदण्ड भन्दा फरक किसिमको कार्यक्रम संचालन गर्न प्रस्ताव पेश भएमा स्वतः रद्ध हुनेछ।

२. आवेदन साथ संलग्न भएका विवरणहरूको स्थलगत अनुमगन तथा प्रमाणीकरणको बाट झुट्टा विवरण पेश भएको पाइएमा सो प्रस्तावलाई मूल्यांकनमा समावेश गरिने छैन ।

३. सूचना प्रकाशन भएको मिति भन्दा पछि दर्ता भई आवेदन पेश गर्ने संस्थाहरूलाई मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन ।

७. **<u>प्रस्ताव मूल्याङ्कनतथा छनौट समितिः</u>** प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति देहाय अनुसार हुनेछः-

| | | |
|---|---|---|
| क. | विषयसँग सम्बन्धित अधिकृत वा कार्यालय प्रमुखले तोकेको प्रतिनिधि, | - संयोजक |
| ख. | जिल्ला स्थित शिक्षा समन्वय कार्यालयबाट प्रतिनिधि | - सदस्य |
| ग. | योजना शाखाका प्रमुख, सम्बन्धित कार्यालय | - सदस्य-सचिव |

समितिले आवश्यकता अनुसार बैठकमा सम्बन्धित विषय विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ।

८. **मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

क. स्थलगत अध्ययन, अवलोकन गरी प्राप्त प्रस्ताव उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्नेछ ।

ख. समितिले समग्र विषय वस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त प्रस्तावहरूको योग्यताक्रम लिष्ट तयार गरी अन्तिम लिष्ट प्रकाशन गर्नेछ ।

ग. समितिले मूल्याङ्कन सम्बन्धी कार्य गर्दा प्रस्ताव पेश भएको अन्तिम मितिले ७ दिनभित्र प्रस्ताव छनौट गर्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ । उक्त म्याद भित्र छनौट गर्न नभ्याउने भएमा उचित कारण र आधार खुलाई पुनः बढीमा ७ दिनको म्याद थप गर्न सकिनेछ ।

घ. मूल्याङ्कन समितिले मूल्याङ्कन प्रतिवेदन तयार गरि सकेपछि आवश्यक राय तथा सिफारिस सहित कार्यालयका प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

ङ. कार्यालयले छनौट भएका प्रस्तावहरूको विवरण खुलाई ७ दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्नुपर्नेछ ।

च. छनौटमा परेका प्रस्ताव उपर उजुरी नपरेमा छनौट भएको ८ औं दिन देखि ३ दिन भित्र सम्झौता गर्न आउने गरी छिटो साधन मार्फत सम्बन्धित प्रस्तावकर्तालाई सूचना दिनुपर्नेछ ।

छ. छनौट भएका प्रस्ताव उपर उजुरी परेमा ७ दिन भित्रमा उजुरी उपर आवश्यक निर्णय गरी सक्नु पर्नेछ ।

९. **<u>प्रस्ताव छनोटका आधारहरु:</u>**

मूल्यङ्कन समितिले तपशिल बमोजिमका आधारहरूलाइ आधार मानि सोही अनुसार अङ्क भार दिइ प्रस्ताव छनोट गर्नसकर्नेछ ।

| सिन | आधारहरू | अङ्क भार |
|---|---|---|
| १ | बिद्यालयसँग उपलब्ध भौतिक स्रोत साधन | |
| २ | बिद्यालयसँग उपलब्ध कृषि/पशु बिषयसँग सम्बन्धित प्रशिक्षक | |
| ३ | प्रस्ताबित कार्यक्रमको औचित्यता, लागत, साझेदारी, प्रतिफल लगायतका सुचकहरू | |
| ४ | कार्य सम्पन्न गर्न सक्ने आधारहरू | |
| ५ | बिद्यालयका अध्ययनरत बिद्यार्थि सख्या | |
| ६ | प्रयोगात्मक प्रशिक्षणका लागि उपलब्ध स्रोत र साधनहरू | |

**नोटः** मूल्याङ्कन समितिले माथि उल्लेखित आधारहरू बाहेक अन्य आधारहरू तय गरेर प्रस्ताव छनोट गर्नसक्नेछ ।

१०. **<u>सम्झौता र भुक्तानी :</u>** प्राविधिक विद्यालयमा प्रांगारिक कृषि/पशु सेवा कार्यक्रम संचालन गर्दा देहाय अनुसार सम्झौता र भुक्तानी हुनेछ ।

(क)**सम्झौता**ः अनुदान प्रवाह गर्ने निकायले छनौट भएको अनुदानग्राहीसँग भुक्तानी प्रकृया तथा अनुदानग्राहीको दायित्व स्पष्ट रुपमा उल्लेख भएको सम्झौता अनुसूची-४ अनुसार गर्नु पर्नेछ ।

११. **सहयोग रकमः** स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रही प्रस्तावको उपयुक्तताको आधारमा प्राविधिक विद्यालयलाई स्वीकृत योजनाको लागतमा ७० प्रतिशत सहयोग गरिनेछ साथै अनुदानग्राही प्राबिधिक बिद्यालयले ३० प्रतिशत लागत सहभागिता सुनिश्चित गर्नुपर्नेछ । साथै भौतिक पूर्बाधार निर्माणका कार्यहरूमा भने कम्तिम ५० प्रतिशत श्रमदानको शुनिश्चतता गर्नुपर्नेछ ।

१२. **साझेदार सँस्था पालन गर्नुपर्ने शर्तः** अनुदानग्राहीले देहायनुसारका शर्तहरू पालन गर्नु पर्नेछ :

१. अनुदानग्राहीले कृषि/पशु सकायमा अध्ययनरत बिद्यार्थीहरूलाइ कार्यक्रममा समाबेश गरि कार्यक्रम सचालन गर्नुपर्नेछ ।

२. आफनो स्वीकृत परियोजना सम्बन्धित कामको विवरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि सहितको बिवरण बिद्यालयको सूचना पाटी र कार्यक्रम स्थलमा राखु पर्नेछ।

३. कार्यक्रम शुरुवात देखि सञ्चालन सम्बन्धी सम्पूर्ण कार्यको अभिलेख राखेको हुनु पर्नेछ।

४. कार्यक्रम सञ्चालनका क्रममा मन्त्रालय र मातहतका कार्यालय-हरूबाट दिइएको निर्देशनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

परिच्छेद-३

## अनुगमन मूल्याङ्कन

१३. **अनुगमन मूल्याङ्कन** :कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसूकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

परिच्छेद-४

## विविध

१४. **कार्वाहीको व्यवस्था:-** कार्वाहीको व्यवस्था देहाय अनुसार हुनेछ

१. सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराइने छैन ।

२. अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

३. यस्ता अनुदानग्राहीहरूलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ ।

**द्रष्टव्यः** यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोहीबमोजिम हुनेछ ।

**१५. बाधा अड्काउ फुकाउनेः-**

१. यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ ।

२. यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

<u>अनुसूची- १</u>

## प्राविधिक विद्यालयमा प्रांगारिक कृषि/पशुसेवा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हानको सूचना

यस ..........................................................................................को आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ....... सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ........................... जिल्लाका इच्छुक प्राविधिक विद्यालयको लागी दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ............ दिन भित्र ..................कार्यालयमा तपसिल अनुसारका कागजातहरू संगलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धी थप जानकारीका लागि .................................मा सम्पर्क गर्न सकिनेछ ।

**आवश्यक कागजात**

१. अर्गानिक मोडेल कृषि कार्यक्रम सञ्चालन गर्ने अनुसूची -४ अनुसारको प्रस्तावना
२. आ.व. को विद्यालय दर्ता नविकरण तथा संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि ।
३. विद्यालयले आ.व.सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण ।
४. विद्यालयको तर्फवाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि ।
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
६. सम्बन्धित निकायबाट कृषि/ पशु सकाय तर्फको अध्यापन गर्ने अनुमति पत्र ।
७. स्थानिय तहको सिफारिस भएमा प्राथमिकता दिइनेछ ।

<u>अनुसूची -२</u>

## प्राविधिक विद्यालयमा प्रांगारिक कृषि/पशुसेवा कार्यक्रम सञ्चालनका लागि निवेदन ढाँचा

मिति

**विषयः प्राविधिक विद्यालयमा प्रांगारिक कृषि/पशुसेवा कार्यक्रम सञ्चालनका लागि अनुदान रकम उपलव्ध गरि पाऊ ।**

श्रीमान् ........................... ज्यु

महोदय

हामी/म निम्न लिखित प्रस्तावना फारम (क) मा दस्तखत भएका व्यक्तीहरू/व्यक्ती वाट ... जिल्ला... गापा/नपा वडा न...... मा पर्ने ............................ नामक प्राविधिक शिक्षालय/ सामुदायिक विद्यालयले प्राविधिक विद्यालयमा प्रांगारिक कृषि/पशुसेवा कार्यक्रम सञ्चालनका लागि अनुदान रकमको आवश्यकता परेकोले रु. १० को टिकट टास गरि अनुसूचीमा संलग्न फारम भरि यो प्रस्तावना पेश गरेका छौं/छु ।

**निवदेक**
प्राविधिक विद्यालयको प्रतिनिधिको दस्तखत
नामः
पदः
सम्पर्क फोन नं
मितिः
संस्थाको छाप

<u>अनुसूची–३</u>

## कार्ययोजना योजना

### प्रस्तावको ढाँचा

खण्ड १ः आवेदक प्राबिधिक बिद्यालयको विवरण

| आवेदक संस्थाको | नामः |
|---|---|
| आबेदकको पुरा ठेगाना | जिल्लाः....................गा.पा/न.पाः................................ वडा नंः........<br>गाँउ/टोलः............................... ईमेल.......................................<br>टेलिफोन नंः............................................... |
| कार्यक्रम ठेगाना | १. सम्पर्क ब्यक्तिको नामः................................<br>२. टेलिफोन....................... मोवाईलः....................<br>३. फ्याक्सः..............................................<br>४. इमेल................................................... |
| आवेदकसंस्थाको स्थापना मिति | १ |
| आवेदकसंस्था बाट कृषि/ पशु शिक्षा अध्यापन अनुमित मिति | गते/महिना/बर्ष................................................ |
| सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भएको | दर्ता नम्बर ............................................<br>सस्था दर्ता गर्ने निकाय.................................<br>मितिः(दिन/महिना/बर्ष)..................................... |
| भ्याट/प्यान दर्ता नं. | ................................................................ |
| बैक खाता विवरण | बैंकको नामः ठेगानाः<br>खाता नं.ः<br>खाता संचालकहरूको नामः |

**कार्यक्रमको सारांश**

| | |
|---|---|
| प्रस्तावित कार्यक्रमको नाम | |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| वर्तमान क्रियाकलापहरू (कृषि/पशु अध्यापनको मात्र) | |
| प्रस्तावित कार्यक्रमको प्रमुख उद्देश्य | •<br>• |
| प्रस्तावित कार्यक्रमका मुख्य क्रियाकलाप | •<br>• |
| प्रस्ताबित कार्यक्रमको औचित्य/कारण | • |
| कार्यक्रम सचालनबाट अपेक्षित प्रतिफल | • |
| प्रस्तावित कार्यक्रमबाट लाभान्वित वर्ग/बिद्यार्थी | • |

**खण्ड २ कार्यक्रमको विवरण**

<table>
<tr><td colspan="2">२.२ चुनौती, अवसरहरू</td></tr>
<tr><td colspan="2">प्रस्तावित कार्यक्रमको प्रमुख समस्या तथा अवसरहरू तथा तिनमा आधारित क्रियाकलापहरू जसले समस्याहरूलाई खुकुलो बनाउछ र अवसरहरूको उचित उपयोग ।</td></tr>
<tr><td>समस्याहरू</td><td>अवसरहरू र मूल्य अभिबृद्धिका अवसरहरू,</td></tr>
<tr><td>१<br>२<br>३</td><td></td></tr>
<tr><td colspan="2">२.३ प्रस्तावित क्रियालकपहरू<br>बढिमा ५०० शब्दभित्र प्रस्तावित क्रियाकलापहरूको संक्षिप्त विवरण (के, कसरी, कस्ले, कहाँ गर्ने)<br>क्रियाकलाप १ भकारो सुधार<br>क्रियाकलाप २ जैविक मल<br>क्रियाकलाप ३ जैविक विषादी<br>.....................</td></tr>
<tr><td colspan="2">२.४ नतिजा र प्रतिफल</td></tr>
<tr><td>प्रतिफल सूचकहरू</td><td>कार्यक्रमको लक्ष्य</td></tr>
<tr><td>क्षेत्रफल</td><td>.........रोपनी</td></tr>
<tr><td>उत्पादन</td><td>.........संख्या, .......टन</td></tr>
<tr><td>उन्नत प्रविधि, उन्नत जात, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग</td><td>मुख्य–मुख्य मेशिन औजार तथा जातको नाम, प्रकार तथा क्षमता उल्लेख गर्ने</td></tr>
<tr><td>विक्रि परिमाण बृद्धि</td><td>......टन/वार्षिक</td></tr>
<tr><td>आम्दानी बृद्धि</td><td>रु. ......./वार्षिक</td></tr>
<tr><td>रोजगारी बृद्धि</td><td>......जना स्वरोजगार, .........जना वर्षैभरी रोजगार, ...... जना वा कार्यदिन आंशिक रोजगार</td></tr>
</table>

**खण्ड ३ लागत अनुमान**

प्रस्ताबित कृषि कार्यक्रमको कृयाकलाप, बजेट तथा लागत साझेदारीको बिस्तृत बिवरण

| सिन | क्रियाकलापहरू | परिमाण | लागत | अनुदान माग गरेको रकम | लागत साझेदारी रकम (यदि भएमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

नोटः यदि कृषि र पशुपालन सम्बन्धमा भौतिक पूर्बाधारहरूको निर्माण भएमा सो को डिजाइन तथा लागत अनुमान सम्बन्धित विषय विशषेज्ञ वा प्रशिक्षकबाट गराउनुपर्नेछ ।

**खण्ड ४ कार्यतालिकाः**

प्रस्ताबित क्रियाकलपाहरूको कार्यतालिका

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अन्य थप बिवरण केहि भएमा

<u>अनुसूची–४</u>

## सम्झौता पत्रको नमुना

यो सम्झौता पत्र.................कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र .......................प्राबिधिक शिक्षालय/ सामुदायिक बिद्यालय.............गा.पा /नपा वडानं. टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरूलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

१. यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालन गरी मिति २०७५ साल महिना गतेसम्म संम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. यस सम्झौता बमोजिमको प्राबिधिक बिद्यालयमा अर्गानिक कृषि कार्यक्रम सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न योजनाको प्रकृति अनुसार वढीमा तीन किस्ता देहाय बमोजिम भुक्तानी गरिने छ,

    १. सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,
    २. पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,
    ३. सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी ।

४. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्षमार्फत अनुदान स्वरुप रु. ................. (अक्षरेपी..................) र दोस्रो पक्षको लागत सहभागिता रु. ...... (अक्षरेपी...........................) व्यहोरिनेछ ।

५. दोस्रो पक्षले सम्झौताबमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरूले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

६. सम्झौता बमोजिमको प्राबिधिक बिद्यालयमा अर्गानिक कृषि कार्यक्रम सम्बन्धी कार्य सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ।

७. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भएको सात दिनभित्र सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ ।

८. दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानिनोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

९. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम .......... मितिसम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

१०. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

११. यो सम्झौतामा उल्लेख भएका कुराहरूमा यस वमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखत | दस्तखत :- |
| नाम | नाम :- |
| पद :- | पद :- |
| मिति :- | मिति |
| कार्यालयको छाप :- | संस्थाको छाप :- |

**रोवर**

| | |
|---|---|
| दस्तखत | दस्तखत :- |
| नाम | नाम :- |
| ठेगाना | ठेगाना :- |
| मिति | मिति :- |

# लक्षित वर्ग अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम
# कार्यान्वयन कार्यविधि, २०७६

*मा.मन्त्रीज्यूबाट*
*मिति २०७६/०७/१७ गते स्वीकृत*

**प्रस्तावनाः** कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दलित,अति विपन्न तथा लक्षित वर्ग विशेष एकिकृत नमूना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी दलित,अति विपन्न किसानको आय आर्जन मार्फत जीवनस्तरमा सुधार गर्ने उद्देश्यले मन्त्रालयले "लक्षित वर्ग अर्गानिक **कृषि प्रवर्द्धन कार्यक्रम कार्यान्वय कार्यविधि,२०७६"** तयार गरेको छ ।

परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम"**लक्षित वर्ग अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६**"रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।

(ख) "कार्यालय"भन्नाले मन्त्रालयवा मन्त्रालय अन्तर्गतका आर्थिक सहयोग प्रवाह गर्ने निर्देशनालय,कृषि विकास कार्यालय, पशु अस्पताल तथा पशुसेवा कार्यालय समेतलाई सम्झनु पर्छ।

(ग) "लक्षित वर्ग" भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा भएको जग्गा तथा अन्य सम्पतिबाट बर्षको ३ महिना सम्मलाई मात्र खान पुग्ने अवस्था भएका समुदाय, कृषि मजदुर, पिछडिएको वर्ग, दलित, जनजाति, महिला,एकल महिला,अपाङ्गता भएका व्यक्ति, तथा द्वन्द पिडित लगायत अन्य सीमान्त कृत ब्यक्तिलाई समेत सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्विकृत वार्षिक दलित, अतिविपन्न तथा लक्षित वर्ग विशेष एकिकृत नमूना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रमलाई सम्झनुपर्छ ।

(ङ) "आर्थिक सहयोग" भन्नाले लक्षित वर्ग विषेश कार्यक्रम मार्फत दलित, अति विपन्न तथा लक्षित बर्गका किसानले प्राप्त गर्ने नगद वा जिन्सी वा सेवा समेतलाई सम्झनु पर्दछ ।

(च) "लाभग्राही" भन्नाले दलित, अति विपन्न तथा लक्षित वर्ग विशेष अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम मार्फत आर्थिक सहयोग प्राप्त गर्ने किसानलाई सम्झनु पर्दछ ।

(छ) "सामुहिक खेती" भन्नाले दुई वा दुई भन्दा बढि लक्षित बर्गका व्यक्तिहरू मिलेर छरिएर रहेको जमिनलाइ एकिकृत गरी वा करारमा जमिन प्राप्त गरी आफ्ना सदस्यहरूलाई प्रत्यक्ष संलग्न गराएर सामूहिक वा व्यक्तिगत जोखिम बहन गर्ने गरी संचालन गरिएको खेतीपाती सम्झनुपर्छ

। सो शब्दले सामूहिक जोखिममा गरीने रैथाने बाली, अन्न बाली, पशुपन्छीपालन, माछापालन, रेशम खेती, मौरीपालन, कुखुरापालन, बीउ उत्पादन, फलफूल खेती, तरकारी खेती, मसलाबाली, च्याउ खेती जस्ता व्यवसाय समेतलाई जनाउँछ ।

(ज) "एकिकृत कृषि फार्म" भन्नाले कृषि र पशुपन्छीपालन एकै ठाउँमा गरी मुख्य उत्पादन र खेर जाने सहायक उत्पादनको सदुपयोग गर्ने गरी व्यवस्थापन गरिएको फार्मलाई जनाउँछ ।

परिच्छेद-२

## कार्यक्रमको उद्देश्य

१. छनौट गरिएका लक्षित बर्गका परिवारलाई उत्पादन तथा उधमका माध्यमवाट आर्थिक रुपले आत्मनिर्भर वनाउने ।
२. कृषि, पर्यटन, स्वास्थय, सामाजिक लगायत हरेक क्षेत्रबाट नमुना विकास मोडेल गाउँका रुपमा विकसित गर्ने ।
३. लक्षित वडाकोगाउं/टोलका घरधुरीहरूमा रोजगारीका अवसरहरू सृजना गर्ने।
४. शैक्षिक, औद्योगिक, स्वास्थ्य लगायतका अन्य भौतिक पुर्वाधारमा सरोकारवालाहरू सँगको समन्वय मार्फत पहुचमा बृदि गर्ने ।
५. सामाजिक तथा सांस्कृतिक रुपान्तरणका कार्यक्रम मार्फत लक्षित गाउँ/टोललाई सभ्य समाजको रुपमा स्थापित गर्ने ।

परिच्छेद-३

## कार्यक्रम संचालन प्रक्रिया

३. **संचालन गरिने कार्यक्रमहरुः** प्रत्येक जिल्लामा छनौट गरिएका गाउँ/ नगरपालिकाको वडाभित्र दलित, अति विपन्न तथा लक्षित वर्गका समुदायलाई लक्षित गरी स्थानिय आवश्यकता र सम्भाव्यताका आधारमा देहाय अनुसारका कार्यक्रमहरू संचालन गर्न सकिने छन्ः-

१. कृषि तथा पशुपंछी जन्य वस्तुहरूको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग बजारीकरण तथा भण्डारण सम्बन्धी कार्यक्रम,
२. उत्पादनसँग र उधमसँग जोडिएका सिचाई पूर्वाधार निर्माणका कार्यक्रमहरू,
३. सामुहिक/सहकारी/करार/बगर खेती सम्बन्धी कार्यक्रम
४. लघु उद्योग स्थापना, संचालन र व्यबस्थापन गर्ने सम्बन्धी कार्यक्रम,
५. परम्परागत पेशा, व्यवसाय, तथा रैथाने बाली वस्तुको प्रवर्द्धन ।
६. कृषि पर्यटन क्षेत्रको विकाससंग सम्वन्धीत कार्यक्रम
७. वीउविजन उत्पादन तथा बिक्रि वितरण गर्ने सम्बन्धी कार्यक्रम,
८. संकलन केन्द्र, हाटबजार तथा कृषि र पशुजन्य वस्तुहरूको खरिद बिक्री सम्बन्धी कार्यक्रम,
९. उत्पादन र उधम प्रवर्द्धन/व्यवसायसँग सम्बन्धित सिपमूलक तालिम कार्यक्रमहरू,

१०. अन्य कार्यक्रमः-यसका अलावा माग र स्थानीय संभाव्यताका आधारमा र जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रम गर्न सकिनेछ ।

४. **<u>दलित, अति विपन्न तथा लक्षित बर्ग नमुना गाउका सुचकहरूः</u>** परिच्छेद ३ को दफा ३ अनुसारका कार्यक्रमहरू संचालन गर्दा देहाय बमोजिकका सूचकहरू प्राप्त हुने गरी कार्यक्रमहरू संचालन गर्नु पर्नेछ । उक्त सुचकहरू हासिल गरेमा मात्र दलित, अति विपन्न तथा लक्षित वर्ग नमूना अर्गानिक गाउँका रूपमा स्थापित भएको मानिने छ ।

१. कृषि तथा पशुपन्छी पालनमा प्रागारिक पद्दतिको पालना गरि कम्पोष्ट मल, भर्मि कम्पोष्ट, गोठेमल र भकारो सुधारको प्रयोग भएको हुनुर्पेछ ।
२. दिगो कृषि प्रणालीको लागि एकीकृत रुपमा पशुपालन तथा बाली उत्पादन गरेको हुनुपर्नेछ ।
३. क्षेति न्यूनिकरणका लागि बाली तथा पशुपन्छी बिमा गरेको ।
४. वानस्पतिक विषादि बनाउन प्रयोग गरिने विभिन्न खालका पाँच प्रजातिका विरुवाहरू ५/५ वटाको दरले रोपेको हुनुपर्नेछ ।
५. आली कान्ला तथा खेत वारीमा उत्पादित झारपात तथा बनवुट्यान आगो नलगाई कम्पोष्ट बनाई प्रयोग गरेको हुनुपर्ने ।
६. स्थानीय स्रोत तथा परम्परागत ज्ञान, शीप र प्रविधिको अधिकतम प्रयोग भएको ।
७. सहायक उत्पादनको अधिकतम पुनप्रयोग र सदुपयोग गरेको ।

५. **<u>प्राविधिक सहयोगः-</u>** दलित, अति बिपन्न लक्षित बर्ग एकिकृत नमुना प्रागारिक गाउ कार्यक्रम संचालनका लागि छनोट गरिएका वडा र वडाभित्रका टोल वा बस्तीमा प्राविधिक सहजीकरणका लागि एक जना कृषि वा पशु सेवा प्राविधिक (प्रा.स./ना.प्रा.स.स्तर) जनशक्तिको व्यवस्था गर्नुपर्नेछ ।

६. **<u>प्राविधिकको छनौटः-</u>**

१. प्राबिधिकको छनोट निर्देशक समितिले गर्न सकिनेछ । छनोट गर्दा सम्बन्धित वडा वा नभएमा सम्बन्धित पालिका क्षेत्रबाट कृषि प्राविधिक छनोट गर्न सकिनेछ ।
२. यदि पालिका भित्रबाट पनि प्राबिधिक नभएमा सम्बन्धित पालिकाको नजिक पर्ने पालिकाबाट छनोट गर्न सकिनेछ ।
३. प्राविधिकको सेवा सुविधा सम्बन्धित कार्यक्रम बाटै बेहोरिने छ।

७. **<u>प्राविधिकको जिम्वेवारी</u>**

१. छनोट भएको प्राबिधिकले संचालक समितिसँग समन्वय गरि कार्यक्रम बनाउने, प्राबिधिक सेवा दिने, सामाजिक परिचालन लगायत समुदायमा देखिएका समस्यालाइ सम्बोधन गर्ने ।
२. दलित,अति विपन्न तथा लक्षित वर्ग विशेष एकिकृत नमूना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रमको सफलताका लागि जिम्मेवार भइ काम गर्ने ।
३. निर्देशक समितिले आवश्कता अनुसार अन्य काममा पनि खटाउन सकिनेछ ।

८. **कार्यक्रम कार्यान्वयन विधिः** दलित, अति विपन्न तथा लक्षित वर्ग एकिकृत नमूना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन विधि देहायअनुसार हुनेछ :-

१. कृषि विकास कार्यालय/पशु अस्पताल तथा पशु सेवा कार्यालयले कार्यक्रम संचालन गर्ने सम्बन्धित स्थानीय तहसंग समन्वय गरि गाउँ/नगर पालिकास्तरीय परिच्छेद ४ को दफा १२ को उपदफा २ अनुसार दलित, अति विपन्न तथा लक्षित वर्ग एकिकृत नमूना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम निर्देशक समिति गठन गर्नु पर्नेछ।

२. निर्देशक समितिले लक्षित बर्गमा कार्यक्रम संचालन गर्दा कृषि बिकास कार्यालयको आ.ब. २०७६/७७ को स्विकृत कार्यक्रममा नै उल्लेख भएको पालिका र वडामा नै गर्नु पर्नेछ।

३. यदि कृषि बिकास कार्यालयको आ.ब. २०७६/७७ को स्विकृत कार्यक्रममा पालिका उल्लेख भएको तर वडा उल्लेख नभएमा वडा र वडा भित्र पर्ने टोलको छनोट निर्देशक समितिका संयोजकले जतिसक्दो छिटो छनोट गरि कृषि बिकास कार्यलयमा जानकारी दिनुपर्नेछ ।

४. यदि छनोट गरिने बस्ती वा टोलमा २ वा २ भन्दा बढि वडाका समुदायको बसोबास भएमा दलित, अति विपन्न र लक्षित समुदायको आधार पुग्ने घरधुरीमा कार्यक्रम संचालन गर्न सकिनेछ ।

५. निर्देशक समितिले परिच्छेद ४ को दफा ११ को उप दफा २ बमोजिम छनौट गरिएको दलित, अति विपन्न तथा लक्षित वर्ग एकिकृत नमूना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम संचालक समिति गठन गर्नुपर्नेछ ।

६. मन्त्रालय/मन्त्रालय मातहतका आर्थिक सहयोग प्रवाह गर्ने कार्यालयले निर्देशक समितिसंग समन्वय गरी स्थानीय आवश्यकताको पहिचान गरी समस्या सङ्कलन तथा विश्लेषण गरी परिच्छेद ३ को दफा ३ अनुसार स्थानीय सम्भाव्यता र आवश्यकताको आधारमा कार्यक्रमहरू तर्जुमा गरी संचालन गर्नुपर्नेछ ।

७. कार्यक्रमको निर्माण, सञ्चालन, ब्यवस्थापन, उत्पादन, बजारीकरण जस्ता विभिन्न क्रियाकलापहरू सञ्चालनगर्दा सम्भव भए सम्म स्थानीय स्रोत, साधन, सीप, क्षमता, जनशक्तिको प्रयोग गर्नुपर्नेछ।

८. परिच्छेद ४ को दफा ११ को उप दफा २ बमोजिम गठन गरिएको संचालक समितिले अनुसूची १ बमोजिम सम्झौता गरि कार्य सम्पन्न गर्नुपर्नेछ ।

९. **दलित, अति विपन्न तथा लक्षित वर्ग विशेष गाउँ छनौटका आधारहरू**

१. अति विपन्न तथा दलित समुदाय बसोबास भएको गाउँ हुनुपर्ने ।

२. लक्षित वर्ग छनोट गर्दा न्युनतम ४० देखि बढीमा १५० घरधुरी नकट्ने गरी छनौट गर्नुपर्ने छ ।

३. टोल वा बस्ती छनौट गर्दा सम्भाव्यताका आधारमा छनौट गर्नुपर्नेछ र छनोट भएको गाउँले दलित, अति विपन्न तथा लक्षित वर्ग नमुना गाउँका सूचकहरू पूरा गर्न सक्नेखालको हुनुपर्नेछ ।

४. गाउँ छनौट गर्दा एकै भुगोलसंग जोडिएको वस्तीलाई छनौट गर्नुपर्ने छ। यदि कुनै ठाउँमा अलग दुई वडा छन भने वडा जोडिएको एकै भुगोल हुनुपर्ने छ ।

५. कार्यक्रमलाई केन्द्रीकृत परिणाममुखी गराउने गरि टोल वा वस्तीको छनौट गर्ने।

परिच्छेद-४

## समितिहरूको गठन तथा काम कर्तब्यहरू

### १०. निर्देशक समितिहरूको गठन तथा काम, कर्तव्यहरू

१. गाउँ/नगर पालिकास्तर दलित, अति विपन्न तथा लक्षित वर्ग एकिकृत नमूना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम निर्देशक समितिको गठन, काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

२. कार्यक्रम निर्देशक समितिः दलित, अति विपन्न तथा लक्षित वर्ग एकिकृत नमूना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम निर्देशक समिति देहाय बमोजिम हुनेछ ।

क) सम्वन्धित प्रदेश सभा सदस्य संयोजक

ख) सम्वन्धित स्थानीय तहको प्रमुख /उपप्रमुख वा प्रमुखले तोकेको प्रतिनिधि सदस्य

ग) पशु अस्पताल तथा पशु सेवा कार्यालयका प्रमुख....... सदस्य

घ) लक्षित गाउँ/टोलको संचालक समितिका अध्यक्ष....... सदस्य

ङ) लक्षित गाउँ/टोलकोवडाअध्यक्ष. .......................... सदस्य

च) कृषि बिकास कार्यालयका प्रमुख ..................... सदस्य सचिब

समितिले आवश्यकता अनुसार बिषय बिशेषज्ञहरूलाइ समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

### ११. काम कर्तव्य र अधिकारः

(क) दलित, अति विपन्न तथा लक्षित बर्गका समुदाय बस्ने वस्ती/टोलको छनौट गर्ने ।

(ख) स्थानीय आवश्यकता पहिचान गर्ने, सम्भाव्यता अध्ययन गर्ने र व्यवसायिक कार्ययोजना वनाउनसहजिकरण गर्ने ।

(ग) तथ्याङ्क सङ्कलन, प्रशोधन तथा विश्लेषण गरी सम्भाव्यता तथा आवश्यकताको आधारमा जनताको भावना अनुसारलक्षित वर्ग नमुना गाउँमा संचालन गर्नु पर्ने कार्यक्रम तर्जुमामा सहजीकरण गर्ने ।

(घ) संचालक समितिबाट प्रस्ताव गरिएको कार्यक्रम, व्यबसायिक योजना, प्रगति प्रतिबेदन लगायतका क्रियाकलपाहरूको स्वीकृति प्रदान गर्ने ।

(ङ) कार्यक्रम संचालनका लागि प्रभावकारी विधि वनाउने।

(च) सम्भाव्यता अध्ययन गरेका योजना लाई कार्यालय मार्फत मन्त्रालयमा पठाउने।

(छ) कार्यक्रमसंचालन र प्रवर्द्धनको लागि समन्वयगर्ने ।

(ज) कृषि क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरू, सेवाप्रदायकहरू समन्वय सहकार्य गर्ने ।

(झ) कार्यक्रमको अनुगमन, सुपरीवेक्षण गर्ने ।

(ञ) कृषि विकास कार्यालय तथा प्रदेश भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सुर्खेत संग समन्वय र सहकार्य गर्ने ।

(ट) आचारसंहिता वनाउने।

(ठ) कामलाई प्रभावकारी वनाउन संचालक समितिलाई निर्देशन दिने।

(ड) गाउँको आर्थिक आत्मनिर्भरताका लागि अल्पकालीन, मध्यकालीन र दिर्घकालिन योजना निर्माण गरी कामलाई योजनावद्द र क्रमिक रुपले अगाडि वढाउने।

(ढ) कार्यक्रमलाइ प्रभावकारी बनाउन आगामि बर्षका लागि पनि कार्यक्रम बनाउने ।

(ण) गाउको चौतर्फि विकासका लागि योजना वनाई सम्वन्धीत सवै निकायहरूमा पहल गर्ने ।

(त) नतोकिएकातर अति आवश्यक कामहरूको आफैले कार्यशर्त विवरण(TOR) वनाई लागू गर्ने ।

(थ) कार्यक्रम छनौट गर्दा दिगो आर्थिक विकास संग जोडिएका कार्यक्रम मात्रै संचालन गर्न निर्देशन दिने ।

## १२. <u>गाउँ/टोल स्तरीय संचालक समितिको गठन काम, कर्तव्य तथा अधिकारहरुः</u>

१. कार्यक्रम संचालन गरिने वडा र वडा भित्रको टोल वा बस्ती मादलित, अति विपन्न तथा लक्षित वर्ग एकिकृत नमूना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम संचालनको लागि एउटा गाउँ/टोल स्तरीय दलित, अति विपन्न तथा लक्षित वर्ग एकिकृत नमूना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम संचालक समिति रहनेछ, जसलाइ **कार्यक्रम संचालक समिति** भनेर भनिने छ । यसको गठन गठन, काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

२. <u>लक्षित गाउँ/टोल स्तरिय कार्यक्रम संचालक समितिको गठन</u>ः छनौट गरिएको बस्तिमा कार्यक्रम संचालक समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) लक्षित वर्गका लाभग्राहिहरूबाट सर्बसम्मत छनौट भएको ब्यक्ति ...... अध्यक्ष

(ख) लक्षित बर्गका महिला कृषक प्रतिनिधि १ जना........ उपाध्यक्ष

(ग) लक्षित गाउँमा भएका सहकारीतर्फको प्रतिनिधि १ जना ... सदस्य

(घ) लक्षित बर्गका लाभग्राहीबाट महिला प्रतिनिधि १ जना ............कोषाध्यक्ष

(ङ) लक्षित बर्ग लाभग्राहीबाट दलित प्रतिनिधि................. सदस्य

(च) लक्षित बर्ग लाभग्राहीबाट जनजाती/द्वन्दपिडित/सहिद परिवार वा अपाङगता प्रतिनिधि......................................... सदस्य

(छ) लक्षित बर्ग नमुना गाउँको कृषि वा पशुसेवा प्राविधिक ...... सदस्य सचिब

## १३. <u>काम कर्तव्य र अधिकारः</u>

(क) दलित, अति विपन्न तथा लक्षित वर्ग विशेष एकिकृत नमूना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रमको प्रभावकारी रुपमा संचालन गरि लक्षित बर्गको सामाजिक, आर्थिक तथा सास्कृतिक बिकास गरि नमुना बिकास मोडेलको रुपमा स्थापित गराउने प्रमुख कर्तव्य र जिम्म्वारी हुनेछ ।

(ख) समितिले लाभग्राहीको सहभागिता १ दिने कार्यक्रम तर्जुमा गोष्ठि आयोजना गरि कार्यक्रम तर्जुमा गर्ने । कायर्यक्रम तर्जुमामा कृषि बिकास कार्यलय र पालिकाका कृषि तथा पशु शाखाका प्रमुखलाइ अनिवार्य सहभागीता गराउने ।

(ग) समन्वय समितिबाट सिफारिस भई आए बमोजिम कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(घ) तीन किस्तामा भुक्तानी हुने गरी कार्यक्रम तथा बजेटको परिधि भित्र रही आर्थिकसहयोग रकम र भुक्तानीका तरिका निर्धारण गर्ने ।

(ङ) कार्य सम्पन्न भएपछि भुक्तानीका लागि प्रमाणीकरण गर्ने ।

(च) निर्देशक समितिबाट सिफारिस भई आए बमोजिम कार्यक्रम संचालन गर्ने ।

(छ) कृषि क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था, सेवा प्रदायकसँग समन्वय सहकार्य गर्ने।

(ज) कार्यक्रमको अनुगमन, सुपरिवेक्षण गर्ने ।

(झ) गाउँ/नगरपालिकासँग समन्वय र सहकार्य गर्ने ।

(ञ) निर्देशक समितिले तोकेको कार्यक्रम कार्यन्वयन गर्ने ।

(ट) छनौट गरिएका कार्यक्रमहरूलाई प्रभावकारी वनाउने

(ठ) थप कार्यक्रमका लागि निर्देशक समितिलाई सुझाव दिने।

(ड) नमुना गाउँको लक्ष्य अनुसार कामलाई व्यवस्थीत रुपमा निरन्तर संचालन गर्ने ।

(ढ) निर्देशक समितिले तोकेका अन्य कामहरू सम्पादन गर्ने ।

१४. **संचालक समितिबाट गरिने क्रियाकलापहरूको योजना तर्जुमा बिधिः**

१. वडा स्तरिय संचालक समितिले लक्षित बर्ग अर्गानिक नमुना गाउँ प्रवर्धन कार्यक्रममा छनोट गरिएको प्राबिधिक बाट छनोट भएको वडाको टोल वा बस्तीमा संचालन गरिने बार्षिक कार्यक्रम तयार गर्नुपर्नेछ ।

२. बार्षिक कार्यक्रम बनाउदा पालिकाको कृषि तथा पशु शाखाका प्रमुख, कृषि बिकास कार्यालयको प्रतिनिधि र छनौट भएका लक्षित लाभग्राहीहरूको उपस्थिति हुनुपर्नेछ ।

३. बार्षिक कार्यक्रमलाइ निर्देशक समितिको सिफारिशमा कृषि बिकास कार्यालयमा पेश गरि सम्झौताको प्रकिया अगाडि बढाउनुपर्नेछ ।

४. संचालक समितिको अध्यक्ष, उपाध्यक्ष तथा कोषाध्यक्षबाट खाता खोलि संचालन गरिनेछ । साथै रकम भुक्तानीका लागि अध्यक्षको अनुउपस्थितिमामा उपाध्यक्ष र कोषाध्यक्षबाट पनि चेक सञ्चालन गर्न सकिनेछ ।

परिच्छेद-५

# भुक्तानी र अनुदान

१५. **भुक्तानी प्रकियाः** वडा स्तरिय संचालकसमितिकोनिर्णय तथा निर्देशसक समितिको सिफारिस अनुरुप सम्बन्धित कार्यालयले भुक्तानी गर्ने व्यवस्था मिलाउने। लक्षित वर्ग केन्द्रीत कार्यक्रम भएकोले कार्यक्रमको प्रकृति हेरी ५०% सम्म पेश्की स्वरुप प्रथम किस्ता दिन सकिनेछ । थप २५ प्रतिशत

रकम प्रथम किस्ताको कागजपत्र बिल भरपाई पेश भइ र संचालक समितिको निर्णय तथा निर्देशक समितिको सिफारिसमा दोस्रो किस्ता उपलब्ध गराउन सकिने छ भने सम्झौताको बाँकी रकम कार्य सम्पन्न भई बिल भरपाइ पेश भएमा भुक्तानी दिन सकिनेछ ।

१६. **<u>आर्थिक सहयोग रकमः</u>** दलित, अति विपन्न लक्षित वर्गएकिकृत नमूना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम गरिब, विपन्न तथा पछाडि परेका घरधुरी लक्षित भएको हुंदा आय आर्जनजन्य कार्यक्रम सन्चालनमा शत प्रतिशत आर्थिक सहयोग उपलब्ध गराइनेछ। तथापी स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा सञ्चालन गरिएका कृषिजन्य भौतिक निर्माणका क्रियाकलापहरूमा कम्तिमा १५ प्रतिशत श्रमदानको सुनिश्चितता भएको हुनुपर्ने छ ।

<u>परिच्छेद-६</u>

## अनुगमन मूल्याङ्कन

१७. **<u>अनुगमन मूल्याङ्कन :</u>** कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/ निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका प्रदेश माननिय, जिल्ला समन्वय समिति, गाउँपालिका/नगरपालिका र कार्यालयको प्रतिनिधि सम्मेलित देहाय अनुसारको एक अनुगमन समिति गर्न सक्नेछ ।

**१. दलित, अति विपन्न तथा लक्षित वर्ग विशेष एकिकृत नमूना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम अनुगमन समितिः**

प्रमुख,जिल्ला समन्वय समिति – अध्यक्ष
अध्यक्ष /प्रमुख,सम्बन्धित गाउँ/नगर पालिका –सदस्य
प्रमुख, कृषि विकास कार्यालय –सदस्य
सम्बन्धित कार्यक्रम सन्चालन भएको वडाकोवडा अध्यक्ष –सदस्य
सम्बन्धित गाउँ/नगर पालिका कृषि शाखा प्रमुख –सदस्य

२. **<u>काम कर्तव्य र अधिकारः</u>**

१. समन्वय समितिबाट सिफारिस भई आए बमोजिम कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरे नगरेको अनुगमन गर्ने।
२. कार्य सम्पन्न भएपछि भुक्तानीका लागि अन्तिम अनुगमन गर्ने ।
३. नियमित कार्यक्रमको अनुगमन, सुपरीवेक्षण गर्ने ।

<u>परिच्छेद-७</u>

## विविध

१८. **<u>पुरस्कार तथा कार्वाहीको व्यवस्थाः-</u>** पुरस्कार तथा कार्वाहीको व्यवस्था देहाय अनुसार हुनेछ :-

१. तोकिएको समयभन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने लाभग्राही, सम्बन्धित कार्यमा संलग्न कर्मचारी र सोहि क्षेत्रका प्रदेश माननिय समेतलाई प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ ।

२. आर्थिक सहयोग रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

**<u>द्रष्टव्यः</u>** यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोहीबमोजिम हुनेछ ।

१९. **<u>बाधाअड्काउ फुकाउनेः-</u>**

१. कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ।

२. यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

अनुसूची-१

*(परिच्छेद ३ दफा ८ को उपदफा ८ सँग सम्बन्धित)*

**दलित, अति बिपन्न तथा लक्षित बर्ग नमुना अर्गानिक कृषि प्रबर्धन कार्यक्रम संचालन**

# सम्झौता पत्रको नमुना

यो सम्झौता पत्र......................कार्यालय / केन्द्र (यस पछिपहिलो पक्ष भनिएको) र ................ सञ्चालक समिति.............................गा.पा / नपा...................... वडा नं................टोल (यसपछि दोस्रो पक्ष भनिएको) तपसिलको शर्त वमोजिमको कुराहरूलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

१. यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिने छ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/ कार्यक्रम योजना वमोजिमको कार्य यथा शिघ्र संचालन गरि मिति............२०७६ साल..............महिना...........गते सम्म संम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. यस सम्झौता बमोजिमको लक्षित बर्ग कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

३. प्रथम पक्षले दोस्रो पक्षलाई प्रस्तावना/कार्यक्रम योजना अनुसारको कार्य सञ्चालन गर्न योजनाको प्रकृति अनुसार वढीमा तीन किस्ता रकम देहाय बमोजिम भुक्तानी गरिने छः-

    १. सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन पश्चात कुल लागतको ५०% प्रतिशत प्रथम किस्ता बापत पेश्कीको रुपमा रकम भुक्तानी,
    २. प्रथम किस्ताको कार्य सम्पन्न प्रतिबेदन र सम्पूर्ण बील भर्पाई प्राप्त भएपछि कुल लागतको थप २५ प्रतिशत रकम दोस्रो किस्ताको रुपमा भुक्तानी,
    ३. सबै कार्य सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि बाँकी रकम भुक्तानी।

४. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. ................ (अक्षरेपी.......................................) र दोस्रो पक्षको भौतिक निर्माणका क्रियाकलापहरूको लागत सहभागिता रु................ (अक्षरेपी..............................) बराबरको श्रमदान व्यहोरिनेछ ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको लक्षित बर्ग कार्यक्रम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैहसरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनुपर्नेछ।

६. दोस्रो पक्षलेसम्झौता बमोजिमको कामगर्दाप्रथम पक्षबाट खटिएका प्राविधिकहरूले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

७. लक्षित बर्ग कार्यक्रम सञ्चालन गर्दा दोस्रो पक्षले पूर्वाधार निर्माण तथा मर्मत सम्भार औजार मेशिनरी खरीद तथा जडान आदिको विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सूचना पाटी राख्नुपर्नेछ।

८. दोस्रो पक्षले लक्षित बर्ग कार्यक्रम सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनुपर्नेछ।

९. सम्झौता बमोजिमको लक्षित बर्ग कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य सोही आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ।

१०. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानीदिंदा प्रथम पक्ष समक्ष विल पेश भएको मितिले सात दिन भित्रसम्बन्धितदोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ।

११. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१२. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/कार्यक्रम योजनाअनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

१३. सम्झौता बमोजिमको लक्षित बर्ग कार्यक्रम सञ्चालन सम्बन्धी कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन अनुरुप संरचना हस्तान्तरण भैसकेपछिसोको सञ्चालन सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ।

१४. सम्झौता बमोजिमको कार्यगर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१५. योसम्झौता माउल्लेख भएका कुराहरूमा यस वमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| **पहिलोपक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखतः- | दस्तखतः- |
| नामः- | नामः- |
| पदः- | पदः- |
| मितिः- | मितिः- |
| कार्यालयकोछापः- | संस्थाकोछापः- |

रोवर

| | |
|---|---|
| दस्तखतः- | दस्तखतः- |
| नामः- | नामः- |
| ठेगानाः- | ठेगानाः- |
| मितिः- | मितिः- |

# अर्गानिक (प्राङ्गारिक) कृषि मिसन कार्यक्रम संचालन निर्देशिका, २०७६

*मा. मन्त्रीज्यूबाट*
*मिति २०७६/०९/२४ गते स्वीकृत*

कर्णाली प्रदेशको अर्गानिक कृषि कार्यक्रमको स्थानीय आवश्यकता र सम्भावनालाई आधार तथा अनुदानमा एकरुपता कायम गर्न कार्यविधि अनुरुपका क्रियाकलापहरूलाई विस्तृतिकरण गरी प्राङ्गारिक मिसन कार्यक्रमलाई निरन्तरता (संघीय सरकार बाट हस्तान्तरित) कार्यक्रम अन्तर्गत यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७६/७७ मा स्वीकृत निम्नानुसारका कार्यक्रम संचालनको लागि सहजीकरण गर्न कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो निर्देशिका तयार गरिएको छ ।

१. **अर्गानिक उत्पादन नमुना फार्म प्रदर्शन कार्यक्रम संचालनः**

(क) यो कार्यक्रम सचालनको लागि अर्गानिक कृषि मोडेल कार्यक्रम लागु भएका पालीकाहरूमा अर्गानिक कृषि मोडेल कार्यक्रम कार्यान्वायन कार्यविधि,२०७५ अनुसार संचालन गर्नुपर्नेछ ।

(ख) यो कार्यक्रम सचालन गर्दा अर्गानिक कृषि मोडेल कार्यक्रमबाट लाभान्वित वर्गहरू (कृषक, कृषक समूह, सहकरीर उद्यमी) नदोहोरिने गरी संचालन गर्नुपर्नेछ ।

(ग) तर अन्य पालिकाहरूमा यस कार्यक्रमबाट देखिने गरि परिणाम निकाल्न नमुना अर्गानिक कृषि फार्म विकास गर्ने सम्भावना भएमा यस कार्यक्रम अन्तर्गतको कुल बजेटको २५% (पच्चिस प्रतिशत) नबढ्ने गरी अन्य पालिकाहरूमा पनि संचालन गर्न सकिनेछ ।

(घ) कुल लागत मध्ये समूह, सहकारीको हकमा ७०% र निजि फार्मको हकमा ५०% अनुदान उपलब्ध हुनेछ ।

(ङ) सिंचाई कार्य गर्नुपर्ने भएमा कुल सम्झौता रकमको ४०% नबढ्ने गरी उक्त कार्य गर्न सकिनेछ ।

(च) सम्बन्धित पालिकाको कृषि/पशु प्राविधिक बिद्यालय भएमा अर्गानिक कृषि नमुना फार्म प्रदर्सन गर्नु पर्नेछ ।

२. **रैथाने बाली बिउ संरक्षण तथा प्रवर्दन प्रोत्साहन कार्यक्रमः** अर्गानिक कृषि मोडेल कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७५ अनुसार सूचना प्रक्रिया, छनौट, सम्झौता र कार्य संचालन गरी कार्यालयले सम्बन्धित जिल्लामा पाइने रैथाने बालीको बाली बीउ संरक्षण तथा प्रवर्दन गर्नको लागि रैथाने बालीको बिउ उत्पादन गरिरहेका कृषक समूह र सहकारीलाई मात्र ७०% अनुदान उपलब्ध गराउने । उक्त रकम बीउ उत्पादन सामग्री, भण्डारण, बजारीकरण, प्याकेजिंग, लेबेलिंग जस्ता कार्यमा खर्च गर्न सक्नेछ ।

३. **सिप तथा क्षमता विकास तालिम,गोष्ठी र जनचेतनामुलक कार्यक्रमः**

- अर्गानिक कृषि मोडेल कार्यक्रम लागु भएका पालीकाहरूमा संचालनको लागि प्राथमिकता दिनुपर्नेछ र तालिम कार्यक्रमको प्रकृति र प्रभावकारिता हेरी जिल्लास्तरमा संचालन गर्न सकिनेछ ।

- यो कार्यक्रम संचालन गर्दा आफ्नो कार्यालयको स्रोत साधन र जनशक्तिले सम्पन्न गर्न नसकिने अवस्थामा सार्वजनिक खरिद ऐन,२०६३ को प्रक्रियाअनुसार सेवा परामर्श खरिद गरी संचालन गर्न सकिनेछ ।

४. **जिल्ला स्थित रैथाने बालीहरूको प्रोफायल तयारी**: भूमि,व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले उपलब्ध गराएको फर्मेट रही जिल्ला स्थित सम्पूर्ण रैथाने बालीहरूको प्रोफायल तयारी गर्नुपर्छ । यस अन्तर्गतका क्रियाकलापहरू आफ्नो कार्यालयको स्रोत साधन र जनशक्तिले सम्पन्न गर्न नसकिने अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को प्रक्रियाअनुसार सेवा परामर्श बाट संचालन गर्नुपर्नेछ ।

५. **अर्गानिक कृषि तथा रैथाने बाली सम्बन्धी बृत चित्र निर्माण कार्यक्रम**: अर्गानिक कृषि तथा रैथाने बाली सम्बन्धी बृत चित्र निर्माण गर्दा अर्गानिक कृषिको नमुना फार्म सम्बन्धी सफलताको कथा, जिल्ला स्थित समग्र रैथाने बालीहरूको प्रोफायलसम्बन्धि जानकारी, कुनै एक ओटा रैथाने बालीको जानकारी (बिशेष गरेर लोप हुन लागेको बाली वस्तु लाई प्राथमिकता) सम्बन्धी वा जिल्ला स्थित अर्गानिक कृषि विकास/रैथाने बालीको लागि महत्वपुर्ण लाग्ने, प्रचारप्रसारबाट उक्त बालीवस्तु प्रवर्दन गर्न सहयोग पुग्ने, अर्गानिक कृषि पर्यटन प्रवर्दन, स्थानीय प्राविधिक कृषि सिप प्रविधि, रैथाने बालीको खेती प्रविधि जस्ता विषयवस्तु समेटेर तयार गर्न सकिनेछ । यो कार्यक्रम आफ्नो कार्यालयको स्रोत साधन र जनशक्तिले सम्पन्न गर्न नसकिने अवस्थामा सार्वजनिक खरिद ऐन,२०६३ को प्रक्रियाअनुसार सेवा परामर्श बाट संचालन गर्नुपर्नेछ।

६. **कार्यालयमा नमुना रैथाने जातको बिउ प्रदर्शन कक्ष स्थापना:** यस अन्तर्गत जिल्लास्थित पाइने, लोप भैसकेका तथा लोप हुदै गएका रैथाने बालीहरूको बीउ नमुना प्रदर्शन. डिजिटल चित्र, कलात्मक हाते चित्र ,पोस्टर, जानकारीमुलक फ्याक्ट शीट तयार गरेर कार्यालयको उपयुक्त ठाउमा प्रदर्शन कक्ष तयार गर्नुपर्नेछ । यसका साथै कार्यलय परिसरमा सानो प्लटमा/गमलामा बिभिन्न रैथाने बालीको खेति नमुना प्रदर्सन गर्नुपर्नेछ ।

७. **अर्गानिक कृषिसम्बन्धी विधुतीय तथा छापा मार्फत प्रसार प्रचार (जिंगल, पर्चा, पम्प्लेट, बुकलेट, एफएम, होर्डिंग बोर्ड)**: अर्गानिक कृषि प्रवर्दन सम्बन्धी जिंगल, सडक नाटक,जानकारीमुलक बूकलेट, पम्प्लेट, पोस्टर,होर्डिंग बोर्ड निर्माण गर्न सकिनेछ । रसायनिक मल तथा बिशादिका नाकारात्मक असर जानकरी दिन सकिन्छ । रैथाने बालीको खाध्य पोषण सुरक्षामा महत्वबारे जानकारी दिन सकिन्छ । यसको लागि जिल्ला स्थित कार्यरत गैर सरकारी संघ संस्था तथा निजि क्षेत्र लगायत ख्याती प्राप्त राष्ट्रिय कलाकारहरू संग समन्वय गर्न सकिनेछ ।

८. **अर्गानिक तथा जैविक मल डेमो प्रदर्सन अनुदान सहयोग र वानस्पतिक, जैविक बिषादी तथा आई. पी एम डेमो प्रदर्शन अनुदान सहयोग कार्यक्रम**: अर्गानिक कृषि गरिरहेका र गर्न चाहने अगुवा कृषकलाई ७० प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिनेछ र उक्त जैविक मल र विषादीको प्रभावकरिता बारे प्रतिबेदन तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

९. **अर्गानिक होमस्टे प्रवर्दन तालिम तथा मेसिनरी औजार र सामग्री सहयोग**: होमस्टे संचालन भएको समुदायलाई अर्गानिक र रैथाने परिकार निर्माण तथा अर्गानिक होमस्टे व्यवस्थापन सम्बन्धी २ दिने

तालिम संचालन गर्नुको साथै उक्त तालिमको अवधिमा पहिचान भएका होम स्टे प्रवर्दनको लागि आवश्यक मेसिनरी औजार र सामग्री ७० प्रतिशत अनुदानमा सहयोग गर्ने ।

१०.**रैथाने कृषि उपज बजारीकरणको लागि प्याकेजिंग लेवेलिंग, मेसिनरी औजार तथा प्रशोधन सहयोग कार्यक्रमः** नियमानुसार सूचना प्रकाशन गरी जिल्लास्थित रैथाने बालीको बजारीकरणमा संलग्न कृषक, समूह, सहकारी तथा व्यवसायीलाई कुल लागतको ७० प्रतिशत अनुदान उपलब्ध गराउने ।

११.**अर्गानिक तथा जैविक मल डेमो प्रदर्सन अनुदान सहयोगः** कार्यालयले कृषक, समूह, सहकारी तथा व्यवसायीलाई ७० प्रतिशत अनुदानमा उपलब्ध गराउने । सो मलको प्रभावकारिता बारे प्रतिबेदन तयार गर्ने ।

१२.**वानस्पतिक, जैविक बिषादी तथा आई. पी एम डेमो प्रदर्शन अनुदान सहयोग कार्यक्रमः** कृषक, समूह, सहकारी तथा व्यवसायीलाई ७० प्रतिशत अनुदान उपलब्ध गराउने । सो मलको प्रभावकारिता बारे प्रतिबेदन तयार गर्ने ।

१३.**कम्पोस्ट मल तथा भकारो सुधार कार्यक्रमः** संघीय प्रांगारिक कृषि मिसन कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७५ ले निर्धारण गरे बमोजिम हुनेछ ।

१४.**अर्गानिक एकीकृत मोडेल कृषि फार्म कार्यक्रम संचालनः** यो कार्य्रकम भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयमा स्विकृत बजेट भित्र रही अर्गानिक प्रमाणीकरण गरिरहेका कृषक ,कृषक समूह ,सहकारी तथा निजि उद्यमी/ फार्मलाई प्रोत्साहन गर्न पाइलट कार्यक्रमको रुपमा संचालन गरिनेछ । यस कार्यक्रमलाई देहायबमोजिम संचालन गर्न सकिनेछ ।

***१४.१ प्रस्ताव आव्हानको सूचना प्रकाशन र मुल्यांकनः*** (१) मन्त्रालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुर्‍याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ। सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत सो सम्बन्धी सूचना प्रचार प्रसार गर्न सकिनेछ।

(२) प्रस्ताव पेश गर्न इच्छुक कृषि व्यवसायसँग सम्बन्धित सहकारी/ कृषक समूह/निजी फार्म/कृषक उद्यमीले अनुसूची-२ अनुसारको निवेदन साथ अनुसूची-३ बमोजिम सुचनामा तोकिएको समयभित्र प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) प्रकाशित सूचनाको म्याद अवधिभित्र पेश भएका प्रस्तावहरू छनौट गर्न मन्त्रालयमा देहायबमोजिमको समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख, कृषि विकास महाशाखा | : संयोजक |
| (ख) | प्रमुख, पशुपंक्षी विकास महाशाखा | : सदस्य |
| (ग) | प्रमुख, योजना तथा अनुगमन शाखा | : सदस्य |
| (घ) | प्रमुख, लेखा शाखा | : सदस्य |
| (ङ) | प्रमुख, अर्गानिक कृषि विकास तथा जैविक विविधता शाखा | : सदस्य सचिव |

(४) मुल्यांकन समितिले आवश्यकता अनुसार बैठकमा सम्बन्धित विषय विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ। समितिले बढीमा तीन वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

(५) मुल्यांकन समितिले आवश्यकतानुसार आफ्नो काम कारवाहीलाई वस्तु परक बनाउन समितिका सदस्यहरू मध्ये बाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप-समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ । उप-समितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ।

(६) मुल्यांकन समितिको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः

(क) पेश भएका प्रस्ताव उपर स्थलगत अध्ययन, अवलोकन तथा निरीक्षण गरी अनुसूची-३ मा उल्लेखित प्रस्ताव छनौटका आधारमा प्रस्तावहरूको प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्नेछ।

(ख) समितिले आवश्यक ठानेमा पेश भएका कागजात, प्रस्तावना र अनुसूची-३ बमोजिम मुल्यांकन मापदण्डको आधारमा छोटो सुची (short list) छनौटको मापदण्ड /आधार तयार गरी छोटो सूचीमा छनौट भएका प्रस्तावहरूको मात्र आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी छनौट गर्न सक्नेछ ।

(ग) समितिले मूल्याङ्कन प्रतिवेदन तयार गरि सकेपछि आवश्यक राय तथा सिफारिस सहित स्वीकृतिको लागि भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयको सचिव समक्ष पेश गर्नुपर्ने छ।

(घ) कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने ।

(ङ) आवश्यकतानुसार अन्य तोकिएका कार्य गर्ने ।

(७) स्विकृत भइ छनौट भएका प्रस्तावहरूको सुची मन्त्रालयको सूचना पाटि र वेबसाइटमा प्रकाशन गरिनेछ ।

(८) छनौट भएका प्रस्तावकहरूलाई कार्यक्रम सम्बन्धी १ दिने अभिमुखीकरण गोष्ठी संचालन गरी सम्झौता गरिनेछ।

***<u>१४.२ कार्यक्रमको सम्झौता र भुक्तानीः</u>*** **(१)** छनौट भएका प्रस्तावकहरूले कार्यक्रम संचालन गर्नुपूर्व मन्त्रालयसंग अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(२) अनुदान रकमको भुक्तानी अनुदानग्राहीको बैंक खाता मार्फत बढीमा ३ किस्तामा गरिनेछ ।

(क) सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,

(ख) पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,

(ग) सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी।

(३) भुक्तानीका अन्य प्रकृयाहरू प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।

***१४.३. अनुदान रकमको सिमाः*** (१) स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही प्रस्तावको उपयुक्तताको आधारमा अर्गानिक कृषि व्यवसायसँग आवद्ध कृषक समूह र सहकारीको हकमा कुल लागतको ७०% वा अधिकतम रकम रु. पांच लाख र कृषि उद्यमी/कृषि फार्म/कम्पनीहकमा कुल लागत अनुमानको ५०% वा अधिकतम रकम रु. पांच लाख अनुदान रकम प्रदान गरिनेछ ।

(२) स्वीकृत पूँजीगत अनुदान अन्तर्गत पूर्वाधार निर्माण प्रकृति कार्यहरूका लागि दिइने अनुदान रकम पाँच प्रतिशत सम्म रनिङ्ग बिलको आधारमा कन्टिन्जेन्सी वापत कट्टा गर्न सकिनेछ । उक्त कट्टा गरिएको कन्टिन्जेन्सी रकम मन्त्रालय, निर्देशनालय र जिल्ला स्थित कार्यालयबाट नियमित रुपमा गरिने अनुगमन निरीक्षण, सुचना प्रकाशन, बैठक, प्रचार प्रसार र प्राविधिक खर्च आदि शिर्षकहरूमा खर्च गर्नुपर्नेछ ।

***१४.४ कार्यक्रम अनुगमन, निरीक्षण र मूल्याङ्कनः*** कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार बनाई जुनसूकै समयमा पनि अनुगमन, निरीक्षण गर्न सक्नेछ ।

<u>अनुसूची-१</u>

## *दफा १४.१ को उपदफा (१) सँग सम्बन्धित*

## .................. कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हानको सूचना ।

## सूचना ! सूचना !! सूचना !!!

यस.............................................................को आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार....... अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ........................... जिल्लाका/पालिकाइच्छुक कृषक समूह, कृषिसहकारी, कृषिफार्म, उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ............दिनभित्र..................कार्यालयमा तपसिल अनुसारका कागजातहरू संलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ।यस सम्बन्धी थप जानकारीका लागि........................मा सम्पर्क गर्न सकिनेछ।

**<u>आवश्यक कागजात</u>**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
२. कृषक समूह, सहकारी वा निजि फर्मको कार्यक्रम संचालन गर्ने संस्थागत निर्णय र कार्यक्रम संचालनको लागि आधिकारीक प्रतिनिधि/सम्पर्क व्यक्ति तोकेको निर्णय प्रतिलिपि तथा विनियम वा विधानको प्रतिलिपि ।
३. अनुसूची -३ अनुसारको प्रस्तावना।
४. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र
५. सहकारी र निजी फर्मको हकमा गत आ.व.को संस्थाको लेखा परिक्षणको प्रतिलिपि र कर वुझाएको वा कर छुट भएको प्रतिवेदन प्रतिलिपि ।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
७. अर्गानिक प्रमाणीकरण गरिरहेको प्रमाणित गर्ने कागजपत्रहरूको प्रतिलिपि।
८. अन्य तोकिएका आवश्यक कागजपत्र ।

**अनुसूची २-**

दफा १४.१ को उपदफा (२) सँग सम्बन्धित

# प्रस्तावको लागि निवेदन ढाँचा

मितिः...............

**विषयः ................... कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गरि पाउ ।**

श्रीमान् ........................... ज्यु

............................................

महोदय

हामी/म निम्न लिखित प्रस्तावना फारम (क) मा दस्तखत भएका व्यक्तीहरू/व्यक्ती वाट .............. जिल्ला ..................... गापा/नपा वडा न ...... मा पर्ने ....................................................................... नामक कृषि कम्पनी/कृषि फार्म/कृषिस हकारी/कृषक समूह/कृषि उद्यमीले ............................................ .................................................. कार्यक्रम सञ्चालनका लागि अनुदान रकमको आवश्यकता परेकोले रु. १० को टिकट टास गरि अनुसूचीमा संलग्न फारम भरि यो प्रस्तावना पेश गरेका छौं/छु ।

निवदेक

संस्थाको नामः

अध्यक्ष/प्रतिनिधिको दस्तखत

नामः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

<u>अनुसूची-३</u>

## दफा १४.१ को उपदफा (२) सँग सम्बन्धित

# प्रस्तावको ढाँचा

खण्ड १ः आवेदक संस्था/उद्यमीको सम्वन्धी विवरण

| आवेदक संस्थाको | नामः........................................................ |
|---|---|
| आबेदकको पुरा ठेगाना | जिल्लाः..............................................................<br>गा.पा/न.पाः..........................वडा नंः...............<br>गाँउ/टोलः............................... ईमेल....................<br>टेलिफोन नंः........................................................ |
| कार्यक्रम ठेगाना | १. सम्पर्क ब्यक्तिको नामः.................................<br>२.टेलिफोन.......................मोवाईलः.................................<br>३. फ्याक्सः..............................................<br>४. इमेल.................................................. |
| आवेदकसंस्थाको किसिम/नाम (कुनै एक मात्र चिन्ह लगाउने) | १. कृषक समूह २.कृषिसहकारी ३.उद्यमी ४.समूह सहकारीमा आबद्ध कृषक ५.अन्यखुलाउने)..............................<br>.......................................... |
| संस्था स्थापना भएको मिति | गते/महिना/बर्ष.......................................................... |
| सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भएको | दर्ता नम्बर .............................................................<br>सस्था दर्ता गर्ने निकाय...............................................<br>मितिः(दिन/महिना/बर्ष)................................................... |
| भ्याट/प्यानदर्ता नं. | ................................................................ |
| बैक खाता विवरण | बैंकको नामः<br>ठेगानाः<br>खाता नं.ः<br>खाता संचालकहरूको नामः |

**खण्ड-ख**

१. प्रस्तावित कार्यक्रमको विवरण

| | |
|---|---|
| प्रस्तावित व्यवसायको नाम | |
| कृषि मूल्य श्रृङ्खला | |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| कार्यक्रम संचालन स्थल | जिल्लाः ............. न.पा./गा.पा. ......<br>वार्ड नंः ....... स्थानः |
| वर्तमान क्रियाकलापहरू (बढीमा १०० शब्द) | |
| प्रस्तावित कार्यक्रमको प्रमुख उद्देश्य (३ ओटा) | •<br>• |
| प्रस्तावित कार्यक्रमका मुख्य क्रियाकलापहरू | •<br>• |

| **प्रतिफल सूचकहरू** | **कार्यक्रमको लक्ष्य** |
|---|---|
| क्षेत्रफल | .........रोपनी |
| उत्पादन | .........संख्या, .......टन |
| उन्नत प्रविधि, उन्नत जात, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग | मुख्य–मुख्य मेशिन औजार तथा जातको नाम, प्रकार तथा क्षमता उल्लेख गर्ने |
| विक्रि परिमाण बृद्धि | ......क्विन्टल/टन/वार्षिक |
| आम्दानी बृद्धि | रु. ......./वार्षिक |
| रोजगारी बृद्धि | ......जना स्वरोजगार, .........जना वर्षैभरी रोजगार, ...... जना वा कार्यदिन आंशिक रोजगार |

## २. नतिजा र प्रतिफल

## ३. उत्पादन तथा बजारीकरण योजनाः

| क्र. सं. | उत्पादनको नाम | उत्पादन गर्ने महिना/ समय | उत्पादन परिमाण | | बजारीकरण | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | इकाई | परिमाण | इकाई | परिमाण | दर रु | जम्मा |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| कुल जम्मा उत्पादन | | | | | | | | |

## ४.वितिय योजना

व्यावसायिक कृषि कार्यक्रमको कृयाकलाप, बजेट तथा लागत साझेदारीको बिस्तृत बिवरण

| सि. न. | प्रस्तावित कार्य बिवरण | एकाई | परिमाण | दर | जम्मा रकम रु. | लागत साझेदारी | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुदानग्रहीले व्यहोर्ने | माग गरेको अनुदान रु | कैफियत |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

***नोटः*** *भौतिक पूर्वाधारहरू निर्माणको लागि डिजाइन, लेआउट तथा लागत ईस्टिमेट मन्त्रालय वा अन्तर्गतका निकाय वा अन्य आधिकारिक निकायको आधिकारिक व्यक्तिले तयार गरेको हुनुपर्ने छ।*

## ५ कार्यतालिका

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसूची–४

*दफा १४.१ को उपदफा (६) को (क)सँग सम्बन्धित*

## प्रस्ताव मूल्याङ्कनका आधारहरू

| क्र.सं. | प्रस्ताव मुल्यांकनका आधारहरू | अंकभार |
|---|---|---|
| १ | **प्रस्तावित ठाउको हावापानी, भौगोलिक तथा कृषि पूर्वाधारको उपयुक्तता** | **३०** |
| क | सडक, सिचाइ, विजुली, आवश्यक जमिनको क्षेत्रफल, कृषि बजार लगायत हावापानी र भौगोलिक हिसाबले उपयुक्त | ३० |
| ख | सिचाइ, आबश्यक जमिनको क्षेत्रफल, कृषि बजार लगायत हावापानी र भौगोलिक हिसाबले उपयुक्त तर सडक र विजुलीको सुविधा नभएको | २५ |
| ग | सिचाइ, आबश्यक जमिनको क्षेत्रफल लगायत हावापानी र भौगोलिक हिसाबले उपयुक्त तर कृषि बजार , सडक र विजुलीको सुविधा नभएको | १५ |
| घ | आबश्यक जमिनको क्षेत्रफल लगायत हावापानी र भौगोलिक हिसाबले उपयुक्त नभएको कृषि बजार, सडक, सिंचाइ र विजुलीको सुविधा नभएको | ५ |
| २ | **प्रस्तावित व्यवसायिक योजना** | **१५** |
| क | व्यवसायिक दृष्टिले बढी उपयूक्त बालीहरू, वातावरण मैत्री, दिगोपना, मुनाफाजनक र रोजगारमूलक | १५ |
| ख | व्यवसायिक दृष्टिले बढी उपयूक्त बालीहरू, मुनाफाजनक र रोजगारमूलक | १० |
| ग | व्यवसायिक दृष्टिले कम उपयूक्त बालीहरू र कम मुनाफाजनक | ५ |
| ३ | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | **१०** |
| क | लागत अंश ५०% वा सो भन्दा बढी व्यहोर्न सक्षम भएको प्रमाण देखिएको | १० |
| ख | लागत अंश २०% वा सो भन्दा बढी व्यहोर्न सक्षम भएको प्रमाण देखिएको | ५ |
| **३** | **अर्गानिक तथा एकीकृत कृषि फार्म प्रवर्दन अवस्था** | **३०** |
| क | अर्गानिक प्रमाणीकरण गरिरहेको, अर्गानिक/एकीकृत कृषि (कृषि र पशुपंक्षीपालन गरेको) गरेको, स्थानीय स्रोत साधनको सदुपयोगका साथै नवप्रवर्तक प्रविधि अवलम्वन गरेको, रैथाने बाली वस्तुको खेति गरेको, रसायनिक विषादी र मल प्रयोग नगरेको । | ३० |
| ख | अर्गानिक/एकीकृत कृषि (मिश्रित कृषि/पशुपंक्षीपालन गरेको) गरेको, रैथाने बाली वस्तुको खेती गरेको, रासायनिक विषादी र मल प्रयोग नगरेको । | १५ |
| ग | एकीकृत कृषि (मिश्रित कृषि/पशुपंक्षीपालन गरेको) गरेको, स्थानीय स्रोत साधनको सदुपयोगका साथै नवप्रवर्तक प्रविधि अवलम्वन गरेको, रैथाने बाली वस्तु को खेति गरेको, रसायनिक विषादी र मल प्रयोग गरेको । | १० |
| घ | एकीकृत कृषि नगरेको र रसायनिक विषादी र मल प्रयोग गरेको । | ५ |
| **४.** | **प्रस्ताव कर्ता वर्गीकरण** | **१५** |
| क | कृषक समूह, सहकारी | १५ |
| ख | निजी फार्म र कम्पनि | १० |
| | **कुल जम्मा अंक** | **१००** |

<u>अनुसूची–५</u>

*दफा १४.२ को उपदफा (२) सँग सम्बन्धित*

# सम्झौता पत्रको नमूना

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश सुर्खेत

र

श्री ........................................................ बीच

**अर्गानिक एकीकृत मोडेल कृषि फार्म कार्यक्रम संचालनको लागि सम्झौता पत्र**

यो सम्झौतापत्र..........................कार्यालय/केन्द्र (यसपछि पहिलो पक्ष भनिएको) र .......................समूह/सहकारी संस्था/सञ्चालक समिति/उपभोक्ता समिति.........गा.पा. /नपा वडा नं. टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरूलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

१. यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृतप्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति २०७....साल... महिना ...गते सम्म संम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. यस सम्झौता बमोजिमको ..... कार्यक्रम सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ।दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइनेछैन।

३. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत प्रस्तावना/इष्टिमेटअनुसारको कार्यसञ्चालन गर्न योजनाको प्रकृति अनुसार वढीमा तीन किस्ता वा एकमुष्ट रकम देहायबमोजिम भुक्तानी गरिने छ,

   १. सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,
   २. पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,
   ३. सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी।

४. सम्झौता वमोजिमको कार्यसंचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फतअनुदान स्वरुप रु..... (अक्षरेपी .......................................) र दोस्रो पक्षको लागत सहभागिता रु. .............. (अक्षरेपी.....................................) व्यहोरिने छ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको ....... कार्यक्रमका लागि सम्झौतामा समावेश गरिएको श्रोतवाहेक अन्य कुनै सरकारी, गैहसरकारी संघसंस्थावाट सहयोग, अनुदान आदिप्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनुपर्नेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरूले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

७. प्रथम पक्षले तोकेको ढांचा अनुसार कार्यक्रमको विवरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि जस्तो सम्पूर्ण विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा दोस्रो पक्षले सूचना पाटी/होर्डिंग बोर्ड राख्नुपर्नेछ।

८. दोस्रो पक्षले कार्यक्रम शुरुवात देखि सञ्चालन सम्बन्धी सम्पूर्ण कार्यको अभिलेख राखेको हुनु पर्नेछ।

९. प्रथम पक्षको प्रतिनिधि कर्मचारीको उपस्थितिमा दोस्रो पक्षले कार्यक्रमको सुरुमा एकपटक र कार्यसम्पन्न भए पछी अन्तिममा एक पटक सार्वजनिक सुनुवाई (Public Audit ) अनिवार्य गराउनुपर्नेछ।

१०. प्रथम पक्ष समक्ष रकम भुक्तानीको निबेदन पेश गर्दा उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको कागजपत्र र एक प्रति रंगिन फोटो समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

११. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भएको सात दिनभित्र सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ।

१२. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानिनोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१३. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य(डिजाइन र इष्टिमेटअनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

१४. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा दुवै पक्षको उपस्थितिमा समझदारी गर्न सकिनेछ र प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१५. कृषि उत्पादन सामाग्री, वीउ तथा औजार उपकरण खरिद गर्दा आधिकारिक श्रोत केन्द्रबाट मात्र खरिद गर्नु पर्नेछ ।

१६. दुवै पक्ष बीच सम्झौता भएको मितिदेखि लागु हुने गरी प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम संचालन गर्नको लागि **कार्य आदेश दिएको** मानिनेछ ।

१७. यो सम्झौतामा उल्लेख भएका कुराहरूमा यस वमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियमअनुसार हुनेछ।

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखतः | दस्तखतः- |
| नामः | नामः- |
| पदः- | पदः- |
| | सम्पर्क नम्बरः |
| मितिः- | मितिः- |
| कार्यालयको छापः- | संस्थाको छापः- |

**<u>रोहवर</u>**

| | |
|---|---|
| दस्तखतः- | दस्तखतः- |
| नामः- | नामः- |
| ठेगानाः- | ठेगानाः- |
| मितिः- | मितिः- |

# अर्गानिक कृषिसम्बन्धी शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६

*मा. मन्त्रीज्यूबाट*
*मिति २०७६/०९/२४ गते स्वीकृत*

**<u>प्रस्तावना</u>:** कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार अर्गानिक कृषि सम्बन्धी अध्ययन अनुसन्धानमार्फत अर्गानिक कृषिसम्बन्धी प्रविधि विकास तथा अर्गानिक कृषि विकासमा देखिएका समस्या सम्बन्धी पृष्ठपोषणका लागि विभिन्न विश्वविद्यालय र अन्तर्गतका कलेजमा स्नातकोतरमा अध्ययनरत विद्यार्थीहरूलाई अर्गानिक कृषिसम्बन्धी सोधपत्र अनुसन्धानको लागि अनुदान सहयोग उपलब्ध गराउने उद्देश्यले मन्त्रालयले यो कार्यविधि बनाएको छ।

<u>परिच्छेद —१</u>

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (क) यो कार्यविधिको नाम "अर्गानिक कृषि सम्बन्धी शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६" रहेको छ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "शोधपत्र" भन्नाले कुनै विश्वविद्यालय वा अन्तर्गतका कलेजहरूको विद्यार्थीहरूद्वारा गरिने थेसिस जुन स्नातकोत्तर अध्ययनको आंशिक भाग पूरा गर्नको गरिने लागि अध्ययन सम्झनु पर्नेछ ।

(ख) "शोधपत्र अनुसन्धान सहयोग रकम" भन्नाले सम्बन्धित कलेज र मन्त्रालयको स्वीकृत शिर्षक बमोजिमको शोधपत्र तयार गर्न अनुसूची-६ बमोजिम मन्त्रालयले उपलब्ध गराउने रकम सम्झनु पर्दछ।

(घ) "विश्वविद्यालय" भन्नाले स्नातकोत्तर स्तरको अध्ययन अध्यापन गराउने विश्वविद्यालयहरू वा सो को आंगिक वा सम्बन्धन प्राप्त कलेज समेतलाई सम्झनुपर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश सम्झनुपर्दछ।

(च) "शोधपत्रकर्ता" भन्नाले परिच्छेद-२ मा तोकिएबमोजिमको विषयमा अनुसन्धान शोधपत्र कार्य गर्ने विद्यार्थी सम्झनु पर्दछ ।

(ज) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनुपर्छ ।

परिच्छेद —२

## अनुसन्धान शोधपत्र सम्बन्धी व्यवस्था

३. **शोधपत्र अनुसन्धान कार्यको विषवस्तु र क्षेत्रः** (१) अर्गानिक कृषि अनुसन्धान तथा विकास सम्बन्धि कार्यलाई सहयोग पुग्ने गरी कर्णाली प्रदेशभित्र मात्र सोधकार्यको अनुसन्धान क्षेत्र रही निम्न शिर्षकहरू सम्बन्धि अनुसन्धान सोधपत्र कार्य गर्नुपर्ने छ । यसरी शोधपत्र तयार गर्दा स्थलगत अध्ययन गरी प्राथमिक तथ्याङ्क संकलन गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

(१) अर्गानिक कृषि प्रबर्द्धन तथा विकास सम्बन्धी नीतिगत अनुसन्धान ।

(२) अर्गानिक कृषि सम्बन्धी प्रविधि विस्तार र अनफार्म अनुसन्धान ।

(३) अर्गानिक कृषिवस्तुको बजारीकरण र मूल्य श्रृङ्खला अभिवृद्धि ।

(४) जैविक विषादी (Biopesticide) र जैविक मल(Biofertilizer) को बाली रोग किरा नियन्त्रणमा प्रभावकारिता ।

(५) कम्पोस्ट मल, भर्मी कम्पोस्ट तथा गोठे मल।

(६) अर्गानिक कृषि र रासायनिक कृषि बिचको तुलनात्मक अध्ययन अनुसन्धान ।

(७) अर्गानिक कृषिको आर्थिक, स्वास्थ्य, सामाजिक, तथा वातावरणीय पक्षको अध्ययन अनुसन्धान।

(८) एकीकृत कृषि प्रणालीको कार्यमूलक अनुसन्धान ।

(९) अर्गानिक कृषिमा प्राकृतिक स्रोत र स्थानीयजडिबुटी तथा रैथानेप्रजातीको प्रयोग सम्बन्धिपरम्परागत प्राविधिकज्ञान र अभिलेखिकरण ।

(१०) कृषि जैविक विविधता संरक्षण, दिगो कृषि र संरक्षित कृषि सम्बन्धि अध्ययन ।

(११) कृषि वन प्रणाली र जडिबुटी खेतिसम्बन्धी अध्ययन अनुसन्धान ।

(१२) अर्गानिक कृषि कार्यक्रम कार्यान्वयनको प्रभावकारिता सम्बन्धी अध्ययन अनुसन्धान ।

(१३) अर्गानिक कृषि उपजको गुणस्तरसम्बन्धी अनुसन्धान ।

(२) मन्त्रालयले अर्गानिक कृषि अनुसन्धानको लागि आवश्यक ठानेमा अन्य अनुसन्धान क्षेत्र (thematic area) तोक्न सक्नेछ ।

परिच्छेद — ३

## कार्यक्रम संचालन प्रक्रिया

४. **सोध पत्र अनुसन्धान प्रस्ताव आह्वान र मूल्यांकन :** (१) स्वीकृत बजेटको आधारमा मन्त्रालयले शोधपत्र अनुसन्धानको प्रस्तावको लागि राष्ट्रिय दैनिक पत्रिकामानियमानुसार म्याद दिई अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशित गरी प्रस्ताव आव्हान गर्नेछ । उक्त सूचना मन्त्रालयको वेबसाइटमा राखिनेछ ।

(२) उपदफा १ बमोजिम प्रकाशित सूचनाको आधारमा अनुसूची-२ बमोजिमको ढाँचामा आबेदन फाराम, अनुसूची-३ बमोजिमको ढाँचामा सोधकार्य प्रस्ताव तयार गरी सूचनामा निर्धारित म्यादभित्र सोधपत्रकर्ताले मन्त्रालयमा पेश गर्न सक्नेछन् ।

५. **आवेदकको योग्यता र आवेदन साथ पेश गर्नु पर्ने कागजातहरू :** (१) यस कार्यविधि बमोजिम आवेदन पेश गर्दा देहायबमोजिमको योग्यता र प्रकृया पुगेको हुनु पर्नेछः

(क) स्नातकोत्तरमा अध्ययनरत हुनुपर्ने।

(ख) परिच्छेद २ को दफा ३ मा उल्लेखित शीर्षकहरू सम्बन्धि शोधपत्र तयार गर्नु पर्नेछ ।

(ग) शोधपत्र प्रस्ताव नेपाली वा अंग्रेजी जुन भाषामा पनि तयार गर्न सकिनेछ ।

(घ) अनुसूची-४ बमोजिमका कागजातहरू ।

(२) दफा ४ बमोजिम प्रकाशित सूचनामा उल्लेखित समयावधिभित्र दर्ता भएका प्रस्तावहरूलाई मात्र मूल्याङ्कन प्रक्रियामा समावेश गरिनेछ ।

परिच्छेद — ४

## शोधपत्र प्रस्ताव मूल्याङ्कन

६. **प्रस्ताव मूल्याङ्कन तथा छनौटः** (१) दफा ४ को उपदफा २ बमोजिम पेश भएका सोधकार्य प्रस्तावहरू छनौट गर्न मन्त्रालयमा देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(च) प्रमुख, कृषि विकास महाशाखा : संयोजक

(छ) प्रमुख, योजना महाशाखा : सदस्य

(ज) प्रमुख, पशुपंक्षी विकास महाशाखा : सदस्य

(झ) प्रमुख, नीति अनुसन्धान मापदण्ड तथा समन्वय शाखा : सदस्य

(ञ) प्रमुख, अर्गानिकखेती प्रवर्दन तथा जैविक विविधता शाखाः सदस्य सचिव

(२) उपदफा १ बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित बिषयको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ र आवश्यकता अनुसार प्रस्ताव मूल्याङ्कन उपसमिति गठन गर्न सक्नेछ ।

(३) दफा ६ बमोजिम गठन गरिएको समितिको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः

(क) समितिले अनुसूची-५ मा उल्लेखित सोधकार्य प्रस्ताव छनौटका आधारमा उपयुक्त प्रस्तावहरूको छनौट गरी स्वीकृतिको लागि सचिव समक्ष पेश गर्नुपर्नेछ ।

(ख) समितिले विनियोजित बजेटको आधारमा स्वीकृतिको लागि सिफारिस गरिएका सोधपत्र अनुसन्धान रकम समेत निर्धारण गरेर पेश गर्नुपर्नेछ ।

(ग) सोध कार्यको अनुगमन तथा मुल्यांकन गर्ने ।

(घ) समितिले सूचना प्रकाशन गरी विज्ञ तथा सल्लाहकारको रोस्टर तयार गर्न सक्नेछ र सोधअनुसन्धान कार्यको क्षेत्रअनुसार विज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(ङ) आवश्यकतानुसार अन्य तोकिएका कार्य गर्ने ।

(४) उपदफा ३ (क) बमोजिम छनौट भएका प्रस्तावहरूको सूची मन्त्रालयको सूचनापाटी र वेबसाइटमा प्रकाशन गरिनेछ ।

परिच्छेद — ५

# शोधपत्र अनुसन्धान सहयोग, सम्झौता तथा रकम भुक्तानी सम्बन्धी व्यवस्था

७. **शोधपत्र अनुसन्धान सहयोगसम्बन्धी व्यवस्था** : (१) शोधकार्य अनुसन्धान सहयोग रकम वापत स्वीकृत बजेटको आधारमा अनुसन्धान गर्ने भौगोलिक क्षेत्र छनौटअनुसार अनुसूची-६ बमोजिम रकम उपलब्ध गराइनेछ ।

(२) मन्त्रालयबाट प्रदान गरिने सोधपत्र अनुसन्धान सहयोग रकम चालु आर्थिक वर्षमा सुरु हुने अनुसन्धानको लागि मात्र प्रदान गरिनेछ ।

(३) सोध कार्य अनुसन्धान प्रस्तावमा छनौट भएको सोधकर्ताले सोधपत्र (thesis) सल्लाहकार समितिमा एक जना सदस्य मन्त्रालयले तोके बमोजिम राख्नुपर्नेछ।

(४) छनौट भएको सोधकर्ताले मन्त्रालयमा आफ्नो प्रस्ताव प्रस्तुतीकरण गर्नुपर्नेछ र प्रस्तुतीकरणमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ । प्रस्तुतीकरणमा दिइएका सुझावहरू समावेश गरी विद्यार्थीले पुन प्रस्ताव तयार गरेर मात्र अनुसन्धान कार्य अगाडि बढाउनुपर्नेछ ।

(६) अन्यक्षेत्रबाट सोहि अनुसन्धान कार्यको लागि अनुदान लिएको भएमा अनुसन्धान सहयोग रकम प्रदान गरिने छैन ।

८. **शोधपत्रको सम्झौता सम्बन्धी व्यवस्था :** मन्त्रालय र छनौट भएका सोधकर्ताबीच अनुसूची—... मा उल्लेखित ढांचा बमोजिम सम्झौता गर्नुपर्ने छ ।

९. **शोधपत्र अनुसन्धान सहयोग रकम भुक्तानीको तरिका :** (१) सम्झौता भएको एक आर्थिक वर्षसम्म मात्र मन्त्रालय अनुसन्धान सहयोग रकम प्रदान गर्न प्रदान गर्नेछ ।

(२) सम्बन्धित शोधपत्रकर्तालाई सम्झौता अनुसारको रकम सोध कार्य सम्पन्न गरेपछि एकमुस्ट रकम उपलब्ध गराइनेछ।

(३) सोधकर्ताले अध्ययन गर्ने सम्बन्धित कलेजमा सोधपत्रको प्रतिरक्षा (Defence) गरिसकेपछि आइसकेपछि अनुसन्धानकर्ताले मन्त्रालयमा अनुसन्धान सोधपत्रको परिणामसहित प्रस्तुतीकरण गर्नुपर्नेछ, उक्त प्रस्तुतीकरणमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ र प्रस्तुतीकरणमा उठेका विषयहरू आफ्नो मुख्य सल्लाहकारको सल्लाहबमोजिम सोधपत्र प्रतिबेदनमा उल्लेख गर्नुपर्नेछ ।

(४) रकम भुक्तानीको लागि सम्बन्धित कलेजको सोधपत्रको प्रतिरक्षा (Defence) सम्पन्न भएको सिफारिस, सोधकर्ताले भुक्तानी निबेदनसहित अनुसन्धान कार्य सम्पन्न भएको मुख्य सल्लाहकारको सिफारिस, शोधपत्र (thesis)को हार्डकपि २ (दुई) थान, सोधकार्यको सोध सार (thesis abstract) नेपाली भाषामा १ (एक) थान उपलब्ध गराएपश्चात सम्बन्धित शोधकर्तालाई नियमानुसार कर कट्टी गरी रकम उपलब्ध गराइनेछ ।

(५) सोधपत्र सम्पन्न गर्न एक आर्थिक वर्षभन्दा बढी लाग्ने अवस्थामा सोधकर्ताले स्पस्ट कारण र औचित्यसहित सम्बन्धित शैक्षिक संस्थाको सिफारिस साथ मन्त्रालयमा निबेदन पेश गर्नुपर्नेछ र अर्को आर्थिक वर्षमा मन्त्रालयले सोहि प्रकृतिको कार्यक्रम स्वीकृत भएमा तोकिएको बजेट सिमाभित्र रही सोधपत्र अनुसन्धान रकम उपलब्ध गराईनेछ ।

(६) देहायको अवस्थामा शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने व्यवस्थाको स्वतः समापन हुनेछ ।

(क) विश्वविद्यालय/शैक्षिक संस्थाले शोधपत्र नियमित नगरेको भन्ने औपचारिक जानकारी गराएमा ।

(ख) शोधपत्रकर्ता स्वयंमले शोत्रपत्रको कार्य बिचैमा छाडेमा।

(ग) गुणस्तरिय शोधपत्र तयार गर्न नसकेका कारण शोधपत्र विश्वविद्यालय/शैक्षिक संस्थाबाट अस्वीकृत भएमा ।

## परिच्छेद-६

## **विविध**

१०. **अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण :** अनुसन्धान चलिरहेको बेलामा कुनै पनि समयमा पूर्व जानकारी दिई मन्त्रालयले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ सो अवस्थामा सोधकर्ताले सम्पूर्ण यथार्थ विवरण उपलब्ध गराउनुपर्नेछ ।

११. **कार्यविधिको प्रयोग र पालना:** यो कार्यविधिको प्रयोग र पालना गर्ने गराउने दायित्व मन्त्रालय, कर्मचारीहरू तथा सरोकारवाला सबैको हुनेछ ।

१२. **कार्यविधिको व्याख्या :** यस कार्यविधिमा स्पष्ट उल्लेख भएकोमा बाहेक अन्य कुनै पनि विषयमा द्विविधा उत्पन्न त्यसकोभएमाव्याख्या गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

अनुसूची-१

*दफा ४ को उपदफा (१) सँग सम्बन्धित*

## <u>सूचनाको ढाँचा</u>

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,**
**कर्णाली प्रदेश सुर्खेत**

**<u>सोध सार अनुसन्धान सहयोग रकम सम्बन्धी प्रस्ताव पेश गर्ने सूचना</u> ।**

प्रथम पटक सूचना प्रकाशन मितिः .........

यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश सुर्खेतको आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अर्गानिक कृषि सम्बन्धी अध्ययन अनुसन्धानको लागि .... जना विद्यार्थीलाई सहयोग रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा बिभिन्न विश्वविद्यालयको स्नातकोत्तरमा अध्ययनरत योग्य तथा इच्छुक विद्यार्थीहरूले सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र कार्यालय समयमा **अर्गानिक कृषिसम्बन्धी शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६ को** अनुसूची-२ बमोजिमको आवेदन फारम, अनुसूची-४ बमोजिम कागजातसहित अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव २ थान मन्त्रालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको।

१. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यस पछिको कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ ।
२. यस कार्यक्रम सम्बन्धी बिस्तृत विवरण यस मन्त्रालयको वेबसाइट WWW.molmackarnali.gov.np_मा राखिएको "**अर्गानिक कृषिसम्बन्धी शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६" बाट लिन सक्नु हुनेछ ।**
३. यस सम्बन्धी थप जानकारीका लागि कार्यालय समयमा फोन नं. ............... मा सम्पर्क गर्न सकिनेछ।

अनुसूची—२

*दफा ४ को उप-दफा (२) सँग सम्बन्धित*

## <u>आवेदन फारम</u>

सोधपत्र अनुसन्धानको प्रस्तावित शिर्षकः ..................................................................

सोधपत्र अनुसन्धान गर्ने प्रस्तावित स्थान (जिल्ला/पालिका) ........................................

शोत्रपत्रकर्ताको नामः(देवनागरिक लिपिमा) ...........................................................

शोत्रपत्रकर्ताको नामः(अंग्रेजीमा) .......................................................................

जन्म मितिः ..............................

लिङ्गः पुरुष/महिला वैवाहिक अवस्था : विवाहित/अविवाहित

बाबुको नामः ..........................................................................

आमाको नामः ......................................................................

सम्पर्क टेलिफोन नं ................... मोबाइल नं ........................ इमेलः .................

स्थायी ठेगानाः ...............................................................................................

अध्ययनरत क्याम्पस/विभागको

नाम र ठेगानाः .............................................................

<u>शैक्षिक योग्यता—माथिल्लो शैक्षिक योग्यता पहिलो क्रममा लेख्ने</u>

| अध्ययनको तह | अध्ययन गरेको संस्था | उत्तीर्ण गरेको वर्ष | प्राप्तांक प्रतिशत | मुख्य बिषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

<u>शोधपत्र मुख्य सल्लाहकारः</u>

दस्तखतः

नाम थरः

पदः

सम्पर्क नः

मितिः

<u>शोधपत्र कर्ताकोः</u>

दस्तखतः

नाम थरः

स्थायी ठेगानाः

सम्पर्क नः

मिति

अनुसूची—३

*दफा ४ को उप-दफा (२) सँग सम्बन्धित*

## **शोधपत्र प्रस्तावको ढांचा**

(प्रस्ताव नेपाली वा अंग्रेजी भाषामा हुन सक्छ )

| क.स. | विवरण | अधिकतम पेज |
|---|---|---|
| १ | शिर्षक (Title) | ३ पेज |
| २ | पृष्ठभूमि, समस्या र औचित्यता (background,problem, and Rational) | |
| ३ | उदेश्य (objective) | |
| ४ | अध्ययनको सिमा (Limitation of study) | |
| ५ | तथ्यहरूको समिक्षा (Literature review) | २ पेज |
| ६ | सैद्धान्तिकढांचा (Research question, hypothesis, conceptual framework) | २ पेज |
| ७ | अनुसन्धानविधि (Research methodology) | ३ पेज |
| ८ | अनुसन्धान परिणामबाट लाभान्वित वर्ग (Beneficiaries) | १ पेज |
| ९ | कार्ययोजना (work plan) | १ पेज |
| १० | बजेट/खर्च बिवरण (Budget) | |
| ११ | सन्दर्भ सामग्री ( Reference) | |

अनुसूची-४

*(दफा ५ को उप-दफा (१) को(घ) सँग सम्बन्धित)*

## सोधपत्र प्रस्ताव साथ पेश गर्नुपर्ने कागजपत्रहरू:

(क) विश्वबिद्यालय /क्याम्पसले दिएको आधिकारिक सिफारिस पत्र (सोधकार्य प्रस्ताव स्विकृत भएको, अन्य स्रोतबाट सोध कार्यको लागि अनुदान प्राप्त नभएको, सोधपत्रको औचित्यसहित स्पष्ट खुलेको हुनुपर्नेछ )

(ख) सोधपत्र मुख्य सल्लाहकार (MajorAdvisor) को सिफारिस पत्र।

(ग) नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि।

(घ) स्नातक तहको उत्तीर्ण गरेको प्रमाणपत्रहरूको प्रतिलिपी ।

(ङ) समावेशीको हकमा आधिकारिक निकायको प्रमाणपत्रको प्रतिलिपि ।

(च) सम्बन्धित विद्यार्थीको बायोडाटा ।

(छ) अनुसूची-२ र ३ बमोजिमको ढाँचाको आवेदन फारम र सोधकार्य प्रस्ताव ।

(ज) अन्य स्रोतबाट सोधकार्यको लागि अनुदान प्राप्त नगरेको स्व-घोषणा पत्र ।

अनुसूची—५

*दफा ६ को उप-दफा (३) को (क) सँग सम्बन्धित*

## सोधकार्य प्रस्ताव मूल्याङ्कनका आधारहरू

| **सि. नं.** | **मूल्यांकनका आधारहरू** | **अंकभार** | **अंकभारको थप वर्गीकरण** |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता (स्नातक तह) मा प्राप्त गरेको प्रतिशत | २५ | विशिष्ट श्रेणीः २५ |
| | | | प्रथम श्रेणीः २० |
| | | | द्वितिय श्रेणीः १५ |
| २. | शोधपत्र प्रस्ताव | ६० | शिर्षक (५) |
| | | | अनुसन्धानको पृष्ठभूमि,समस्या र औचित्यता(१५) |
| | | | उद्देश्य र अध्ययनको सिमा (१०) |
| | | | तथ्यहरूको समिक्षा (५) |
| | | | सैद्धान्तिक ढांचा (५) |
| | | | अनुसन्धान विधि (१०) |
| | | | अनुसन्धान परिणामबाट लाभान्वित वर्ग (५) |
| | | | बजेट तथा कार्ययोजना (५) |
| ३. | कर्णाली प्रदेशको स्थायी बासिन्दा | १० | |
| ४. | समावेशी | ५ | |
| | **कुल जम्मा अंक** | **१००** | |

अनुसूची-६

*दफा ७ को उप-दफा (१) सँग सम्बन्धित*

## प्रतिसोधकर्ता अनुसन्धान सहयोग रकमको सीमा

| क्र.<br>स. | भौगोलिक क्षेत्र | अधिकतम अनुदान<br>सहयोगसीमा रकम रु. |
|---|---|---|
| १ | उच्चपहाडी जिल्ला<br>(कालिकोट, जुम्ला, मुगु, डोल्पा, हुम्ला) | १,५०,०००/-<br>(एक लाख पचास हजार मात्र) |
| २ | पहाडी जिल्ला<br>(दैलेख, सुर्खेत, जाजरकोट, सल्यान, रुकुम पश्चिम) | १,००,०००/- (एक लाख मात्र) |

अनुसूची—५
*दफा ८ सँग सम्बन्धित*

## सम्झौता पत्रको नमुना

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत

र

श्री ........................................................... बीच

**अर्गानिक कृषि सम्बन्धी अनुसन्धानसोध कार्यको लागि सम्झौता पत्र**

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश सुर्खेत (यसपछि प्रथम पक्ष भनिएको) र श्री ..................................... (यस पछि दोस्रो पक्ष भनिएको) बीच शोधपत्र अनुसन्धानसहयोग उपलब्ध गराउने सम्बन्धमा यो सम्झौता गरी एक एक प्रति लियौं दियौं ।

१. दोस्रो पक्षले ...................................... शिर्षकमा शोधपत्र तयार गर्नु पर्नेछ ।

२. दोस्रो पक्षले मिति .............................. भित्र सोधपत्र तयार गरी पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई सोधकार्य सम्पन्न भएपछि एकमुस्ट रकम रु.............. (अक्षरुपी ................................) को नियमानुसार कर कट्टी गरी भुक्तानी दिनेछ ।

४. सोधपत्र तयार गर्दा स्थलगत रुपमा प्राथमिक तथ्यांक संकलन गरी आधिकारिक विवरण र तथ्यांकहरूलाई आधार बनाई गर्नु पर्नेछ । सन्दर्भ सामग्रीको रुपमा दोस्रो दर्जाको तथ्यांक (Secondary Data) प्रयोग गर्न सकिने छ । सोधपत्रको तथ्यांक र विवरणहरू झुठा देखिएमा पहिलो पक्षले दोस्रो पक्षलाई अनुसन्धान सहयोग भुक्तान गर्न बाध्य हुने छैन ।

५. शोधपत्र तयार कार्यको जवाफदेहीता र उत्तरदायित्व दोस्रो पक्षको हुनेछ ।

६. यस सम्झौतामा उल्लेख भएकोमिति भित्र सोधकार्य सम्पन्न गर्न नसक्ने अवस्थामादोस्रो पक्षलेस्पस्ट कारण र औचित्य सहित सम्झौता अवधिको म्याद सकिने भन्दा सात (७) दिन अगाडी सम्बन्धितशैक्षिक संस्थाको सिफारिस साथ प्रथम पक्ष समक्ष निबेदन पेश गर्नुपर्नेछ र सोधकार्यको लागि थपिएको अवधि भित्र पनि दोस्रो पक्षले सोधपत्र तयार गर्न नसकेमा सम्भौता स्वतः बदर भएको मानिनेछ ।

७. यो सम्झौता अवधि चालु आ.व. ०७६/०७७ सम्मको लागि मात्र मान्य हुनेछ । सोधपत्र सम्पन्न गर्न एक आर्थिक वर्ष भन्दा बढी लाग्ने अवस्थामादोस्रो पक्षले स्पस्ट कारण र औचित्य सहित सम्बन्धितशैक्षिक संस्थाको सिफारिस साथ प्रथम पक्षसमक्ष निबेदन पेश गर्नुपर्नेछ र अर्को आर्थिक वर्षमा सोहि प्रकृतिको कार्यक्रम स्विकृत भएमामात्रप्रथम पक्षले सोधपत्र अनुसन्धान सहयोग रकम उपलब्ध गराउनेछ।

८. माथि उल्लेखित अनुसन्धान कार्यको लागि दोस्रो पक्षले अन्य स्रोतबाट अनुदान लिएको खण्डमा प्रथम पक्षले भुक्तानी दिने छैन।

९. सोधपत्र अनुसन्धान रकम सहयोग गरेको कुरा दोस्रो पक्षले सोध पत्रमा उल्लेख गर्नुपर्नेछ ।

१०. अनुसन्धानबाट निस्केको परिणामहरू प्रथम र दोस्रो पक्ष दुबैको साझा सम्पति हुनेछ ।

११. अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

सम्झौताको दोस्रो पक्ष
नामः
स्थायी ठेगानाः
सम्पर्क नम्बरः
मितिः

सम्झौताको प्रथम पक्ष
नामः
पदः
दस्तखतः
कार्यालयको **छापः**
मितिः

# एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफाम अनुसन्धान प्लट स्थापना तथा संचालन कार्यविधि,२०७६

*मा. मन्त्रीज्यूबाट*
*मिति २०७६/१०/१९ गते स्वीकृत*

**प्रस्तावना:** कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आव.०७६/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफार्म अनुसन्धान प्लट स्थापना तथा संचालन कार्यक्रम सहजीकरण गर्न र एकीकृत अर्गानिक नमुना फार्म मार्फत अध्ययन अनुसन्धानको साथै अर्गानिक कृषि सम्बन्धी प्रविधि विकास र विस्तारको लागि वाञ्छनीय भएकोले मन्त्रालयले एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफार्म अनुसन्धान प्लट स्थापना तथा संचालन कार्यविधि,२०७६ तयार गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफार्म अनुसन्धान प्लट स्थापना तथा संचालन कार्यविधि,२०७६" रहेको छ।
(२) यो कार्य विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-
(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।
(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका अनुदान प्रवाह गर्ने निकाय सम्झनुपर्छ।
(ग) "प्रशिक्षण केन्द्र" भन्नाले कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्दन प्रशिक्षण केन्द्र सम्झानुपर्छ ।
(घ) "कार्यक्रम" भन्नाले भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्विकृत वार्षिक एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफार्म अनुसन्धान प्लट स्थापना तथा संचालन कार्यक्रमलाई सम्झनुपर्छ ।
(ङ) "संस्था" भन्नाले कानूनी प्रकृया पुरा गरेर कृषि तथा पशुपंक्षी सम्बन्धी अध्ययन, अनुसन्धान तथा विकासमा संलग्न बिद्यालय, कलेज, विश्व बिद्यालय तथा संस्थानलाई समेत सम्झनु पर्दछ।
(च) "अनुदान रकम" भन्नाले एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफार्म अनुसन्धान प्लट स्थापना तथा संचालनको लागी उपलब्ध गराइने रकमलाई सम्झनुपर्दछ।
(छ) "प्रस्ताव" भन्नाले कार्यक्रम संचालनको लागि पेश गरेको कार्ययोजना सहितको आवेदन सम्झनुपर्छ।
(ज) "अनुदानग्राही" भन्नाले अनुदान प्राप्त गर्ने संस्था सम्झनु पर्दछ।
(झ) "केन्द्र प्रमुख" भन्नाले कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्दन प्रशिक्षण केन्द्रको प्रमुखलाई सम्झनुपर्छ ।

(ञ) "एकिकृत कृषि फार्म" भन्नाले कृषि र पशुपन्छीपालन एकै ठाउमा गरि कुनै एकलाई मूख्यरुपमा व्यवसायिक उत्पादन गरी खेर जाने सहायक उत्पादनको सदुपयोग गर्ने गरि व्यवस्थापन गरिएको फार्मलाई जनाउँछ। यसका साथै मिश्रीत खेति, अन्तर बाली र कृषि वन प्रणाली समेतलाई सम्झनुपर्छ ।

**३. <u>एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अन फार्म अनुसन्धान प्लट स्थापना तथा संचालनको उदेश्यः</u>**

(१) एकीकृत मोडेल कृषि फार्म प्रदर्शनी गरी अध्ययन, अनुसन्धान, अवलोकन र सिकाई केन्द्रको रुपमा विकास गर्ने ।

(२) प्रशिक्षण केन्द्रबाट संचालन गरिने तालिमहरू व्यवहारिक र प्रभावकारी बनाउन तालिम सहभागीको सक्रिय सहभागितामा प्रयोगात्मक तथा व्यवहारिक तालिम संचालन गर्ने ।

(३) व्यवसायिक कृषि फार्म विकास मार्फत संस्था तथा संस्थामा अध्ययरत बिधार्थीको आम्दानीमा बृधि गर्ने ।

(४) अनुसन्धानमुलक कार्य गरी नयाँ प्रविधि र ज्ञान सिफारिस गर्ने ।

(५) कृषि तथा पशुपंक्षी क्षेत्रमा विकास भएका नया ज्ञान, सिप र प्रविधिको अनफार्म अनुसन्धान गर्ने ।

(६) संस्थामा अध्ययनरत बिद्यार्थीहरूको प्रयोगात्मक सिकाईलाई प्राथमिकता दिदै नमुना प्राविधिक संस्थाको रुपमा स्थापना गर्ने ।

(७) कृषि स्रोत केन्द्रको रुपमा विकास गर्ने ।

(८) समग्ररुपमा अर्गानिक कर्णाली प्रदेश निर्माण गर्न सहयोग गर्ने ।

## <u>परिच्छेद-२</u>

## संस्था छनौट, प्रस्ताव मुल्यांकन र कार्यक्रम संचालन प्रक्रिया

**४. <u>संस्था तथा प्रस्ताव छनौट प्रक्रियाः कार्यक्रम संचालनको लागि संस्था तथा प्रस्ताव छनौट प्रक्रिया देहायबमोजिम हुनेछ :</u>**

(१) कार्यक्रम संचालनको लागि सम्भाव्य संस्थाहरूको छनौट गर्न दफा-७ बमोजिमको प्राविधिक समिति गठन गरिनेछ ।

(२) प्राविधिक समितिले अनुसूची-१ बमोजिम मापदण्डको आधारमा स्थलगत अध्ययन, अवलोकन र निरीक्षण गरी कार्यक्रम संचालनको लागि उपयुक्त भए/नभएको प्राविधिक सम्भाव्यता प्रतिबेदन मन्त्रालयमा पेश गर्नेछ ।

(३) प्राविधिक सम्भाव्यता अध्ययन प्रतिबेदनको आधारमा मन्त्रालयले कार्यक्रम संचालनको लागि स्विकृत गर्नेछ ।

(४) कार्यक्रम संचालनको लागि स्विकृत भएपछी सम्बन्धित संस्थाले अनुसूची-२ बमोजिम प्रस्ताव र अनुसूची-३ बमोजिम सोचतालिका सहित प्रशिक्षण केन्द्रमा पेश गर्नुपर्नेछ ।

(५) प्राविधिक समितिले अनुसूची-१ बमोजिम मुल्यांकन मापदण्डको आधारमा प्रस्ताव मुल्यांकन गरी स्वीकृतिको लागि केन्द्र प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(६) स्विकृत प्रस्ताव अनुसार कार्यक्रम संचालन गर्नको लागि अनुसूची-४ बमोजिम सम्झौता गरी कार्यादेश दिनुपर्नेछ ।

(७) कार्यक्रमलाई प्रभावकारी बनाउन प्रशिक्षण केन्द्रले एक जना प्राविधिकलाई फोकल पर्सन तोक्नेछ र अनुदान ग्राही संस्थाले एक जना संयोजक/सम्पर्क व्यक्ति तोक्नुपर्नेछ।

(८) प्रथम वर्षमा स्वीकृत वार्षिक कार्ययोजना अनुसारका क्रियाकलापहरू सफलतापूर्वक सम्पन्न गरी पेश गरेको प्रतिबेदनको आधारमा अर्को आर्थिक वर्षमा कार्यक्रमलाई निरन्तरता दिन सकिनेछ ।

## ५. संस्था छनौट गर्नको लागि पुरा गर्नुपर्ने न्युनतम मापदण्डहरू :

(क) कम्तिमा १ बिघा जमिन भएको ।

(ख) सिंचाई, सडक र विधुतको सुबिधा भएको ।

(ग) कृषि/पशु बिज्ञान बिषयको अध्ययन भैरहेको ।

(घ) एकीकृत कृषि फार्मको सुरक्षाको लागि आवश्यक बार बन्देज वा पर्खालको व्यवस्था भएको ।

(ङ) एकीकृत कृषि फार्मको सुरक्षाको सम्पूर्ण जिम्मा संस्थाले लिपर्नेछ ।

## ६. संचालन गरिने क्रियाकलाप र रकम खर्च गर्ने शीर्षकहरू:

(१) अनुसूची- ५ बमोजिम एकीकृत कृषि मोडेल फार्म विकासको लागि आवश्यक पर्ने अर्गानिक कृषि उत्पादन सामग्री (बीउ बिजन, जैविक मल तथा जैविक बिषादी, गाई भैसी, माछा, बाखा,कुखुरा, आई.पी.एम डेमो, प्रविधि डेमो),

(२) अर्गानिक कृषि तथा एकीकृत कृषि सम्बन्धी पाठ्यक्रम निर्माण र अध्यापन,

(३) अर्गानिक कृषि पूर्वाधार निर्माण,

(४) सिंचाई व्यवस्थापन,

(५) बोटानिकल गार्डेन, diversity block तथा अनुसन्धान प्लट स्थापना,

(६) एकीकृत कृषि फार्म व्यवस्थापनको लागि यस कार्यविधि बमोजिम व्यवस्था गरेका सामग्री जस्तैः होर्डिंग बोर्ड, फार्म दिवस, फार्म अभिलेख खाता आदि,

(७) कृषि उत्पादन, बजारीकरण तथा भण्डारणमा आवश्यक र प्रभावकारी हुने कृषि मेसिनरी तथा औजार,

(८) स्थलगत व्यवहारिक तालिम,

(९) एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफाम अनुसन्धान प्लटको र उक्त फार्म बाट निस्किएका नया ज्ञान सिप र प्रविधिबारेमा प्रकाशन र प्रचार प्रसार ।

(१०) एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफाम अनुसन्धान प्लटको डिजाइन

(११) अर्गानिक कृषि विकास तथा अनुसन्धान सम्बन्धि प्राविधिक परामर्श सेवा ।

(१२) व्यवसायिक रुपमा गरिने खेति र व्यवसायिक रुपमा आधुनिक तथा हाइटेक प्रविधिको अवलम्वन गर्नु परेमा सामाजिक,आर्थिक, वितिय तथा वातावरणीय बिश्लेष्ण गर्नुपर्नेछ । तर डेमोको रुपमा गरिने कार्यको लागि उक्त बिश्लेष्ण कार्य आवश्यक पर्दैन ।

७. **प्राविधिक मुल्यांकन समिति गठनः** (१) कार्यक्रम संचालन गर्ने संस्थाको छनौट तथा प्रस्ताव मुल्यांकन गर्न देहायबमोजिमको समिति गठन गरिनेछ ।

(क) प्रमुख, कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्दन प्रशिक्षण केन्द्रः संयोजक

(ख) अर्गानिक खेती प्रवर्दन तथा जैविक विविधता शाखा प्रमुख, मन्त्रालयः सदस्य

(ग) कृषि प्रसार अधिकृत, प्रशिक्षण केन्द्र : सदस्य

(घ) पशु विकास अधिकृत, प्रशिक्षण केन्द्र : सदस्य

(ङ) अधिकृत छैटौ, योजना शाखा, प्रशिक्षण केन्द्र : सदस्य-सचिव

(२) उपदफा १ बमोजिमको समितिले आवश्यकता अनुसार बैठकमा सम्बन्धित विषय विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ। समितिले बढीमा तीन वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

(३) समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तु परक बनाउन समितिका सदस्यहरू मध्ये बाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उपसमिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ। उप-समितिले बढीमा तीन वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ।

(४) समितिको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः

(क) अनुसूची-१ मा उल्लेखित छनौट मापदण्डको आधारमा कार्यक्रम संचालन गर्न प्राविधिक सम्भाव्यता अध्ययनको लागि स्थलगत अध्ययन, अवलोकन तथा निरीक्षण गरी प्राविधिक, आर्थिक वाताबरण तथा सामाजिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गरी प्रतिबेदन तयार गरी आवश्यक राय तथा सिफारिस सहित मन्त्रालयमा पेश गर्ने।

(ख) मन्त्रालयबाट कार्यक्रम संचालनको लागि स्विकृत भएपछी छनौट भएको संस्थालाई आवश्यकता अनुसार बढीमा ३० (तिस) दिनको समय दिई पत्राचार मार्फत प्रस्ताव पेश गर्न जानकारी गराउने।

(ग) पेश गरेको प्रस्तावको मुल्यांकन गरी स्वीकृतिको लागि केन्द्र प्रमुख समक्ष पेश गर्ने।

(घ) कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने ।

(ङ) आवश्यकतानुसार अन्य तोकिएका कार्य गर्ने ।

(५) सम्झौता गर्नु अघि कार्यक्रम सम्बन्धी प्रशिक्षण केन्द्रले १ दिने अभिमुखीकरण गोष्ठी संचालन गरिनेछ।

## परिच्छेद-३

# काम, कर्तब्य र अधिकार

८. **अनुदानग्राही संस्थाको काम, कर्तब्य र अधिकारः** अनुदान ग्राहिको संस्थाको काम,कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ,

(१) सम्झौता अनुसार कार्यक्रम संचालन गर्ने ।

(२) प्रशिक्षण केन्द्रको समन्वयमा आफनो स्वीकृत परियोजना सम्बन्धित कामको विवरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि सहितको अनुसूची-६ बमोजिम ढाँचाको कम्तिमा ५ फिट लम्वाई र ३ फिट चौडाई भएको स्थायी प्रकृतिको सार्वजनिक सूचना पाटी/ प्रदर्शन वोर्ड सम्बन्धित संस्थाले राखु पर्नेछ ।

(३) प्रशिक्षण केन्द्रको समन्वय र सहकार्यमा अर्गानिक कृषि तथा एकीकृत कृषि खेति सम्बन्धि पाठ्यक्रम तयार गरी ऐच्छिक बिषयको रुपमा प्राथमिक तहदेखि नै अध्यापन गराउन सक्ने।

(४) कार्य सञ्चालनका क्रममा मन्त्रालय र प्रशिक्षण केन्द्रबाट दिइएको निर्देशनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

(५) मन्त्रालय र प्रशिक्षण केन्द्रले बेला बखत अनुदानग्राहीको परियोजना र सञ्चालन कार्य प्रगति हेर्न सक्नेछ र सो कार्य प्रगति देखाउनु सम्बन्धित अनुदानग्राहीको दायित्व हुनेछ।

(६) व्यवसायिक रुपमा गरेको सम्बन्धित बाली/वस्तुको अनुदानग्राहीले बीमा गराउनु पर्नेछ।

(७) अनुदानमा प्राप्त औजार उपकरणमा अनुदान दिने निकाय तथा अनुदान रकम नमेटिने मसीले लेख्नु पर्नेछ।

(८) कृषि सामाग्री, वीउ तथा औजार उपकरण खरिद गर्दा आधिकारिक श्रोत केन्द्रबाट मात्र खरिद गर्नु पर्नेछ ।

(९) फार्मको सुरक्षाको जिम्मा सम्बन्धित संस्थाको नै हुनेछ ।

(१०) अनुदान रकम भुक्तानीका लागि फार्म प्रगतिको रंगिन फोटो सहित पेश गर्नु पर्नेछ,

(११) कार्यक्रम सम्बन्धी एक पटकमा बढीमा १५ मिनेट सम्मको निर्माण गर्न सकिनेछ ।

(१२) फार्म दिवस वर्षमा २ पटक फार्म दिवस सञ्चालन गर्नुपर्नेछ । फार्म दिवस सञ्चालन पश्चात फार्म दिवस प्रतिवेदन अनुसूची-७ बमोजिम ढाँचामा संस्थाले प्रशिक्षण केन्द्रमा पेश गर्नुपर्नेछ।

(१३) अनुदानग्राही संस्थाले प्रगति प्रतिवेदन मासिक रुपमा तथा कार्यसम्पन्न प्रतिबेदन अनुसूची-८ बमोजिमको ढाँचामा प्रशिक्षण केन्द्रमा पेश गर्नुपर्नेछ ।

(१४) फार्म अवस्थित गाउँपालका/नगरपालिकाको वडा भित्र सञ्चालन हुने सवै प्रकारको कृषि प्रसार तथा तालिम कार्यक्रममा सहभागिता देखाउनु पर्नेछ ।

(१५) फार्ममा भएका अवलोकन भ्रमणलाई नियमित रुपमा आगन्तुक पुस्तिकामा प्रतिक्रिया तथा सल्लाह/सुझावहरू लेख्ने परम्परालाई कायम तथा स्थायित्व दिने ।

(१६) व्यवसायिक कृषि फार्म विकास मार्फत भएको आम्दानी संस्थाको हुनेछ र सो आम्दानी सम्बन्धित संस्थाको प्राविधिक शिक्षाको गुणस्तर बृधि गर्नको सदुपयोग गर्नुपर्नेछ ।

९. **<u>प्रशिक्षण केन्द्रको काम कर्तब्य र अधिकार:</u>** प्रशिक्षण केन्द्रको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) संस्थालाई एकीकृत अर्गानिक कृषि मोडेल फार्म तथा अनुसन्धान प्लट स्थापना गर्न प्राविधिक सहयोग समन्वय तथा सहकार्य गर्ने ।

(२) सम्झौतानुसार अनुसार कार्य सम्पन्न गर्न अनुगमन, निरीक्षण तथा मुल्यांकन गर्ने ।

(३) प्रशिक्षण केन्द्रको कृषि तथा पशुपंक्षी सम्बन्धी तालिमका सहभागीलाई संस्थाको फार्ममा लिएर प्रयोगात्मक तथा व्यवहारिक तालिम संचालन गर्ने ।

(४) कार्यक्रम प्रभावकारी बनाउनको लागि मासिक प्रगति बैठकको आयोजना गर्ने ।

(५) कार्यक्रम संचालनको क्रममा देखिएका समस्या समाधान गर्न सहजीकरण गर्ने र आवश्यकतानुसार मन्त्रालयसंग समन्वय गर्ने ।

(६) आवश्यकतानुसार फार्ममा आवश्यक विषय विशेज्ञको सेवाको व्यवस्थापन गर्न समन्वय गर्ने।

(७) फार्मको क्रियाकलाप र गतिविधिहरू सम्बन्धित सरोकारवाला निकायहरू, आयोजनाहरू, गैह्र सरकारी संस्थाहरू र कार्यक्रमसँग समन्वय तथा सहयोग गर्ने ।

(८) संस्थालाई नमुना प्राविधिक बिद्यालय र कृषि श्रोतकेन्द्रको रुपमा विकास तथा स्थापित गराउन सहयोग पुर्याउने।

(९) सम्झौतानुसार कार्यसम्पन्न भएपछी रकम भुक्तानी गर्ने ।

<u>परिच्छेद -४</u>

## सम्झौता र रकम भुक्तानी प्रक्रिया

१०. **<u>सम्झौता बिधि र भुक्तानी प्रक्रिया</u>** : (१) अनुदान प्रवाह गर्ने निकायले छनौट भएको अनुदानग्राहीसँग भुक्तानी प्रकृया तथा अनुदानग्राहीको दायित्व स्पष्ट रुपमा उल्लेख भएको अनुसूची-५ अनुसारको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) <u>भुक्तानी प्रक्रिया:</u> अनुदान रकमको भुक्तानी अनुदानग्राहीको बैंक खाता मार्फत बढीमा ३ किस्तामा गरिनेछ।

(क) सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २० प्रतिशत भुक्तानी,

(ख) पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३० प्रतिशत पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,

(ग) सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५० प्रतिशत तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी।

(घ) भुक्तानी हुँदाका बखत अनुदानग्राहीले गर्ने लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनु पर्ने तथा सो कुरा बीलहरूमा स्पष्ट देखिएको हुनुपर्नेछ ।

(ङ) भुक्तानीका अन्य प्रकृयाहरू प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।

(च) अनुदानग्राहीले रनिङ्ग बील तथा तोकिएको कार्यसम्पादन गरी कार्य सम्पन्न बीलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लागि लिखित निवेदन दिएको सातदिन भित्र कार्यालयले कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन (नाँपजाँच) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

(छ) अनुदान ग्राही संस्थाले कार्यसम्पन्न गरेर भुक्तानीको लागि आवश्यक कागजात सहित निबेदन पेश गरेमा एकमुष्ट भुक्तानी लिन सक्नेछ ।

**११. <u>अनुदान रकमको सिमाः</u>** स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही प्रस्तावको उपयुक्तताको आधारमा सरकारी तथा सामुदायिक संस्थालाई कुल लागतको ७० प्रतिशत वा अधिकतम रकम रु. पचास लाख र प्राइभेट संस्थालाई कुल लागतको ५० प्रतिशत वा अधिकतम रकम रु. पचास लाख अनुदान रकम प्रदान गरिनेछ । स्वीकृत पूँजीगत अनुदान अन्तर्गत पूर्वाधार निर्माण प्रकृति कार्यहरूका लागि दिइने अनुदान रकम पाँच प्रतिशत सम्म रनिङ्ग बिलको आधारमा कन्टिन्जेन्सी वापत कट्टा गर्न सकिनेछ । उक्त कट्टा गरिएको कन्टिन्जेन्सी रकम मन्त्रालय, निर्देशनालय र जिल्ला स्थित कार्यालयबाट नियमित रुपमा गरिने अनुगमन निरीक्षण, सुचना प्रकाशन, बैठक, प्रचार प्रसार र प्राविधिक खर्च आदि शिर्षकहरूमा खर्च गर्नुपर्नेछ ।

## <u>परिच्छेद-५</u>
## विविध

**१२. <u>अनुगमन मूल्याङ्कनः</u>** (१) कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/ निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार जुनसूकै समयमा पनि अनुगमन, मुल्यांकन र निरीक्षण गर्न सक्नेछ ।

(२) अनुगमन निरीक्षण गर्ने कर्मचारीले अनुसूची-९ बमोजिम प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नेछ।

**१३. <u>कार्यविधिको व्याख्या :</u>** यस कार्यविधिमा स्पष्ट उल्लेख भएकोमा बाहेक अन्य कुनै पनि विषयमा द्विविधा उत्पन्न त्यसको भएमा व्याख्या गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

**१४. <u>बाधा अड्काउ फुकाउनेः-</u>** (१) यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ ।

(२) यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

अनुसूची–१

**दफा ४ को २ सँग सम्बन्धित**

**मुल्याङ्कनका आधारहरू**

| क्र. सं. | प्रस्ताव मुल्यांकनका आधारहरू (स्थान छनौट- ५०+ प्रस्ताव-५०=१०० ) | अंकभार |
|---|---|---|
| १ | **प्रस्तावित स्थानको कृषि पूर्वाधारको उपलब्धता उपयुक्तता (सडक-५+सिंचाई-५+ विधुत-५+बजार-५)** | २० |
| क | **प्रस्तावित एकीकृत कृषि फार्मको हावापानी र भौगोलिक उपयुक्तता** | १५ |
| ख | प्रस्तावित जमिनको क्षेत्रफल (३ बिघा भन्दा बढी) | १५ |
| ग | २-३ बिघासम्म | १० |
| घ | १-२ बिघा सम्म | ५ |
| २ | **प्रस्तावित व्यवसायिक योजना** | **१५** |
| क | वातावरण सन्तुलन (५), दिगोपना (५), | १० |
| ख | मुनाफाजनक र रोजगारी सिर्जना (३ जना भन्दा बढी) | ५ |
| ग | मुनाफाजनक र रोजगारी सिर्जना (३ जना भन्दा कम ) | ३ |
| ३ | **प्रस्तावकको आर्थिक साझेदारी क्षमताको अवस्था** | **१०** |
| क | लागत अंश ४०% वा सो भन्दा बढी व्यहोर्न सक्षम भएको | १० |
| ख | लागत अंश ३०-४० % सम्म व्यहोर्न सक्षम भएको | ५ |
| **३** | **प्रस्तावित अर्गानिक तथा एकीकृत कृषि फार्म प्रवर्दन तरिका** | **१०** |
| क | अर्गानिक/एकीकृत कृषि मिश्रीत कृषि र पशुपंक्षीपालन, स्थानीय स्रोत साधनको सदुपयोगका साथै अर्गानिक कृषि सम्बन्धी नवप्रवर्तक प्रविधि अवलम्वन गरेको, रैथाने तथा उच्च मूल्य बाली वस्तुको खेति , | १० |
| ख | स्थानीय स्रोत साधनको सदुपयोगका साथै अर्गानिक कृषि सम्बन्धि नवप्रवर्तक प्रविधि अवलम्वन गरेको, रैथाने तथा उच्च मूल्य बाली वस्तु को खेति , | ५ |
| ४. | **प्रस्तावित कार्यक्रमको अनुसन्धान कार्य योजना** | **१५** |
| | **कुल जम्मा अंक** | **१००** |

नोटः संस्था छनौट हुनको लागि न्युनतम ५०% अंक प्राप्त गर्नुपर्नेछ

## अनुसूची–२

## दफा ४ को उप-दफा (४) सँग सम्बन्धित

## प्रस्तावको ढाचा

खण्ड १ः आवेदक संस्थाको सम्वन्धी विवरण

| आवेदक संस्थाको | नामः.............................................................. |
|---|---|
| आबेदकको पुरा ठेगाना | जिल्ला...... गा.पा./न.पा.........................वडा नः...............<br>गाँउ/टोल .......... इमेल....................<br>सम्पर्क नं ......................................................... |
| संयोजक/सम्पर्क व्यक्ति | नाम...............................ः<br>पदः..........<br>सम्पर्क नं.................................... इमेल.................................. |
| आवेदक संस्थाको किसिम/नाम र पढाई हुने प्राविधिक बिषय र तह | १ .सरकारी २. सामुदायिक ३.प्राइभेट ४ अन्य ..... (चिन्ह लगाउने)<br>कृषि :<br>भेटेरिनरीः |
| प्राविधिक बिषय सुरु मितिको विवरण | |
| संस्था स्थापना भएको मिति | गते/महिना/बर्ष.................................................. |
| सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भएको | दर्ता नम्बर ................................................<br>सस्था दर्ता गर्ने निकाय...........................................<br>मितिःम/दिन)हिना/बर्ष...................................( |
| बैक खाता विवरण | बैंकको नामः<br>ठेगानाः<br>खाता नंः.<br>खाता संचालकहरूको नामः |

**खण्ड ख-**

१. प्रस्तावित कार्यक्रमको विवरण

| | |
|---|---|
| प्रस्तावित व्यवसाय/फार्मको नाम | |
| एकीकृत मोडेल कृषि फार्मको लागि मुख्य कृषि मूल्य श्रृङ्खलाहरू | |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्व-लगानी रु. | |
| कार्यक्रम संचालन स्थल | जिल्ला :...............गा.पा/न.पा ........वार्ड स्थानः |

| | |
|---|---|
| वर्तमान क्रियाकलाप<br>(बढीमा १०० शब्द) | |
| प्रस्तावित कार्यक्रमको प्रमुख उद्देश्य<br>(३ ओटा) | •<br>• |
| प्रस्तावित कार्यक्रमका<br>मुख्य क्रियाकलापहरू को विवरण | •<br>• |

| **२ .नतिजा र प्रतिफल सूचकहरू(** | **लक्ष्य** |
|---|---|
| क्षेत्रफल | …….. |
| उत्पादन | संख्या…. ,टन./क्विन्टल … |
| उन्नत प्रविधि, उन्नत जात, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग | मुख्य–मुख्य मेशिन औजार तथा जातको नाम, प्रकार तथा क्षमता उल्लेख गर्ने |
| विक्रि परिमाण बृद्धि | वार्षिक क्विन्टल/टन |
| आम्दानी बृद्धि | रु……. ./वार्षिक |
| रोजगारी बृद्धि | ……, …….जना वर्षैभरी रोजगार, …… जना वा कार्यदिन आंशिक रोजगार |
| अपेक्षा गरिएको अनुसन्धान परिणाम | |

३ .उत्पादन तथा बजारीकरण योजनाः

| **क्र. सं.** | **उत्पादनको नाम** | **उत्पादन गर्ने महिना/समय** | **उत्पादन परिमाण** | | **बजारीकरण** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **इकाई** | **परिमाण** | **इकाई** | **परिमाण** | **दर रु** | **जम्मा** |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| कुल जम्मा उत्पादन | | | | | | | | |

**४ <u>मुख्य डेमो प्रदर्सन र अनुसन्धान प्लट स्थापनाको बिबरण :</u>**

**५. जनशक्ति विवरणः**

| किसिम | | कार्यक्रममा सहभागी संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | | | पुरुष | | |
| | | दलित | जनजाती | अन्य | दलित | जनजाती | अन्य |
| **प्राविधिक** | पूर्णकालिन | | | | | | |
| | आंशिक | | | | | | |
| **व्यवस्थापकीय** | पूर्णकालिन | | | | | | |
| | आंशिक | | | | | | |
| **श्रमिक** | वर्ष भरी | | | | | | |
| | आवश्यकतानुसार | | | | | | |

६. **वितिय योजनाः** कार्यक्रमको कृयाकलाप, बजेट तथा लागत साझेदारीको बिस्तृत बिवरण

| सि नं | प्रस्तावित कार्य बिवरण | एकाई | परिमाण | दर | जम्मा रकम रु. | लागत साझेदारी | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुदानग्रहीले व्यहोर्ने | माग गरेको अनुदान रु | कैफियत |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

नोटः कृषि भौतिक पूर्वाधारहरू निर्माणको लागि डिजाइन, लेआउट तथा लागत ईस्टिमेट मन्त्रालय वा अन्तर्गतका निकाय वा अन्य आधिकारिक निकायको आधिकारिक व्यक्तिले तयार गरेको हुनुपर्ने छ।

**७. व्यवसायिक कृषि फार्म /आधुनिक/हाइटेक प्रविधिको व्यवसायिक अवलम्वनको लागि मात्रः**

७.१. वितिय विश्लेषणः

**(क) लाभ लागत अनुपात** (**Benefit-Cost Ratio**)

| वर्ष | पुंजी लगानी | संचालन लागत | आय | छुट डिस्काउन्ट १२ % | वर्तमान मुल्यमा लागत | वर्तमान मुल्य आय |
|---|---|---|---|---|---|---|
| ० | | | | १ | | |
| १ | | | | ०।८९३ | | |
| २ | | | | ०।७९७ | | |
| ३ | | | | ०।७१२ | | |
| **जम्मा** | | | | | | |

**(ख) लागत फिर्ता अवधि** (**Pay Back Period**)

| वर्ष | नगद प्रवाह | क्युमुलिटिभ नगद प्रबाह | |
|---|---|---|---|
| ० | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

**लागत फिर्ता अवधिः**

## (ग) पार बिन्दु विश्लेषण (Breakeven point)

पार बिन्दु परिमाण = कल जम्मा स्थिर खर्च / औसत प्रति इकाई बिक्रि मुल्य - प्रति इकाई चालु खर्च

पार बिन्दु बिक्रि रकममा = कुल जम्मा स्थिर खर्च / १ - प्रति इकाई चालु खर्च/ औसत प्रति इकाई बिक्रि मूल्य

### ७.२ जोखिम व्यवस्थापन

| जोखिमको तह | सम्भावित जोखिम | जोखिमको प्रकृति र व्यापकता | व्यवस्थापन रणनीति |
|---|---|---|---|
| पूर्वाधार निर्माण | | | |
| उत्पादन | | | |
| बजारीकरण | | | |

### ७.३. वातावरणीय र सामाजिक व्यवस्थापन :

| क्रियाकलाप | प्रभाव | न्यूनिकरणका उपायहरू | अनुगमनका सूचकहरू | कैफियत |
|---|---|---|---|---|
| पूर्वाधार निर्माण | | | | |
| उत्पादन | | | | |
| बजारीकरण | | | | |

## ८. कार्यतालिका

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

## ९. आगामी तिन वर्षको योजना :

| सि नं | प्रथम वर्ष | | | दोस्रो वर्ष | | | तेस्रो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रस्तावित कार्य | परिमाण | लागत अनुमान | प्रस्तावित कार्य | परिमाण | लागत अनुमान | प्रस्तावित कार्य | परिमाण | लागत अनुमान |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

**अनुसूची–३**

**दफा ४ को उप-दफा (४) सँग सम्बन्धित**

**प्रस्तावको सोच तालिका ढाँचा**

| Narrative Summary (सारांश) | OVI (objectively verifiable indicators) (सूचकहरू) | MOV (Means of verification) (सूचक प्रमाणित गर्ने माध्यम/साधन ) | Assumption and risks (जोखिम तथा मान्यता ) |
|---|---|---|---|
| Goal (लक्ष्य): | | | |
| Purpose/objective (उदेश्य):<br>१)<br>२)<br>३) | | | |
| Outputs (नतिजा)<br>१)<br>२)<br>३)<br>४) | | | |
| Activities (क्रियाकलापहरू समयवधी सहित)<br>१)<br>२)<br>३)<br>४)<br>५)<br>...<br>.. | बजेट सारांश | | |

## अनुसूची–४
## दफा ४ को उपसँग सम्बन्धित ६दफा -

### सम्झौता पत्रको नमूना

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश सुर्खेत

र

श्री ............................................ बीच

**एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफाम अनुसन्धान प्लट स्थापना कार्यक्रम संचालनको लागि सम्झौता पत्र**

यो सम्झौता पत्र ,कार्यालययस) केन्द्र/ पछी प्रथम पक्ष भनिने/सहकारी/समूह ..........( संस्था ............... यस) ........ वार्ड .........पा.न/.पा.गा पछी दोस्रो पक्ष भनिने( बीच तपसिलको सर्त बमोजिमको कुराहरूलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

१. यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृतप्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति २०७....साल... महिना ....... गते सम्म संम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. यस सम्झौता बमोजिमको ..... कार्यक्रम सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ।दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइनेछैन।

३. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसारको कार्यसञ्चालन गर्न वढीमा तीन किस्ता वा एकमुष्ट रकम रु.......... (अक्षरुपि..........) देहाय बमोजिम भुक्तानी गरिने छ,

(क) सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,

(ख) पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फर्छ्यौट गरी जम्मा ३०% पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,

(ग) सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी।

(घ) भुक्तानी हुँदाका बखत अनुदानग्राहीले गर्ने लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनु पर्ने तथा सो कुरा बीलहरूमा स्पष्ट देखिएको हुनुपर्नेछ ।

(ङ) भुक्तानीका अन्य प्रकृयाहरू प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।

(च) अनुदानग्राहीले रनिङ्ग बील तथा तोकिएको कार्यसम्पादन गरी कार्य सम्पन्न बीलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लागि लिखित निवेदन दिएको सातदिन भित्र कार्यालयले कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन (नाँपजाँच) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

(छ) अनुदान ग्राही संस्थाले कार्यसम्पन्न गरेर भुक्तानीको लागि आवश्यक कागजात सहित निबेदन पेश गरेमा एकमुष्ट भुक्तानी लिन सक्नेछ ।

४. सम्झौता वमोजिमको कार्यसंचालन तथा सम्पन्नको लागि पहिलो पक्षमार्फत अनुदान स्वरुप रु. ......................... (अक्षरेपी ...........................) र दोस्रो पक्षको लागत सहभागिता रु. ................. (अक्षरेपी.............................) व्यहोरिने छ। उक्त फार्ममा चालु आर्थिक वर्षमा यस भन्दा बढी खर्च गर्न ईच्छा भएमा संस्था स्वंयले व्यहोर्ने छ ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको ....... कार्यक्रमका लागि सम्झौतामा समावेश गरिएको श्रोतवाहेक अन्य कुनै सरकारी, गैहसरकारी संघसंस्थावाट सहयोग, अनुदान आदिप्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनुपर्नेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरूले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

७. प्रथम पक्षले तोकेको ढांचा अनुसार कार्यक्रमको विवरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि जस्तो सम्पूर्ण विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा दोस्रो पक्षले सूचना पाटी/होर्डिंग बोर्ड राख्नुपर्नेछ।

८. दोस्रो पक्षले कार्यक्रम शुरुवात देखि सञ्चालन सम्बन्धी सम्पूर्ण कार्यको अभिलेख राखेको हुनु पर्नेछ।

९. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश गरेपछि सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ।

१०. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानिनोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

११. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेटअनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

१२. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा दुवै पक्षको उपस्थितिमा समझदारी गर्न सकिनेछ ।

१३. कृषि उत्पादन सामाग्री, वीउ तथा औजार उपकरण खरिद गर्दा आधिकारिक श्रोत केन्द्रबाट मात्र खरिद गर्नु पर्नेछ।

१४. दोस्रो पक्षले अनुदानमा प्राप्त औजार उपकरणमा अनुदान दिने निकाय तथा अनुदान रकम नमेटिने गरी लेख्नु पर्नेछ

१५. प्रथम पक्षले फार्म क्रियाकलाप र गतिविधिमा गाँउपालिका/नगरपालिका सहित अन्य सरोकारवाला निकायहरू, आयोजनाहरू, गैह्र सरकारी संघसंस्थारु र कार्यक्रमसँग सहकार्य तथा समन्वय गर्ने छ।

१६. दक्ष श्रमिक बाहेक अन्य श्रममा लागेको खर्च प्रथम पक्षले व्यहोर्ने छैन ।

१७. दुवै पक्ष बीच सम्झौता भएको मितिदेखि लागु हुने गरी प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम संचालन गर्नको लागि **कार्य आदेश दिएको** मानिनेछ ।

१८. कार्यक्रम संचालन भैसके पछी दोस्रो पक्षले रासायनिक मल तथा विषादि प्रयोग गरेको प्रमाणित भएमा प्रथम पक्षले जुनसुकै बेला पनि सम्झौता रद्ध गर्न सकिनेछ ।

१९. यो सम्झौतामा उल्लेख भएका कुराहरूमा यस वमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियमअनुसार हुनेछ।

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखतः | दस्तखत-: |
| नामः | नाम-: |
| पद-: | पद-: |
| | सम्पर्क नम्बरः |
| मिति-: | मिति-: |
| कार्यालयको छाप-: | संस्थाको छापः |


रोहवर

| | |
|---|---|
| दस्तखत-: | दस्तखत-: |
| नाम-: | नाम-: |
| ठेगाना-: | ठेगाना-: |
| मिति-: | मिति-: |

अनुसूची–५

**दफा ६ को उपसँग सम्बन्धित (१) दफा-**

**एकीकृत मोडेल अर्गानिक कृषि फार्मको नक्सांकन ढांचा**




- नोटः खाध्यान,तरकारी, तेल बाली, दालबाली, मसलाबाली लगायत फलफूल, डाले घास, जडिबुटी, वानस्पतिक बिरुवाहरू समेत गरी कम्तिमा १०० प्रजातिको बिरुवाहरूको पहिचान हुनुपर्नेछ ।

## अनुसूची – ६
## दफा ८ को उपदफा (२) सँग सम्बन्धित

## फार्मको प्रदर्शन बोर्ड नमुना

**प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र**

**कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत**

कार्यक्रमको नामः..............

कार्यन्वयन गर्ने संस्थाको नामः श्री ................................

ठेगानाः .................................................., सुर्खेत.

जग्गाको क्षेत्रफलः ............... रोपनी /विघा वाली प्रणालीः ............

पशुपंक्षीको प्रकार र संख्याः

सहभागी प्रशिक्षार्थीः छात्राः ........... जना छात्रः ........... जना

जम्माः ............ जना

प्रशिक्षण केन्द्रको अनुदान रु.: ............... विद्यालयको लगानी (जन श्रमदानसहित) रु.: .................

कुल जम्मा बजेट रु.: ..........................

कार्यक्रम सुरु मितिः सम्पन्न हुने मितिः

## अनुसूची-७
## दफा ८ को उपसँग सम्बन्धित (१२) दफा-
## फार्म दिवस प्रतिवेदन

१) विवरणः

- संस्थाको नामः
- ठेगानाः जिल्लाः .........गाउँपालिका/नगरपालिकाः ..........वार्ड नम्वरः ........ टोलः ..
- कार्यक्रम संयोजकको नामः
- सञ्चालन मितिः
- बालीः

२) सहभागीता

क) प्रशिक्षार्थीहरूको विवरणः

| सहभागी / प्रशिक्षार्थीहरूको विवरण | केटी (महिला) | केटा (पुरुष) | कुल जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|
| विद्यालयका कृर्षि अध्ययन गर्ने प्रशिक्षार्थी | | | | |
| वाहिरका कृषक सहभागी भएमा | | | | |

ख) कार्यालयको सहभागीताः

| क्र.सं. | नाम | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

ग) आमन्त्रित/प्रतिनिधि सहभागीताः

| क्र.सं. | नाम | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

३) बाली विवरणः

- जातः
- रोपेको मितिः
- प्रविधि प्रयोग (थोपा सिँचाई, स्पीडकल, फेरोमेन ट्र्याप, मल्चिङ्ग प्लाष्टिक, प्लाष्टिक घर, गड्यौली वेड निर्माण, अर्गानिक विषादी वनाउने आदि)

४) आय व्यय विवरणः

पूँजीगत खर्च (स्प्रे टंकी, पाईप, मोटर, सिँचाई टंकी, पावर टेलर, मिनि पावर टेलर)

| **क्र.सं.** | **पूँजीगत विवरण** | **रुकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| कुल जम्मा | | | |

उत्पादन खर्च बिक्रि (लाभ लागत अध्ययन बिश्लेशण )

| क.सं. | विवरण | रुकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कृषि सामाग्री | | |
| २ | विद्यालयको श्रमदान | | |
| ३ | बाहिरको श्रम (ज्याला तिरेको) | | |
| ४ | मेशनरी उपकरण प्रयोग (पावर टिलर आदि) | | |
| ५ | गोरु जोताई | | |
| ६ | उत्पादन खर्च जम्मा | | |
| **कुल जम्मा** | | | |

उत्पादन (कृषक दिवस सम्मको) ............... कि.ग्रा.
विक्रि (कृषक दिवस सम्ममको) ....................कि.ग्रा. रु. ............................

५) फार्म दिवसमा उठेका सवाल तथा राय प्रतिक्रियाः

६) सिकेका पाठहरुः

प्रतिवेदन पेश गर्नेको
नामः
पदः
ठेगानाः

अनुसूची – ८

*दफा ८ को उपदफा (१३) सँग सम्बन्धित*

# मासिक प्रगति तथा कार्य सम्पन्न प्रतिवेदन ढांचा

संस्थाको नामः

संस्था प्रमुखको नामः

सम्पर्क न.: ठेगानाः गाउँपालिका/नगरपालिकाः वडा नं.: टोलः

कार्यक्रम संयोजकको नामः पद

सम्पर्क नः

कार्यक्रम सम्झौता मितिः

कार्यक्रम सम्पन्न मितिः

एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफार्म अनुसन्धान प्लट मा समावेश बाली

| क्र.सं. | बालीको नाम | जात | लगाईएको क्षेत्रफल (कट्टा) | | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

**फार्म दिवस आयोजना मितिहरू :**

**फार्म दिवसमा प्रदर्शनी गरेका बालीहरूः**

**फार्म दिवसमा सहभागिता**

क) सहभागीता

| क्र.सं. | विवरण | महिला (संख्या) | पुरुष (संख्या) | कुल जम्मा (संख्या) | कैफियत |
|---|---|---|---|---|---|
| १ | पहिलो दिवस | | | | |
| २ | दोश्रो दिवस | | | | |

ख) कार्यालको सहभागीता

| विवरण | क्र.सं. | नाम | पद | कैफियत |
|---|---|---|---|---|
| पहिलो दिवस | १ | | | |
| | २ | | | |
| | ३ | | | |
| दोश्रो दिवस | १ | | | |
| | २ | | | |
| | ३ | | | |

ग) आमन्त्रित अतिथि /प्रतिनिधिको सहभागिता

| विवरण | क्र.सं. | नाम/पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| पहिलो दिवस | १ | | | |
| | २ | | | |
| | ३ | | | |
| दोश्रो दिवस | १ | | | |
| | २ | | | |
| | ३ | | | |

घ) फार्म अवलोकन गर्नेको विवरण

| क्र. सं. | अवलोकन गर्ने व्यक्तिको नाम र ठेगाना | अवलोकन मिति | अवलोकन गर्ने क्रममा दिएको प्रमुख सल्लाह सुझाव | सम्पर्क न |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

| क्र. सं. | अवलोकन गर्ने समूह/टिमको नाम र ठेगाना | टिममा कुल सदस्य संख्या | अवलोकन मिति | अवलोकन गर्ने क्रममा दिएको प्रमुख सल्लाह सुझाव | सम्पर्क न. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

ङ) अर्गानिक प्रदर्शन फार्मको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणको विवरणः

| क्र.सं. | कार्यक्रम सचालन गर्ने संस्थाबाट अनुगमन निरीक्षण गर्नेको नाम र पद | अनुगमन गरेको मितिहरू | निरीक्षण गर्ने क्रममा दिएको प्रमुख सल्लाहसुझाव तथा निर्देशन | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

| क्र. सं. | मन्त्रालय/कार्यालय अनुगमन निरीक्षण गर्नेको नाम र पद | निरीक्षण गरेको मितिहरू | निरीक्षण गर्ने क्रममा दिएको प्रमुख सल्लाहसुझाव तथा निर्देशन | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

| क्र.सं. | पालिकाबाट अनुगमन निरीक्षण गर्नेको नाम र पद | निरीक्षण गरेको मितिहरू | निरीक्षण गर्ने क्रममा दिएको प्रमुख सल्लाह सुझाव तथा निर्देशन | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

| क्र.सं. | अन्य संघसंस्थाबाट निरीक्षण गर्नेको नाम र पद | निरीक्षण गरेको मितिहरू | निरीक्षण गर्ने क्रममा दिएको प्रमुख सल्लाह सुझाव तथा निर्देशन | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

च) उत्पादन तथा बजारीकरण विवरणः ( लाभ लागत विश्लेषण)

| क्र.सं. | उत्पादित वस्तुको नाम | उत्पादन महिना/समय | उत्पादन परिमाण | | बजारीकरण | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | इकाई | परिमाण | इकाई | परिमाण | दर रु | कुल जम्मा रु. |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| कुल जम्मा | | | | | | | | |

| क्र.सं. | विवरण | कि.ग्रा. | मूल्य रु. | कै. |
|---|---|---|---|---|
| १ | फार्म गेट/उत्पादन थलोबाट विक्रि | | | |
| २ | बजारमा विक्री | | | |
| **जम्मा** | | | | |

छ) एकीकृत अर्गानिक फार्म प्रदर्शनी सञ्चालन क्रममा पूँजीगत पूर्वाधार तथा मेशनरी औजार खरिद तथा व्यवस्था गरेको भए त्यसको विवरणः

| क्र.सं. | विवरण | परिमाण | जम्मा रु. | कै. |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| जम्मा | | | | |

ज) एकीकृत अर्गानिक फार्म प्रदर्शनीको मुख्य परिमाणात्मक उपलब्धिहरूः

| क्र.सं. | विवरण | सूचक (indicator) | | प्रमाणित गर्ने माध्यम means of verification | Remarks (कैफियत |
|---|---|---|---|---|---|
| | | लक्ष (target) | उपलब्धि (achievement) | | |
| १ | उदेश्यः | | | | |
| १.१. | | | | | |
| २ | क्रियाकलाप (activities) | | | | |
| २.१ | | | | | |
| २.२ | | | | | |
| २.३ | | | | | |
| .. | | | | | |
| ३ | नतिजा (outputs) | | | | |
| ३.१ | | | | | |
| ३.२. | | | | | |
| ... | | | | | |

झ) अन्य गुर्णात्मक उपलब्धिहरू:

१.

२.

ञ) एकीकृत अर्गानिक फार्म प्रदर्शनीको व्यवस्थापन क्रममा भोगेका मुख्य समस्याहरुः

१) ..............................................................................................................

२) ..............................................................................................................

३) ..............................................................................................................

ट) माथि उल्लेखित समस्या समाधानका उपायहरुः

१) ..............................................................................................................

२) ..............................................................................................................

३) ..............................................................................................................

ठ) एकीकृत अर्गानिक फार्म प्रदर्शनीबाट मुख्य सिकाईहरू

१) ..............................................................................................................

२) ..............................................................................................................

३) ..............................................................................................................

ड) तालिम तथा अर्गानिक प्रदर्शन फार्म सञ्चालन क्रममा सिकेका मुख्य पाठहरुः

१) ..............................................................................................................

२) ..............................................................................................................

३) ..............................................................................................................

ढ) यो कार्यक्रमलाई भविष्यमा अझ प्रभावकारी तथा दिगो बनाउनको लागि मुख्य तथा सुझावहरू:

१) ..............................................................................................................

२) ..............................................................................................................

३) ..............................................................................................................

प्रतिवेदन पेश गर्ने

नामः

पदः

सम्पर्क नम्बरः

मितिः

# अनुसूची – ९
## दफा ११ को उपदफा (२) सँग सम्बन्धित

## अनुगमन, निरीक्षण प्रतिवेदन ढांचा

- कर्मचारीको नामः
- पदः
- अनुगमन निरीक्षण गरेको मितिः
- अनुगमन निरीक्षण गरेको स्थानः
- अनुगमन निरीक्षण गरेको क्षेत्र/वाली वस्तु :

| अनुगमन निरिक्षणमा देखिएका/ पाईएका गतिविधिहरू | सल्लाह सुझाव दिईएको भए त्यसको विवरण | कैफियत |
|---|---|---|
| १<br>२<br>३ | १<br>२<br>३ | |

- अनुगमन निरीक्षणको सिकाईः
- सुझावः
- अनुगमनको फोटो :

प्रतिवेदन पेश गर्नेः
नामः
पदः
मितिः

अनुसूची – १०

दफा ८ को उपदफा (२) सँग सम्बन्धित

## प्रमाणपत्रको ढांचा

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र**
कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत

### एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफार्म अनुसन्धान प्लट व्यवस्थापन प्रमाण-पत्र

यस कार्यालयको सहयोगमा .............................................. गाउँपालिका/नगरपालिका ....................... वडामा ................................................ टोल स्थित श्री ................................................ विद्यालयले एकीकृत अर्गानिक कृषि मोडेल फार्म प्रदर्शनी तथा अनफार्म अनुसन्धान प्लट स्थापना कार्यक्रममा मिति ................................. देखि ........................... सम्म सहभागी भई सफलताका साथ फार्म व्यवस्थापन सम्पन्न गर्नु भएकोले कदर साथ यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

मिति

| | | |
|---|---|---|
| .......................................... | ...................................... | ...................................... |
| प्रशिक्षण केन्द्र प्रमुख | सचिव | मन्त्री |

# स्थानीय तहका लागि अर्गानिक उत्पादन प्रोत्साहन कार्यविधि, २०७५

**<u>प्रस्तावना:</u>** कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को प्रथम बैठकबाट पारित रैथाने बालीहरूको संरक्षण गर्दै अर्गानिक कृषिका आधारहरू खडा गर्ने निर्णयको व्यवहारिक कार्यान्वयन गर्न यस मन्त्रालयको आ.व. ०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अर्गानिक कृषिको उत्पादन. प्रशोधन तथा बजारीकरणको लागि **अर्गानिक कृषि उत्पादनको नीति बनाई कार्यान्वयनमा गएका** स्थानीय तहलाई प्रोत्साहित गर्न बाञ्छनीय भएकोले मन्त्रालयले **स्थानीय तहका लागि अर्गानिक उत्पादन प्रोत्साहन कार्यविधि, २०७५** तयार गरेको छ।

परिच्छेद -१

<u>प्रारम्भिक</u>

३. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस कार्यविधिको नाम "**स्थानीय तहका लागि अर्गानिक उत्पादन प्रोत्साहन कार्यविधि, २०७५**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

४. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका अनुदान प्रवाह गर्ने निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र समेतलाई सम्झनुपर्छ।

(ग) "कार्यक्रम" भन्नाले अर्गानिक कृषि उत्पादनको नीति बनाई कार्यन्वयनमा गएका स्थानीय तहलाई अर्गानिक उत्पादन प्रोत्साहन कार्यक्रम सम्झनुपर्छ ।

(घ) "अनुदान रकम" भन्नाले अर्गानिक उत्पादन प्रोत्साहन कार्यक्रमका लागि स्थानीय तहलाई उपलब्ध गराइने रकमलाई सम्झनुपर्दछ ।

(ङ) "प्रस्ताव" भन्नाले स्थानीय तहले पेश गरेको कार्ययोजना सहितको आवेदन सम्झनुपर्छ।

(च) "प्रमाणीकरण" भन्नाले अग्रिम रुपमा पहिचान गरिएको एवं विश्वासिलो प्रक्रिया अपनाई कुनै कृषि, वन तथा पशुपंक्षी जन्य उपजको निर्धारित गुणस्तर कायम गर्नका लागि पुरा गर्नु पर्ने शर्तहरू पुरा गरिएको छ भनी दिने लिखित सुनिश्चितता सम्झनुपर्छ ।

(छ) "प्रमाणीकरण निकाय" भन्नाले अर्गानिक मापदण्ड अनुसार उत्पादन, प्रशोधन, प्याकेजिंग, भण्डारण, ढुवानी र लेवलिङ्ग भएको छ कि छैन भनेर मूल्यांकन गर्ने निकायलाई जनाउंछ।

(ज) "मापदण्ड" भन्नाले कुनै देशले आफ्नो आन्तरिक प्रयोगका लागि वा वाहृय बजारका लागि अन्तराष्ट्रिय नियमअनुसार मान्य हुने गरी बनाएको अर्गानिक उत्पादनको मापदण्ड सम्झनुपर्छ।

(झ) "एकिकृत कृषि फार्म" भन्नाले कृषि र पशुपन्छीपालन एकै ठाउमा गरि मूख्य उत्पादन बाहेक खेर जाने सहायक उत्पादनको सदुपयोग गर्ने गरि व्यवस्थापन गरिएको फार्मलाई जनाउँछ ।

## परिच्छेद-२
## संचालन गरिने कार्यक्रम

५. **संचालन गरिने कार्यक्रमः** अर्गानिक कृषि उत्पादन, प्रशोधन, प्याकेजिंग, बजारीकरण तथा प्रमाणीकरण सम्बन्धि क्रियाकलापहरू अन्तर्गत देहायअनुसारका कार्यक्रमहरू सञ्चानल गर्नुपर्नेछ :-

(१) व्यवसायिक अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रमः

(क) अर्गानिक कृषिका मापदण्डहरूको पालना गरि रासायनिक मल, विषादि र हर्मोनमुक्त एकिकृत मोडेल कृषि फार्म गरेको ।

(ख) जग्गाको क्षेत्रफल न्युनतम ५ रोपनी

(ग) पशुपंक्षीको हकमा कम्तिमा १० वटा गाई/भैसी वा ५० वटा भेडा/बाख्रा वा ५०० वटा लोकल कुखुरा पालेको ।

(२) अर्गानिक कृषि प्रविधि तथा उत्पादन सामग्री सहयोग कार्यक्रमः भकारो सुधार, भर्मिकम्पोष्ट, हरियो मल, जैविक मल तथा विषादि, वानस्पतिक विषादि तथा झोलमल, आई.पि.एम प्रविधि, सुक्ष्म भिरालो जग्गामा खेति प्रविधि जस्ता अर्गानिक कृषि प्रविधिको प्रसार ।

(३) अर्गानिक कृषि उपजको प्रशोधन, प्याकेजिंग, ब्रान्डसहित बजारीकरण लागि आवश्यक भौतिक पूर्वाधार, मेसिन औजार र क्षमता विकास तालिम ।

(४) राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रमाणीकरण निकायबाट अर्गानिक कृषि उपजको प्रमाणीकरण र निर्यातको लागि अनुदान सहयोग ।

(५) संस्थागत विकास, जनचेतना तथा प्रचार प्रचार कार्यक्रमः

(क) विश्व खाद्य दिवस, प्रांगारिक कृषि दिवस लगायत अन्य अर्गानिक कृषि सम्बन्धी दिवसहरूः

(अ) अर्गानिक कृषि सम्बन्धि जनचेतना अभिवृद्धि गर्न र अर्गानिक कृषि प्रवर्द्धन गर्न हौसला प्रदान गर्न विभिन्न दिवसहरूको अवसर पारेर उत्कृष्ट कृषक, व्यापारी, कृषि उद्यमी तथा कृषक समूह/सहकारीलाई सम्मानित गर्दै स्थानीय तह, जिल्ला तथा प्रदेशस्तरमा जनचेतनामूलक कार्यक्रम आयोजना गरि पुरस्कार प्रदान गर्ने ।

(आ) कृषक, कृषक समूह, सहकारी तथा कृषिसंग सरोकारवालाहरूको सहभागितामा जनचेतनामूलक व्यानर, नारा, प्लेकार्ड सहित प्रभातफेरी कार्यक्रमको आयोजना गर्ने ।

(ई) अर्गानिक विषयवस्तुमा विद्यार्थीहरूबीच निबन्ध, गीत, कविता, वतृत्वकला, चित्रकला प्रतियोगिता संचालन गरि उत्कृष्ट विद्यार्थीलाई सम्मानित गर्दै पुरस्कार प्रदान गर्ने । उक्त प्रतियोगिताको लागि पुरस्कार रकम देहाय बमोजिम हुनेछः

प्रथम रु. ४,०००।, द्धितिय रु.३,०००।, तृतीय रु.२,०००।सान्त्वना रु.१,००० का दरले पुरस्कार प्रदान गर्ने ।प्रतियोगिता छनौट समितिका चार सदस्यलाई रु. १,०००। का दरले ४,०००। र प्रतियोगिता आयोजना व्यवस्थापन खर्च रु ५,००० ।

(ख) अर्गानिक कृषि मेला/महोत्सव प्रदर्शनीः अर्गानिक कृषि मेला प्रदर्शनी देहाय अनुसार गर्नुपर्नेछ :-

अ. स्थानीय चाड पर्व, मेला, महोत्सव आदिको अवसर पारेर कृषि मेला प्रदर्शनी आयोजना गर्न सकिन्छ।

आ. प्रदर्शनी गर्ने मिति र स्थान निश्चित गरेपछि व्यापक प्रचार प्रसार गर्नुपर्छ, जसबाट बहुसंख्यक कृषकहरूको सहभागीता होस।

इ. यस्तै गरि सहभागी हुने कृषक,समूह सहकारी तथा निकायहरूलाई अग्रिम जानकारी गराई सहमति लिनुपर्छ ।

ई. सम्बन्धित कार्यालयले प्रदर्शनी आयोजक समिति गठन गरि विभिन्न कामको जिम्मा लगाउन सक्नेछ।

उ. कृषकका उत्पादन र प्रविधिहरूलाई देखाउने प्रदर्शन कक्षको व्यवस्था गनुपर्छ ।

ऊ. प्रदर्शित उत्पादनहरू विच प्रतिष्पर्धा गराई मुल्यांकन टोलीले उत्कृष्टलाई पुरस्कृत गर्नेछ ।

ऋ. अर्गानिक कृषि मेला प्रदर्शनी कार्यक्रम संचालन गर्न सम्बन्धित सरोकारवाला निकायहरूसंग समन्वय र सहकार्य गर्न सकिनेछ ।

**आर्थिक पक्षः** अर्गानिक कृषि उपज सम्बन्धि अधिकतम ६ वटा आईटममा प्रति आईटम रु ५०००।– (प्रथम रु.२०००।–, द्धितिय रु.१५००।–, तृतीय रु.१०००।– र सान्त्वना रु.५००) का दरले पुरस्कृत गर्न
सकिनेछ ।

**खर्च नर्म्सः**

| | |
|---|---|
| **पुरस्कारः** | ३०,०००।– |
| **स्टल निर्माण तथा व्यवस्थापनः** | १०,०००।– |
| **व्यानर तथा प्रचार प्रचारः** | ५,०००।– |
| **चियापान तथा व्यवस्थापनः** | ५,०००।– |
| **कुल जम्माः** | ५०,०००।– |

(६) जैविक विविधता र रैथाने बाली संरक्षणः स्थानीय सम्भाव्यता र पकेट क्षेत्र अनुसार चिनो, कागुनो लगायत स्थानीय रैथाने जातका बालीहरूको उत्पादन तथा प्रवर्द्धन गर्ने ।

## परिच्छेद-३
## कार्यक्रम संचालन प्रक्रिया

६. **अनुदान प्रवाह गर्ने निकाय** :अनुदान प्रवाह गर्ने निकाय मन्त्रालय अन्तर्गतका कार्यालयहरू रहनेछन्।

७. **सूचना प्रकाशन तथा प्रस्ताव आव्हान**: (१) कार्यालयले स्थानीय तहसँग प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ अनुसारको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ । सम्बन्धित स्थानीय तहको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत सो सम्बन्धी सूचना प्रचारप्रसार गर्न सकिनेछ ।

(२) प्रस्ताव पेश गर्न इच्छुक स्थानीय तहले अनुसूची-२ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) स्थानीय तहले प्रस्ताव साथ निम्न वमोजिम कागजातहरू संलग्न गर्नुपर्नेछ :

(क) स्थानीय तहबाट अर्गानिक कृषि प्रोत्साहन अनुदान माग प्रस्ताव पेश गर्ने भन्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि ।

(ख) अर्गानिक कृषि नीति सम्बन्धी नगर/गाउँ सभाबाट पारित निर्णयको प्रतिलिपि

(ग) अर्गानिक कृषि कार्यक्रमको लागि स्थानीय तहले बिनियोजन गरेको बजेटको विवरण खुल्ने प्रमाण को प्रतिलिपि ।

(घ) मन्त्रालय/कार्यालयले तोकेको अन्य कागजातहरू ।

८. **<u>प्रस्तावको मूल्याङ्कन तथा छनौटः</u>** प्रस्तावको मूल्याङ्कन गर्न प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति गठन गरिनेछ । समितिले स्वीकृत आधार र मापदण्ड बमोजिम प्राप्त प्रस्तावहरूको मूल्यांकन तथा छनौट गर्नेछ। यस्ता प्रस्ताव छनौटका आधार र मापदण्ड अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

९. **<u>प्रस्ताव मूल्याङ्कनतथा छनौट समिति</u>**ः (१) प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति देहायानुसार हुनेछः-

क. प्रमुख, जिल्ला समन्वय समिति सम्बन्धित जिल्ला - संयोजक

ख. प्रमुख जिल्ला अधिकारी, सम्बन्धित जिल्ला - सदस्य

ग. प्रमुख, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र - सदस्य

घ. प्रमुख, कृषि ज्ञान केन्द्र - सदस्य

ङ. प्रमुखले तोकेको प्राविधिक कर्मचारी,कृषि ज्ञान केन्द्र- सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार बैठकमा सम्बन्धित विषय विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ । समितिले बढीमा तीन वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

(३) कार्यालयले छनौट भएका प्रस्तावहरूको विवरण खुलाई ७ दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्नु पर्नेछ ।

१०. **<u>अनुदान रकमको सम्झौता र भुक्तानी</u>** : कार्यक्रम संचालन गर्दा देहाय अनुसार सम्झौता र भुक्तानी हुनेछ।

**(१) <u>सम्झौताः-</u>** अनुदान प्रवाह गर्ने निकायले प्रस्ताव छनौट भएको सम्बन्धित स्थानीय तहसँग अनुसूची-४ अनुसार सम्झौता गर्नु पर्नेछ ।

(२) **<u>अनुदान रकम भुक्तानी र खर्च विधिः</u>** अनुदान रकमको भुक्तानी स्थानीय तहको बैंक खातामार्फत बढीमा २ किस्तामा गरिनेछ।

(क) सम्झौता भएपछि प्रथम किस्ता वापत अनुदान रकमको ५०% भुक्तानी गरिनेछ ।

(ख) सबै कार्य सम्पन्न भई निवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% अन्तिम किस्ताको रुपमा भुक्तानी गरिनेछ ।

(ग) भुक्तानीका अन्य प्रक्रियाहरू प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।

(घ) सम्झौता अनुसार कार्यसम्पादन गरी भुक्तानीको लागि बिल भर्पाइ, प्रतिबेदन सहित निबेदन पेश गरेको सातदिन भित्र आवश्यकतानुसार कार्यालयले कार्यको अनुगमन, सुपरिवेक्षण गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

११. **अनुदान रकम सीमाः** स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही प्रस्तावको उपयुक्तताको आधारमा सम्बन्धित स्थानीय तहले कृषि व्यवसायसँग आवद्ध सहकारी, कृषक समूह र कृषि उद्यमी/कृषि फार्म/कम्पनीलाई लागत अनुमानको आधारमा बढीमा क्रमशः ७०%, ६०% र ५०% अनुदान रकम प्रदान गर्नुपर्नेछ ।

१२. **प्रगति प्रतिबेदन गर्नुपर्ने** : स्थानीय तहले संचालित कार्यक्रमको अनुगमन तथा प्रगति प्रतिबेदन चौमासिक रुपमा सम्बन्धित कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

१३. **निर्देशन पालना:** यस कार्यविधिका सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशन सम्बन्धित कार्यालय वा स्थानीय तहले पालना गर्नुपर्नेछ ।

१४. **अनुदान प्रवाह नहुने अवस्थाः देहायको अवस्थामा अनुदान रकम प्रवाह हुने छैन**

(१) राजनीतिक दल तथा धार्मिक उदेश्य पुरा हुने प्रकृतिका योजना ।

(२) कुल लागत २० लाख भन्दा कमको योजना ।

(३) तलब, भत्ता मसलन्द लगायत साधारण खर्च र ऋण भुक्तानी ।

(४) व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने योजना तथा कार्यकम ।

(५) दोहोरो अनुदान पर्ने गरी माग गरेका योजना तथा कार्यक्रम ।

(६) वातावरणमा प्रतिकुल प्रभाव पार्ने खालको योजना ।

(७) जुन योजना तथा कार्यक्रमको लागि अनुदान माग गरिएको हो सो भन्दा अन्यत्र क्षेत्रमा खर्च गरेमा ।

## परिच्छेद-४
## अनुगमन मूल्याङ्कन

१५. **अनुगमन मूल्याङ्कन :** कार्यक्रमको मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

## परिच्छेद-५
## विविध

१६. **प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भए तापनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन,नियमावलीमा उल्लेख भएकोमा सोहीबमोजिम हुनेछ ।

१७. **बाधा अड्काउ फुकाउनेः-** (१) कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयमा निहित रहनेछ ।

(२) यो कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

अनुसूची-१

*दफा ५ को उपदफा (१) सँग सम्बन्धित*

**स्थानीय तहका लागि अर्गानिक उत्पादन प्रोत्साहन उपलब्ध गराउने सम्वन्धीको सूचना**

# सूचना । सूचना ।। सूचना ।।।

..............................................को आर्थिक वर्ष............. को वार्षिक स्वीकृत कार्यक्रम अर्गानिक कृषिको उत्पादन. प्रशोधन तथा बजारीकरणको लागि **अर्गानिक कृषि उत्पादनको नीति बनाई कार्यान्वयनमा गएका** स्थानीय तहलाई प्रोत्साहन गर्ने कार्यक्रम रहेको हुँदा ............................ जिल्लाका इच्छुक स्थानीय तहबाट माग आवेदन आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ..............दिन भित्र ..............................कार्यालयमा तपसिल अनुसारका कागजातहरू एवं अनुसूची २,३ अनुसार व्यवसायिक योजना सहित आवेदन आव्हान गरिएको छ । थप जानकारीका लागि ....................................... कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजात

१) स्थानीय तहबाट अर्गानिक कृषि प्रोत्साहन अनुदान माग प्रस्ताब पेश गर्ने भन्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि ।

२) अर्गानिक कृषि नीति सम्बन्धी नगर/गाउँ सभाबाट पारित निर्णयको प्रतिलिपि

३) अर्गानिक कृषि कार्यक्रमको लागि स्थानीय तहले बिनियोजन गरेको बजेटको विवरण खुल्ने प्रमाण को प्रतिलिपि ।

४) मन्त्रालय/कार्यालयले तोकेको अन्य कागजातहरू

अनुसूची -२
दफा ५ को उपदफा (२) सँग सम्बन्धित

## प्रस्तावको ढांचा

### खण्ड १ कार्यक्रम पेश गर्ने निकायको विवरण

| गा.पा./न.पा को नाम | ........................................................ |
|---|---|
| कार्यालयको सम्पर्क ठेगाना | जिल्लाः.................................................<br>स्थान/टोलः<br>गा.पा./न.पा.को ईमेल.....................<br>टेलिफोन नंः...........................................<br>वेबसाइटः |
| प्रमुख/अध्यक्षको नामःः ................ | सम्पर्क नम्बर .................... |
| प्रमुख प्रशासकीय अधिकृतको<br>नामः ....... | सम्पर्क नम्बर .................... |
| कृषि शाखा प्रमुखको<br>नामः ................. | सम्पर्क नम्बर..................... |

**संलग्न कागजातहरूः**

१.
२.
३.
४.

**योजना शाखा प्रमुख**
दस्तखत :-
नामः-
पद :-
मिति :-

**प्रमुख प्रशासकीय अधिकृत**
दस्तखत :-
नाम :-
पद :-
मितिः-

कार्यालयको छाप :-

## खण्ड २ . अर्गानिक कृषि कार्यक्रम/योजनाको विवरणः

| | |
|---|---|
| प्रस्तावित कार्यक्रमको नाम | |
| प्रस्ताव पेश गरेको कृषिमूल्य श्रृङ्खला | |
| कुल लागत रु. | |
| स्थानीय तहले व्यहोर्ने रकम रु. | |
| अनुदान माग गरिएको रकम रु. | |
| कार्यक्रम संचालन स्थल | जिल्लाः<br>....................... न.पा./गा.पा.<br>वार्ड नंः<br>स्थान/गाउँ/टोल :<br>सम्बन्धित वडाध्यक्षको नाम र सम्पर्क न. |
| जम्मा लाभान्वित हुने संख्या | |
| प्रस्तावित कार्यक्रम योजनाको भूमिका र पुष्टयाई | वर्तमान क्रियाकलापहरू, अवस्था, र कार्यक्रम पछी हुने उपलब्धीहरू,<br>मुख्य काम र प्रकृति,<br>कृषि सामग्रीको उपलब्धता,<br>कृषकलाई प्रस्तावित कार्यक्रमबाट हुने फाइदाहरू उल्लेख गर्ने । |
| प्रस्तावित कार्यक्रमको प्रमुख उद्देश्य | •<br>• |
| प्रस्तावित कार्यक्रमका मुख्य क्रियाकलाप | प्रस्तावित क्रियालकपहरूको संक्षिप्त विवरण बढीमा ५०० शब्द भित्र (के, कसरी, कस्ले, कहाँ गर्ने)<br>क्रियाकलाप १<br>क्रियाकलाप २<br>क्रियाकलाप ३<br>क्रियाकलाप ४<br>• ....................<br>• |

| प्रतिफल सूचकहरू | कार्यक्रमको लक्ष्य |
|---|---|
| क्षेत्रफल<br>पशुपंक्षी पालन | .........रोपनी<br>..............संख्या |
| उत्पादन | .........संख्या, .......टन |
| उन्नत प्रविधि, उन्नत जात, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग उल्लेख गर्ने | |
| विक्रि परिमाण बृद्धि | ......टन/वार्षिक |
| आम्दानी बृद्धि | रु. ......./वार्षिक |
| रोजगारी बृद्धि | ......जना स्वरोजगार, .........जना वर्षैभरी रोजगार, ...... जना वा कार्यदिन आंशिक रोजगार |

वितिय योजना (व्यवसायिक कृषि कार्यक्रमको कृयाकलाप, बजेट तथा लागत साझेदारीको बिस्तृत बिवरण)

| सि. न. | कार्य बिवरण | एकाई | परिमाण | दर | जम्मा रकम रु. | लागत साझेदारी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थानीय तहको साझेदारी रु. | माग गरेको अनुदान रु. |
| क. | पूँजिगत खर्च<br>(१. पूर्वाधार बिकास) | | | | | | |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| ... | | | | | | | |
| २. | मेसिनरी औजार उपकरणहरू | संख्या | | | | | |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| | पूँजीगत खर्च जम्मा (क) | | | | | | |
| ख् | चालु खर्च | | | | | | |
| १. | उत्पादन सामग्रीहरू | | | | | | |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| २. | पारदर्शिता तथा सुशासन | | | | | | |
| २.१ | सार्वजनिक सूचना<br>पाटी/होर्डिंग बोर्ड | | | | | | |
| २.२ | कार्यक्रमको अन्तिम<br>प्रतिबेदन तयारी | | | | | | |
| ३. | प्राविधिक सेवा परामर्श खर्च | | | | | | |
| | चालु खर्च जम्मा (ख) | | | | | | |
| | कार्यक्रमको कुल खर्च (क+ख) | | | | | | |

नोटः *भौतिक पूर्वाधारहरू निर्माणको लागि डिजाइन, लेआउट तथा लागत ईस्टिमेट मन्त्रालय वा अन्तर्गतका निकाय वा स्थानीय तह वा अन्य आधिकारिक निकायको आधिकारिक व्यक्तिले तयार गरेको हुनुपर्ने छ ।*

## कार्यतालिका

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| २. | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसूची–३

**दफा ६ सँग सम्बन्धित**

**प्रस्ताव मुल्याङ्कनका आधारहरू**

| क्र.सं. | मुल्याङ्कनका आधारहरू | अधिकतम अङ्क | कैफियत |
|---|---|---|---|
| १ | प्राविधिक जनशक्तिको उपलब्धता | १० | |
| २ | व्यवसायिक योजना | २० | |
| ३ | प्राविधिक पक्षहरू (सिचांई, हावापानी, प्रस्तावित व्यवसायको उपयुक्तता) | १५ | |
| ४ | वित्तिय पक्षहरू (लागत सहभागिता, वित्तिय संस्थाको पहुच) | १० | |
| ५ | उपज बजार संवन्धि पक्षहरू (सडक, विधुत, बजार माग) | ५ | |
| ६ | लक्षित वर्ग (लैंगिक तथा सामाजिक समावेशिकरण) | ५ | |
| ७ | खेति प्रणाली व्यवस्थापकिय पक्षहरू (एकिकृत कृषि, अर्गानिक खेति प्रणालीको अवलम्वनको अवस्था) | १० | |
| ८ | स्थानीय स्रोत साधनको प्रयोग तथा रोजगारी सृजना | ५ | |
| ९ | नयाँ तथा स्थानीय सृजनशिल प्रविधि प्रयोग | ५ | |
| १० | रसायनिक मल तथा विषादिको प्रयोगको अवस्था | ५ | |
| ११ | रैथाने बाली, पशुपक्षीं | ५ | |
| १२ | दीगोपना ( प्राविधिक, आर्थिक, वातावरणिय तथा सामाजिक दीगोपना) | ५ | |
| | जम्मा | १०० | |

अनुसूची–४

## दफा ८ उपदफा (१) सँग सम्बन्धित

## सम्झौता पत्रको नमूना

यो सम्झौता पत्रमा पहिलो पक्ष मानिने ........................ र दोस्रो पक्ष मानिने श्री ........................ गा.पा /नपा विच तपसिलको शर्त वमोजिमको कुराहरूलाई पालना गर्ने गरि कार्यन्वयन प्रयोजनको लागि प्रयोग गरिने छ ।

१. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न प्रस्ताव वमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति २०७... साल.......महिना....गतेसम्म संम्पन्न गरेर आवश्यक कागजात पहिलो पक्ष समक्ष बुझाउनु पर्ने छ ।

२. ......................ले उपभोक्तालाई इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न योजनाको प्रकृति अनुसार वढीमा दुई किस्ता वा एकमुष्ट रकम काम सम्पन्न प्रतिवेदन तथा आवश्यक काजकाज पहिलो पक्ष समक्ष पेश गरे पश्चात एकमुष्ट दोस्रो पक्षको खातामा सम्झौता वमोजिमको रकम जम्मा गर्राईने छ ।

३. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष ................... मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी ) र दोस्रो पक्षको लागत सहभागिता रु. (अक्षरेपी ) व्यहोरिनु पर्ने छ ।

४. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकवाट कामको मूल्यांकनको आधारमा रकम भुक्तानी गरिनेछ ।

५. सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सुचना पाटी राख्नु पर्ने छ ।

६. उपभोक्ताले निर्माण कार्यको सार्वजनिक जानकारी Public Auditing गराउनु पर्नेछ ।

७. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा सुपरभिजन गरी फाइनल विल तयार गर्ने प्राविधिकवाट कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ताहरूको वैठकवाट निर्णय गर्राई ........................... मा प्राप्त भएको सात दिन भित्र सम्बन्धित समूहको नाउमा बैंक चेक मार्फत भुक्तानी दिइनेछ ।

८. खरिद कार्य अथवा यस सम्बन्धी कुनै विवाद आएमा ................ को निर्णयनै अन्तिम मानिनेछ ।

९. यो सम्झौतामा उल्लेख भएका कुराहरूमा यस वमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१०. कार्यको लागत वमोजिमको खर्च रकमको विवरण सहितको र्सार्वजनिक स्थानमा राखिएको होडिङ वोर्ड र सम्पन्न कार्य झल्काउने फोटाहरू पेश गर्नु पर्ने छ ।

पहिलो पक्ष :- ..................को तर्फबाट
दस्तखत :-
नाम :-
मिति :-
समूहको छाप :-

स्थानीय तहको तर्फबाट
दस्तखत :- नाम :-
पद :- पद :-
मिति :- कार्यालयको छाप :-

रोवर

दस्तखत :-
नाम :-
ठेगाना :-
मिति :-

दस्तखत :-
नाम :-
ठेगाना :-
मिति :-



अर्गानिक गाउँ, जुम्ला



अर्गानिक माउण्टेन फ्लेभर प्रा.लि. कालिदमार, सुर्खेत